# प्रस्तावित भन्सार ऐन, २०७५

प्रस्तावनाः भन्सारका कार्यविधिहरुलाई सरल, पारदर्शी एवं पूर्वानुमानयोग्य बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सहज एवं सुरक्षित बनाउन र महसुल सङ्कलनमा दक्षता एवं प्रभावकारिताको अभिवृद्धि गर्न भन्सार सम्बन्धी प्रचलित कानूनलाई समयानुकूल संशोधन एवं एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "भन्सार ऐन, २०७५" रहेको छ।

(२) यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछन्।

(३) यो ऐन नेपाल राज्यभर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

यस ऐनमा,—

(१) "उपमहानिर्देशक " भन्नाले विभागको उपमहानिर्देशक सम्झनु पर्छ

(२) "कम्प्युटर प्रणाली" भन्नाले विभागले मालवस्तु जाँचपास तथा भन्सारसम्बन्धी अन्य कार्य विद्युतीय माध्यमबाट सम्पादन गर्नको लागि प्रयोगमा ल्याएको स्वचालित प्रणाली सम्झनु पर्दछ।

(३) "करमुक्त पसल" भन्नाले महसुल लाग्ने मालवस्तु बैङ्क जमानत सुविधामा पैठारी गरी महसुल छुटमा बिक्री गर्ने दफा ९९ बमोजिम महानिर्देशकबाट इजाजतपत्रप्राप्त पसल वा स्थान सम्झनु पर्छ।

(४) "कूटनीतिक सुविधा" भन्नाले कुनै मालवस्तु जाँच नगरी, महसुल नलिई लगत मात्र राखी निकासी वा पैठारी गर्न दिइने सुविधा वा सहुलियत सम्झनु पर्छ।

(५) "घोषणा" भन्नाले घोषणाकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तुको विवरण प्रज्ञापनपत्रमा उल्लेख गरी वा विद्युतीय माध्यमबाट वा तोकिए बमोजिम भन्सार अधिकृत समक्ष पेश गर्ने वा सम्प्रेषण गर्ने कार्य सम्झनु पर्छ।

(६) "घोषणाकर्ता" भन्नाले निकासी वा पैठारी गर्ने मालवस्तु स्वयं घोषणा गर्ने व्यक्ति वा जसको नाममा त्यस्तो घोषणा गरिन्छ सो व्यक्ति सम्झनु पर्छ।

(७) "चोरी निकासी" भन्नाले भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी लुकाई छिपाई वा बाटो छली वा भन्सार महसुल नलाग्ने मालवस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपालबाहिर लैजाने कार्य सम्झनु पर्छ।

(८) "चोरी पैठारी" भन्नाले भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी, लुकाई छिपाई वा बाटो छली वा भन्सार महसुल नलाग्ने मालवस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपालभित्र ल्याउने कार्य सम्झनु पर्छ।

(९) "जाँच" भन्नाले निकासी वा पैठारी गरिने मालवस्तु घोषणा गरिए बमोजिम छ छैन भनी यकिन गर्न भन्सार अधिकृतले त्यस्तो मालवस्तु वा सो मालवस्तु सम्बन्धी कागजात वा दुवैको परीक्षण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले विदेशी मुलुकबाट नेपालभित्र प्रवेश गर्ने वा नेपालबाट विदेशी मुलुकमा प्रस्थान गर्ने वाहनको जाँच एवं यात्रु वा अन्य व्यक्तिको दफा ८० बमोजिम शरीरको तलासी गर्ने कार्य समेतलाई जनाउँछ।

(१०) "जाँचपास" भन्नाले भन्सार अधिकृतले यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम भन्सार कार्यालयबाट कुनै मालवस्तु निकासी वा पैठारी गर्न वा उठाई लैजान दिएको अनुमति सम्झनु पर्छ।

(११) "जाँचपासपछिको परीक्षण" भन्नाले परिच्छेद १८ बमोजिम परीक्षण सम्झनु पर्छ।

(१२) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(१३) "निकासी" भन्नाले नेपालबाट विदेशी मुलुकमा मालवस्तु पठाउने काम सम्झनु पर्छ।

(१४) "निकासीकर्ता" भन्नाले मालवस्तु निकासी गर्ने व्यक्ति वा जसको नामबाट मालवस्तु निकासी गरिन्छ, सो व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले निकासीको लागि घोषणा गर्ने समयमा वा सोभन्दा पछि तर निकासी हुनु अघिको कुनै समयमा मालवस्तुको धनी वा धनी हुने व्यक्ति वा स्वामित्व ग्रहण गर्ने वा मालवस्तु जिम्मामा लिने अधिकार भएको व्यक्ति वा मालवस्तुको हिताधिकारी समेतलाई जनाउँदछ।

(१५) "प्रज्ञापनपत्र" भन्नाले घोषणाकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तुको विवरण घोषणा गर्ने फाराम सम्झनु पर्छ।

(१६) "पैठारी" भन्नाले विदशी मुलुकबाट नेपालभित्र मालवस्तु ल्याउने काम सम्झनु पर्छ।

(१७) "पैठारीकर्ता" भन्नाले मालवस्तु पैठारी गर्ने व्यक्ति वा जसको नाममा मालवस्तु पैठारी गरिन्छ, सो व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले पैठारीको लागि घोषणा गर्ने समयमा वा सोभन्दा पछि तर पैठारी हुनु अघिको कुनै समयमा मालवस्तु प्राप्त गर्ने व्यक्ति वा मालवस्तुको धनी हुने व्यक्ति वा स्वामित्व ग्रहण गर्ने वा मालवस्तु जिम्मामा लिने अधिकार भएको व्यक्ति वा मालवस्तुको हिताधिकारी समेतलाई जनाउँदछ।

(१८) "बण्डेड वेयरहाउस" भन्नाले दफा ९८ बमोजिम महानिर्देशकबाट इजाजतपत्रप्राप्त बण्डेड वेयरहाउस वा स्थान सम्झनु पर्छ।

(१९) "बिपद्" भन्नाले भूकम्प, आगलागी, आँधीवेरी, बाढी पहिरो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी तथा यस्तै अन्य बिपद्लाई सम्झनु पर्दछ र सो शब्दले औद्यौगिक दुर्घटना, विष्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य कुनै प्रकारको बिपद् समेतलाई जनाउँछ।

(२०) "बैङ्क" भन्नाले प्रचलित कानून बमोजिम बैङ्किङ्ग कारोबार गर्न इजाजत प्राप्त वाणिज्य बैङ्क वा वित्तीय संस्था सम्झनु पर्छ।

(२१) "बैङ्क जमानत" भन्नाले घोषणाकर्ताले मालवस्तु निकासी वा पैठारी गर्दा बुझाउनु पर्ने महसुल निजले नबुझाएमा आफूले तिरिदिने गरी बैङ्कले भन्सार कार्यालयलाई दिने जमानत सम्झनु पर्छ।

(२२) "बैङ्क जमानत सुविधा" भन्नाले लाग्ने महसुल बापतको बैङ्क जमानत लिई मालवस्तु निकासी वा पैठारी गर्न पाउने गरी प्रदान गरिएको सुविधा सम्झनु पर्छ।\

(२३) "भन्सार अधिकृत" भन्नाले देहायका पदाधिकारीलाई सम्झनु पर्छ:

(क) महानिर्देशक,

(ख) महानिर्देशकले तोकेको विभागको उपमहानिर्देशक,निर्देशक तथा शाखा अधिकृत,

(ग) दफा १०, दफा ११, दफा १२ र दफा १३ मा उल्लेख गरिएका र सोही दफाहरु बमोजिम कार्य सम्पादन गर्ने गरी अधिकारप्राप्त पदाधिकारी,

(घ) दफा १६५ बमोजिम अर्थ मन्त्रालयले तोकेको अधिकारी।

(२४) "भन्सार एजेन्ट" भन्नाले दफा १३४ बमोजिम इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ

(२५) “भन्सार कार्यालय” भन्नाले नेपाल सरकारले दफा ६ बमोजिम स्थापना गरेको भन्सार कार्यालय सम्झनुपर्छ र सो शब्दले त्यस्तो भन्सार कार्यालय परिसर र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको अन्य क्षेत्र समेतलाई जनाउँछ।

(२६) “भन्सार जाँचपास परीक्षण कार्यालय” भन्नाले परिच्छेद १८ बमोजिम जाँचपास पछिको परीक्षण कार्य गर्नका लागि दफा १५ बमोजिम स्थापना गरिएको कार्यालयलाई जनाउँछ।

(२७) "भन्सार परीक्षक" भन्नाले प्रमुख भन्सार परीक्षण प्रशासक, प्रमुख भन्सार परीक्षक वा भन्सार परीक्षक सम्झनु पर्छ र सो शब्दले परिच्छेद १८ बमोजिम जाँचपास पछिको परीक्षणको कार्य गर्नका लागि महानिर्देशकले तोकेको अधिकारी समेतलाई जनाउँछ।

(२८) “भन्सार महसुल” भन्नाले निकासी वा पैठारी गरिने मालवस्तुमा कानून बमोजिम लाग्ने भन्सार महसुल सम्झनु पर्छ।

(२९) “भन्सार मूल्य” भन्नाले भन्सार महसुल निर्धारण गर्ने प्रयोजनको लागि निकासी वा पैठारी गरिने मालवस्तुको परिच्छेद ४ बमोजिम निर्धारण गरिएको मूल्य सम्झनु पर्छ।

(३०) "भन्सार वेयरहाउस" भन्नाले दफा ९३ बमोजिम स्थापना र सञ्चालन भएको भन्सार वेयरहाउस सम्झनु पर्दछ।

(३१) "भन्सार क्षेत्र" भन्नाले दफा ७ बमोजिम नेपाल सरकार वा महानिर्देशकले तोकिदिएको भन्सार क्षेत्र सम्झनु पर्दछ।

(३२) “महसुल” भन्नाले निकासी वा पैठारी गरिने मालवस्तुमा कानून बमोजिम लाग्ने सबै कर, शुल्क र दस्तुर सम्झनु पर्छ र सो शब्दले भन्सार महसुल समेतलाई जनाउँछ।

(३३) “महसुल सुविधा” भन्नाले कुनै मालवस्तु महसुल नलिई, जाँच गरी वा नगरी लगतमात्र राखी निकासी वा पैठारी गर्न दिइने सुविधा सम्झनुपर्छ।

(३४) “महानिर्देशक” भन्नाले भन्सार विभागका महानिर्देशक सम्झनु पर्छ।

(३५) “मालवस्तु” भन्नाले मुद्रा लगायत जुनसुकै प्रकारको चल वस्तु वा सम्पत्ति सम्झनु पर्छ।

(३६) "राहत सामग्री" भन्नाले विपद्को अवस्थामा पीडितको उद्धार तथा राहतका लागि मानवीय सहायतास्वरुप पैठारी हुने नेपाल सरकारले तोके बमोजिमका मालवस्तु सम्झनु पर्दछ।

(३७) "वस्तु वर्गीकरण" भन्नाले प्रचलित आर्थिक ऐनको भन्सार सम्बन्धी अनुसूचीमा उल्लेख भएका मालवस्तुका शीर्षक वा उपशीर्षक बमोजिमका सांकेतिक अङ्कहरु समेत प्रयोग गरी निकासी वा पैठारी हुने मालवस्तुको दफा ५९ वा दफा ६० बमोजिम गरिने वर्गीकरण सम्झनु पर्दछ।

(३८) “व्यक्ति” भन्नाले प्राकृतिक व्यक्ति सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम दर्ता भएका कुनै कम्पनी, सङ्गठित संस्था र फर्म समेतलाई जनाउँछ

(३९) "वाहन" भन्नाले हवाई जहाज, हेलिकोप्टर, रेलगाडी लगायत मानिस तथा मालवस्तु परिवहनको लागि प्रयोग हुने सम्पूर्ण साधनलाई समावेश गरेको मानिनेछ।

(४०) “विभाग” भन्नाले भन्सार विभाग सम्झनु पर्छ।

(४१) “विलम्ब शुल्क” भन्नाले भन्सार कार्यालयले सञ्चालन गरेका भन्सार वेयरहाउसमा राखेको मालवस्तु तोकिएको म्यादभित्र नउठाएमा घोषणाकर्ताले नेपाल सरकारलाई तिर्नु पर्ने विलम्व शुल्क (डेमरेज) सम्झनु पर्छ।

(४२) “सवारी साधन” भन्नाले यात्रा गर्न वा मालवस्तु ओसारपसार गर्न प्रयोग हुने वा भएका जुनसुकै साधन सम्झनु पर्छ।

## परिच्छेद- २

## संगठन एवं कर्मचारी सम्बन्धी व्यवस्था

३. विभागः (१) यो ऐनको कार्यान्वयन एवं प्रशासन गर्नको लागि नेपाल सरकारले अर्थ मन्त्रालय अन्तरगत विभाग स्थापना गर्नेछ।

(२) विभागमा देहाय बमोजिमका कर्मचारीहरु रहनेछन्:

(क) महानिर्देशक,

(ख) आवश्यक संख्यामा उपमहानिर्देशक, निर्देशक, शाखा अधिकृत तथा अन्य अधिकृत,

(ग) अन्य कर्मचारीहरु।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापना भएको विभाग यसै ऐन बमोजिम स्थापना भएको मानिने छ।

४. महानिर्देशकको अधिकार एवं कर्तव्य (१) नेपाल सरकारले दिएको निर्देशनको अधीनमा रही महानिर्देशकको अधिकार देहाय वमोजिम हुनेछः

(क) यस ऐन वमोजिम विभागलाई प्राप्त कुनै अधिकारको प्रयोग गर्ने।

(ख) पूर्वादेश जारी गर्ने।

(ग) वस्तु वर्गीकरण सम्बन्धमा अन्तिम निर्णय दिने।

(घ) भन्सार अधिकृतले निर्धारण गरेको भन्सार मूल्य शंकास्पद लागेमा पुनः मूल्य निर्धारण गर्न आदेश दिने।

(ङ) यस ऐन अन्तर्गतका कसूरको अनुसन्धान गर्न आवश्यक देखेमा आफू मातहतको कुनै अधिकृत कर्मचारीलाई कार्य विवरण दिई अनुसन्धान अधिकृत तोक्ने।

(च) आफूलाई प्राप्त अधिकार मध्ये मालवस्तुको वर्गीकरण वाहेक अन्य अधिकार आफू मातहतका अधिकृतस्तरका कर्मचारीलाई प्रत्यायोजन गर्ने।

(छ) यस ऐनको प्रतिकूल नहुने गरी भन्सारको कार्यसम्पादनसँग सम्बन्धित विषयमा उपयुक्त आदेश जारी गर्ने।

(२) भन्सार मूल्य निर्धारण वा मालवस्तु जाँचपास वा भन्सार प्रक्रिया सम्बन्धी अन्य कुनै कुरामा भन्सार अधिकृतलाई द्विविधा भएमा वा यस प्रकारका कार्य सम्पादनमा कुनै बाधा अड्काउ परेमा महानिर्देशकले त्यस्तो द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन भन्सार अधिकृतलाई यस ऐनको प्रतिकूल नहुने गरी उपयुक्त आदेश दिन सक्नेछ।

(३) नेपाल सरकारले व्यापार सहजीकरण, भन्सार सम्बन्धी पारस्परिक सहयोग एवं सूचना आदानप्रदान गर्नका लागि विदेशी मुलुकसँग सम्झौता गर्दा महानिर्देशकले सक्षम अधिकारीको रुपमा कार्य गर्नेछ।

(४) सन्धि सम्बन्धी प्रचलित नेपाल कानूनको अधीनमा रही महानिर्देशकले उपदफा (२) बमोजिमको सम्झौताका सम्बन्धमा अर्को मुलुकको सक्षम अधिकारीसँग वार्ता गर्न वा सम्झौताको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न सक्नेछ।

(५) समग्र भन्सार प्रशासनको रेखदेख, अनुगमन एवं नियन्त्रण गर्नु महानिर्देशकको कर्तव्य हुनेछ।

(६) महानिर्देशकले आफ्नो मातहतका कार्यालयको कार्य सम्पादन सम्बन्धमा वर्षको कम्तीमा एकपटक निरीक्षण गरी अर्थ मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

५. उपमहानिर्देशक एवं निर्देशकको अधिकार: (१) महानिर्देशकले दिएको निर्देशनको अधीनमा रही उपमहानिर्देशकले देहाय बमोजिम गर्न सक्नेछ:-

(क) ऐनको दफा १४०को उपदफा (२) बमोजिम प्रशासकीय पुनरावलोकन गर्ने।

(ख) महानिर्देशकले प्रत्यायोजन गरेबमोजिमको अन्य कार्य गर्ने।

(२) महानिर्देशकले दिएको निर्देशनको अधीनमा रही निर्देशकले महानिर्देशकबाट प्रत्यायोजित अधिकार बमोजिमको कार्य गर्न सक्नेछ।

६. **भन्सार कार्यालयको स्थापना:** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भन्सार विभाग अन्तरगत कुनै भन्सार क्षेत्रमा आवश्यकता अनुसार भन्सार कार्यालय वा छोटी भन्सार कार्यालय स्थापना गर्न सक्नेछ।

(२) बिपद्को कारणले गर्दा कुनै भन्सार कार्यालयबाट कार्यसम्पादन गर्न नसकिने अवस्था भएमा महानिर्देशकले कुनै भन्सार क्षेत्रमा भन्सार कार्यालय स्थापना गर्न सक्नेछ। त्यसरी स्थापना भएको भन्सार कार्यालयको प्रयोजन समाप्त भएपछि त्यस्तो भन्सार कार्यालय महानिर्देशकले खारेज गर्नेछ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापना भएका भन्सार कार्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछन्।

७. **भन्सार क्षेत्र तथा बाटो तोक्न सक्ने:** (१) भन्सार सम्बन्धी कानूनको प्रशासन गर्न तथा यस ऐन बमोजिम महसुल सङ्कलन गर्ने प्रयोजनको लागि अर्थ मन्त्रालयलेले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहाय बमोजिम गर्न सक्नेछ:

(क) नेपालको कुनै विमानस्थल, सुक्खा वन्दरगाह, एकीकृत जाँचचौकी, आन्तरिक जाँचपास डिपो वा अन्य कुनै क्षेत्रलाई भन्सार क्षेत्र तोक्ने।

(ख) खण्ड (क) बमोजिमको क्षेत्रमा पैठारी गर्ने मालवस्तु ओराल्ने, निकासी गर्ने मालवस्तु राख्ने स्थान तोक्ने।

(ग) निकासी वा पैठारी गर्ने मालवस्तु भण्डारणको लागि भन्सार वेयरहाउसहरु रहने स्थान वा निजी वेयरहाउसहरुलाई ईजाजतपत्र दिन सकिने स्थान तोक्ने।

(घ) खण्ड (क) बमोजिमको क्षेत्रमा यात्रुहरु विदेश प्रस्थान गर्ने तथा विदेशबाट आउने स्थान तोक्ने।

(२) राहत सामग्री जाँचपास गर्ने प्रयोजनको लागि वा बिपद्को अवस्थामा उपदफा (१) बमोजिमको प्रयोजनको लागि महानिर्देशकले नेपालको कुनै क्षेत्रलाई भन्सार क्षेत्रको रुपमा तोक्न सक्नेछ। त्यसरी तोकिएको भन्सार क्षेत्रको प्रयोजन समाप्त भएपछि महानिर्देशकले त्यस्तो भन्सार क्षेत्र खारेज गर्नेछ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको भन्सार क्षेत्रबाट नेपालभित्र पैठारी हुने वा नेपालबाट निकासी हुने बाटो नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोक्न सक्नेछ।

तर उपदफा (२) बमोजिमको भन्सार क्षेत्रबाट नेपालभित्र पैठारी हुने वा नेपालबाट निकासी हुने बाटो महानिर्देशकले तोक्न सक्नेछ।

(४) नेपालभित्र पैठारी हुने वा नेपालबाट निकासी हुने मालवस्तु उपदफा (३) बमोजिमको बाटोबाट मात्र निकासी वा पैठारी गर्नु पर्नेछ।

(५) उपदफा (४) को अधीनमा रही कुनै खास प्रकृतिका मालवस्तुहरुलाई कुनै खास भन्सार क्षेत्र वा भन्सार कार्यालयबाट मात्र निकासी वा पैठारी गर्नु पर्ने गरी महानिर्देशकले तोकिदिन सक्नेछ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लखिएको भए तापनि छोटी भन्सार कार्यालयबाट तोकिए बमोजिमका मालवस्तु वा तोकिए बमोजिमका मूल्यसम्मका मालवस्तुमात्र निकासी वा पैठारी गर्न सक्ने गरी महानिर्देशकले तोक्न सक्नेछ।

८. <u>भन्सार कार्यालयमा रहने कर्मचारीहरुः</u> भन्सार कार्यालयमा देहाय बमोजिमका कर्मचारीहरु रहन सक्नेछनः

(क) प्रमुख भन्सार प्रशासक,

(ख) प्रमुख भन्सार अधिकृत,

(ग) भन्सार अधिकृत तथा अन्य अधिकृतहरु,

(घ) अन्य कर्मचारीहरु

९. <u>कार्यालय समयः</u> (१) भन्सार कार्यालयको प्रमुखले महानिर्देशकको पूर्व स्वीकृति लिई भन्सार कार्यालय खोल्ने र वन्द गर्ने समय तोकी सर्वसाधारणको जानकारीका लागि सूचना प्रकाशित गर्नुपर्नेछ।

(२) सेवाग्राहीको सुविधा वा कार्यालयको कार्यबोझका आधारमा कार्यालयको नियमित समयभन्दा अघि वा पछि वा सार्वजनिक विदाका दिनमा वा कार्यालय बन्द रहेको समयमासमेत कामकाज गर्ने गरी भन्सार कार्यालयको प्रमुखले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(३) सेवाग्राहीलाई सुविधा प्रदान गर्न वा निकासी वा पैठारी सम्बन्धी कार्यमा सरलता ल्याउन स्थानीय रुपमा आवश्यक देखिएमा भन्सार कार्यालयको प्रमुखले महानिर्देशकको पूर्व स्वीकृति लिई सार्वजनिक विदा नभएको दिनमा कार्यालय बन्द गर्ने वा सार्वजनिक विदाका दिनमा कार्यालय खोल्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम कार्यालय बन्द वा खोल्ने व्यवस्था गरिएकोमा भन्सार कार्यालयको प्रमुखले सोको सूचना राष्ट्रियस्तरको दैनिक पत्र पत्रिकामा प्रकाशन गरी भन्सार कार्यालयमा समेत टाँस गर्नुपर्नेछ।

(५) रेल सेवा उपलब्ध सुख्खा बन्दरगाह रहेका भन्सार कार्यालयमा टर्मिनल व्यवस्थापन कम्पनीबाट अनुरोध भै आएमा रेल रोकिरहने अवस्थाबाट लाग्ने विलम्ब शुल्क बाट ब्यापारमा अतिरिक्त भार नपार्ने गरी कार्यालय समय अगाडि पछाडि समेत काम गर्ने र रेल छुटाउने प्रबन्ध मिलाउनु पर्नेछ।

१०. <u>**प्रमुख भन्सार प्रशासकको अधिकारः**</u> महानिर्देशकले दिएको निर्देशनको अधीनमा रही प्रमुख भन्सार प्रशासकको अधिकार देहायबमोजिम हुनेछ।

(क) यस ऐनमा भन्सार अधिकृतले गर्ने भनी लेखिएका सम्पूर्ण कार्यहरु गर्ने

(ख) आफ्नो अधिकार क्षेत्रभित्रको मुद्दामा शुरु कारवाई र किनारा गर्ने।

(ग) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम कार्यालय प्रमुखले गर्ने भनी उल्लेख भएका कार्यहरु गर्ने।

(घ) आफूलाई यस ऐन बमोजिम प्राप्त अधिकार मध्ये मुद्दाको निर्णय गर्ने वा भन्सार सम्बन्धी कसूरमा दण्ड सजाय गर्ने बाहेकका अधिकार मातहतका अधिकृतहरुलाई प्रत्यायोजन गर्ने।

११. <u>**प्रमुख भन्सार अधिकृतको अधिकारः**</u> महानिर्देशकले दिएको निर्देशनको अधीनमा रही प्रमुख भन्सार अधिकृतको अधिकार देहायबमोजिम हुनेछ:-

(क) आफू कार्यालयको प्रमुख भएकोमा दफा १० वमोजिमको अधिकार प्रयोग गर्ने।

(ख) आफू कार्यालयको प्रमुख नभएकोमा कार्यालय प्रमुखबाटबाट भएको निर्देशन तथा प्रत्यायोजित अधिकार बमोजिमको कार्य गर्ने ।

१२. **भन्सार अधिकृतको अधिकारः** महानिर्देशकले दिएको निर्देशनको अधीनमा रही भन्सार अधिकृतको अधिकार देहायबमोजिम हुनेछः-

(क) आफू कार्यालयको प्रमुख भएकोमा दफा १० वमोजिमको अधिकार प्रयोग गर्ने।

(ख) आफू कार्यालयको प्रमुख नभएकोमा कार्यालय प्रमुखबाटबाट प्रत्यायोजित अधिकार बमोजिमको कार्य गर्ने ।

१३. **छोटी भन्सार कार्यालयका प्रमुखको अधिकारः** सम्बन्धित भन्सार कार्यालयका प्रमुखको निर्देशन र नियन्त्रणमा रही तोकिए बमोजिमका मालवस्तु जाँचपास गर्ने।

१४. **पोशाक र चिन्ह तोक्न सक्नेः** (१) अर्थ मन्त्रालयले भन्सारका कर्मचारीले कार्यालयको काम गर्दा लगाउने पोशाक, कर्मचारी परिचयपत्र तथा आवश्यकता अनुसार दर्ज्यानी चिन्ह तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पोशाक, परिचयपत्र र दर्ज्यानी चिन्ह तोकिएकोमा त्यस्तो चिन्ह समेत आफ्नो कार्यसम्पादनका क्रममा प्रत्येक कर्मचारीले लगाउनु पर्नेछ ।

(३) यस ऐन बमोजिम भन्सारको कुनै कर्मचारीले कुनै व्यक्ति विरुद्ध कारवाई गर्दा सो कार्यसँग सम्बन्धित व्यक्तिले परिचयपत्र हेर्न चाहेमा सो देखाउनु त्यस्तो कर्मचारीको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम परिचयपत्र नदेखाउने वा देखाउन इन्कार गर्ने कर्मचारीको आदेश मान्न कुनै व्यक्ति वाद्य हुने छैन ।

१५. **भन्सार जाँचपास परीक्षण कार्यालयको स्थापनाः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना गर्न सक्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापना भएको भन्सार जाँचपास परीक्षण कार्यालय यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

१६. भन्सार जाँचपास परीक्षण कार्यालयमा रहने कर्मचारीहरुः (१) भन्सार जाँचपास परीक्षण कार्यालयमा देहाय बमोजिमका कर्मचारीहरु रहनेछन्:

(क) प्रमुख भन्सार परीक्षण प्रशासक

(ख) प्रमुख भन्सार परीक्षक

(ग) भन्सार परीक्षक एवं अन्य अधिकृतस्तरका कर्मचारीहरु

(घ) अन्य कर्मचारीहरु

१७. प्रमुख भन्सार परीक्षण प्रशासकको अधिकारः महानिर्देशकले दिएको निर्देशनको अधीनमा रही प्रमुख भन्सार परीक्षण प्रशासकको अधिकार देहाय बमोजिम हुनेछः

(क) यस ऐनको परिच्छेद १८ बमोजिम भन्सार परीक्षकले गर्ने भनी तोकिएका कार्य गर्ने।

(ख) आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार मातहतका अधिकृत कर्मचारीहरुलाई प्रत्यायोजन गर्ने।

(ग) यो ऐन वा अन्य प्रचलित कानून बमोजिम कार्यालय प्रमुखले गर्ने भनी उल्लेख भएका कार्यहरु गर्ने।

१८. **प्रमुख भन्सार परीक्षक र भन्सार परीक्षकको अधिकारः** प्रमुख भन्सार परीक्षण प्रशासकले दिएको निर्देशनको अधीनमा रही निजबाट प्रत्यायोजित अधिकार बमोजिम प्रमुख भन्सार परीक्षक र भन्सार परीक्षकले कार्य गर्नेछन् ।

१९. **कर्मचारीउपर उजुरी दिन सकिनेः** (१) भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालयको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेको वा राजस्वमा हानि पुऱ्याएको वा घोषणाकर्तालाई बदनियतयतपूर्वक दुःख दिने कुनै काम गरेको छ भन्ने कुरामा विश्वास गर्नुपर्ने मनासिव कारण भएमा भन्सार कार्यालयको प्रमुख र भन्सार जाँचपास परीक्षण कार्यालयका प्रमुखको हकमा महानिर्देशक समक्ष, भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालयको अन्य कर्मचारीको हकमा सो कार्यालयको प्रमुख समक्ष उजुरी दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीउपर महानिर्देशक वा कार्यालयको प्रमुखले छानविन गरी सोको जानकारी निवेदकलाई दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको छानविनबाट भन्सार अधिकृत, भन्सार कार्यालयका अन्य कर्मचारी, भन्सार परीक्षक वा भन्सार जाँचपास परीक्षण कार्यालयका अन्य कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेको वा राजस्वमा हानि पुऱ्याएको वा घोषणाकर्तालाई बदनियतपूर्वक दुःख दिने कुनै काम गरेको पाइएमा त्यस्तो कार्यालय प्रमुखलाई महानिर्देशकले, भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालयका अन्य कर्मचारीलाई सो कार्यालयको प्रमुखले विभागीय कारबाही प्रारम्भ गरी प्रचलित कानून बमोजिम भ्रष्टाचार मानिने कार्य भएको पाइएमा सम्बन्धित अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ।

(४) यस ऐन बमोजिमको काम कारवाहीको सिलसिलामा महानिर्देशकले दिएको आदेश वा निर्देशनको पालना नगर्ने वा लापरवाही वा बदनियतपूर्वक काम गर्ने वा कार्यालयमा कार्यरत रहँदा अर्थ मन्त्रालयले तोकेको पोशाक, चिन्ह र परिचयत्र नलगाउने भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालयको कर्मचारीलाई महानिर्देशकले विभागीय कारवाही गर्न सक्नेछ।

२०. **कारबाहीको सूचना र हद म्यादः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अनुसार भन्ने सम्झी गरेका र कुनै कामको सम्बन्धमा भन्सार अधिकृत वा अरु कमचारीउपर मुद्दा चलाउने कारण र वादी हुनेको र निजको वारेस भए वारेसको नाम र ठेगाना खोली लिखित सूचना त्यस्तो भन्सार अधिकृत वा कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिष्टर गरी पठाएको र त्यसको एकप्रति नक्कल महानिर्देशकमा पेश गरेको दुई महिना ननाघी मुद्दा चल्न सक्ने छैन।

२१. **कर्मचारीलाई सजायः** (१) भन्सार सम्बन्धी काम गर्ने कुनै निजामती कर्मचारीलाई प्रचलित निजामती सेवा ऐन तथा नियमावली बमोजिम विभागीय कारबाही चलाईएकोमा सो ऐन तथा नियमावलीमा तोकिएको सजायमात्र अपर्याप्त भयो भन्ने अख्तियारवालालाई लागेमा सो सजायमाथि सो ऐन तथा नियमावलीमा तोकिएको अख्तियारवालाले देहायका कामबाट कसैलाई भएको नोक्सानी सबै वा केही निज कर्मचारीको जायजातबाट भराउने आदेश दिन समेत सक्नेछः–

(क) यस ऐनको व्यवस्था जानाजानी उल्लङ्घन गरको, वा

(ख) नेपाल सरकारलाई हानि नोक्सानी हुने गरी कुनै काम जानाजानी वा बदनियत पूर्वक गरेको, वा

(ग) कुनै मालवस्तुको सम्बन्धमा असल नियतले यस ऐन बमोजिम आफ्नो ओहदाको कर्तव्य पालन गरेकोमा बाहेक ओहदाका हैसियतले आफूले जानेबुझेको कुनै विवरण आफ्नो वा अन्य कसैको फाइदाको लागि वा कसैलाई नोक्सान पार्ने नियतले प्रकाश गरेमा वा आफूलाई सुम्पेको गोप्य राख्नु पर्ने कामकुरा कसैलाई देखाएमा वा कसैलाई दिएमा।

(२) यस ऐन बमोजिम अख्तियारवालाले दिएको आदेशउपर सम्बन्धित कर्मचारीले प्रचलित निजामती सेवा ऐन तथा नियमावली अनुसारको अख्तियारवाला समक्ष पुनरावेदन दिन सक्नेछ र त्यस्तो अख्तियारवालाले सोही ऐन तथा नियमावली बमोजिम पुनरावेदनको किनारा गर्नेछ।

(३) यस दफा बमोजिम भएको जरिबाना असूल गर्दा अख्तियारवालाले अदालती दण्ड जरिबाना असूल गर्ने सम्बन्धी प्रचलित कानूनको प्रयोग गरी सोही बमोजिम असूलउपर गर्न सक्नेछ।

(४) यस दफामा लेखिएको कुनै कुराले पनि कसूर गर्ने कर्मचारीउपर अदालती कारबाही चलाउन सकिने प्रचलित कानूनको व्यवस्थामा कुनै बाधा पारेको मानिने छैन।

तर अदालती कारबाही चलिसकेपछि यस दफा बमोजिम कारबाही चलाईने छैन ।

२२. **असल नियतले गरेको काम कारबाहीप्रति जवाफदेही नहुने:** (१) यस ऐनमा अन्यत्र जुनसकै कुरा लेखिएको भए तापनि कुनै भन्सार कर्मचारीले आफ्नो कर्तव्यपालनको सिलसिलामा असल नियतले गरको काम कारबाहीप्रति निज व्यक्तिगत रुपमा जवाफदेही हुने छैन ।

(२) दफा २९ को उपदफा (१) को खण्ड (क) वा (ग) बमोजिम जाँचपास गरिएको मालवस्तुका सम्बन्धमा जाँचपास गर्ने अधिकृत वा जाँचपासमा संलग्न कर्मचारीहरुलाई जवाफदेही बनाइने छैन।

(३) दफा २९ को उपदफा (१) को खण्ड (ख) बमोजिम जाँचपास गरिएको मालवस्तुका सम्बन्धमा जाँचपास गर्ने अधिकृत वा जाँचपासमा संलग्न कर्मचारी कागजात जाँच गरेको सम्बन्धमामात्र जवाफदेही हुनेछ

**परिच्छेद-३**

**वाहनको आगमन एवं प्रस्थान, घोषणा, जाँच र जाँचपास सम्बन्धी व्यवस्था**

२३. मालवस्तुको विवरण दिनुपर्नेः (१) भन्सार क्षेत्रमा प्रवेश गर्ने कुनै पनि वाहनको सञ्चालकले मालवस्तु बोकेको वाहन भन्सार क्षेत्रमा प्रवेश गरेको वढीमा बाह्र घण्टाभित्र वाहनको संक्षिप्त विवरण सहित त्यस्ता वाहनमा भएको मालवस्तुको तोकिए बमोजिमको विवरण (मेनिफेष्ट) भन्सार कार्यालयको कम्प्युटर प्रणाली मार्फत भन्सार अधिकृतलाई दिनुपर्नेछ

(२) उपदफा (१) बमोजिमको विवरण मालवस्तु त्यस्तो वाहन भन्सार क्षेत्रमा प्रवेश गर्नु अघि संभव भएमा विद्युतीय माध्यमबाट कम्प्युटर प्रणालीमा दिन सकिने छ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि वाहनको सञ्चालकले मालवस्तु भन्सार क्षेत्रमा प्रवेश गर्नु अगावै वा प्रवेश गर्दा तोकिए बमोजिमको संक्षिप्त विवरण भन्सार कार्यालयको कम्प्युटर प्रणाली मार्फत भन्सार अधिकृतलाई दिनुपर्ने व्यवस्था गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम विवरण नदिने वाहनको सञ्चालकले यस दफा बमोजिम कसूर गरेको मानिनेछ।

२४. वाहनको भन्सार जाँच गराउनु पर्नेः (१) विदेशबाट नेपालमा प्रवेश गर्ने र नेपालबाट विदेशमा प्रस्थान गर्ने हवाइजहाज बाहेकका खाली, मालवाहक वा यात्रुबाहक कुनै पनि वाहनको चालकले त्यस्तो बाहन नेपालमा प्रवेश गर्नु अघि वा नेपालबाट प्रस्थान गर्नु अघि जाँच गराउनु पर्नेछ ।

(२) उपदफा (१) विपरीतको कार्यलाई यस दफा बमोजिम कसूर गरेको मानिने छ।

२५. भन्सार जाँचपास नभएका मालवस्तु ढुवानी गर्न नहुनेः (१) कुनै पनि वाहनको चालक वा सञ्चालकले भन्सार जाँचपास नभएका मालवस्तु भन्सार क्षेत्रबाट बाहिर वा विदेशमा लैजानु हुदैन ।

(२) उपदफा (१) विपरीतको कार्यलाई यस दफा बमोमिम कसूर गरेको मानिनेछ ।

२६. मालवस्तु घोषणा गर्नु पर्नेः (१) घोषणाकर्ताले मालवस्तु निकासी वा पैठारीको लागि प्रज्ञापनपत्रको ढाँचामा तोकिए बमोजिम घोषणा गर्नुपर्नेछ ।

तर नेपालबाट वाहिर जाने र विदेशी मुलुकबाट नेपालभित्र आउने यात्रुको साथमा रहेको निजी प्रयोगका मालवस्तुका सम्बन्धमा तोकिए बमोजिम हुनेछ।

(२) मालवस्तुको धनी भएको प्रमाणित हुने गरी भन्सार जाँचपासको लागि आवश्यक कागजात पेश गर्न सक्ने कुनै पनि व्यक्तिले घोषणा गर्न सक्नेछ ।

(३) घोषित विवरणको सत्यता, पूर्णता एवं पेश गरेका कागजातहरुको आधिकारिकता सम्बन्धी सम्पूर्ण जिम्मेवारी घोषणाकर्ताको हुनेछ ।

(४) काबूबाहिरको परिस्थिति परी वा अन्य कुनै मनासिब कारणले कुनै कागजात घोषणासाथ पेश गर्न नसकिने भएमा त्यस्तो परिस्थिति वा कारण खुलाई त्यस्तो कागजात पछि पेश गर्ने अनुमतिको लागि सम्बन्धित व्यक्तिले भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम दिएको निवेदन जाँचबुझ गर्दा त्यस्तो परिस्थिति वा कारण मनासिब देखिएमा भन्सार अधिकृतले पूर्ण घोषणा गर्ने अवधि तोकी अस्थायी वा अपूर्ण घोषणा गर्ने अनुमति दिन सक्ने छ।

(६) उपदफा (५) बमोजिम गरिएको घोषणाको जाँच गर्दा उक्त मालवस्तुको पूर्ण घोषणा गर्दा महसुल फरक पर्ने देखिएमा सुरक्षण बापत सो वरावरको महसुलको नगद धरौटी वा वैङ्क जमानत लिई भन्सार अधिकृतले मालवस्तु जाँचपास गर्न सक्नेछ।

(७) यस दफा बमोजिम घोषणा गर्दा घोषणाकर्ताले मालवस्तुको विवरण प्रज्ञापनपत्रको ढाँचामा कम्प्यूटर प्रणालीमा पठाउन सक्नेछ।

(८) उपदफा (७) बमोजिम विद्युतीय माध्यमबाट मालवस्तुको विवरण कम्प्यूटर प्रणालीमा पठाएकोमा घोषणाकर्ताले तोकिए बमोजिमका कागजातहरु भौतिक रुपमा वा विद्युतीय स्वरुपमा भन्सार अधिकृत समक्ष पेश वा सम्प्रेषण गर्नु पर्नेछ।

(९) मालवस्तुको जाँच हुनुपूर्व घोषणाकर्ताले आफूले घोषणा गरेको मालवस्तुको विवरण घोषणाकासाथ पेश भएका कागजातहरुको विपरीत नहुने गरी संशोधन गर्नका लागि भन्सार अधिकृत समक्ष लिखित अनुरोध गरेमा भन्सार अधिकृतले विवरण संशोधनका लागि अनुमति दिन सक्नेछ। तर घोषणा संशोधनको लागि अनुमति दिँदा पहिले पेश गरेका कागजातको सट्टा अर्का कागजात पेश गर्नु पर्ने भएमा संशोधनको लागि गरिएको अनुरोध जालसाज वा बदनियतपूर्ण छैन भन्ने कुरामा भन्सार अधिकृत सन्तुष्ट हुनु पर्नेछ।

(१०) मालवस्तुको जाँच शुरु भइसकेको तर जाँचपास भइनसकेको अवस्थामा घोषणाकर्ताले घोषणामा संशोधन गर्नको लागि भन्सार अधिकृत समक्ष कारण खोली निवेदन दिएमा र त्यस्तो कारण मनासिब लागेमा निजले संशोधनको लागि अनुमति दिन सक्नेछ। यस्तो संशोधनले मालवस्तुको महसुलको परिमाण वा भन्सारले गर्नुपर्ने नियमनमा असर पर्ने भएमा अनुमति दिइने छैन।

तर त्यस्तो संशोधनको परिणामस्वरुप देहायको अवस्था सिर्जना हुने भएमा संशोधन गर्न अनुमति दिइने छैनः

(क) यस ऐनबमोजिम हुनसक्ने दण्ड जरिबानाबाट उन्मुक्ति पाउने भएमा, वा

(ख) जाँचपास प्रक्रियामा अनावश्यक रुपमा ढिलाई हुने भएमा, वा

(ग) तोकिएबमोजिमको अन्य अवस्था विद्यमान भएमा।

(११) घोषणाकर्ताले कुनै मालवस्तु कुनै एक भन्सार प्रक्रिया अन्तर्गत पैठारी गर्नका लागि घोषणा गरिसकेको तर जाँचपास भइनसकेको अवस्थामा सोही मालवस्तु पुनः अर्को भन्सार प्रक्रिया अन्तर्गत पैठारी गर्न निवेदन दिएमा र सो बमोजिम त्यस्तो मालवस्तु पुनः घोषणा हुने कुरामा भन्सार अधिकृत विश्वस्त भएमा निजले पहिले गरिएको घोषणा रद्द गरी अर्को घोषणा गर्न अनुमति दिन सक्नेछ। यसरी अनुमति दिइएकोमा पहिले घोषणा गरेको मालवस्तुमा महसुल लाग्ने छैन।

यस दफा बमोजिम भन्सार अधिकृतको अनुमति लिई घोषणा संशोधन वा रद्द गरेको कार्यलाई यस ऐनबमोजिमको कसूर मानिने छैन

(१२) मालवस्तु निकासी वा पैठारी गर्ने कुनै व्यक्तिले मालवस्तु भन्सार कार्यालयमा आइपुग्नु अगावै त्यस्तो मालवस्तु ढुवानी गरिएको साधन तीस दिनभित्र नेपालको भन्सार क्षेत्रमा आइपुग्ने गरी चलान भइसकेको भएमा उपदफा (१) वा उपदफा (५) बमोजिम घोषणा गर्न सक्नेछ।

(१३) घोषणाकर्ताले मालवस्तु भन्सार क्षेत्रभित्र प्रवेश गरेको मितिले सात दिनभित्र देहाय वमोजिम घोषणा गर्नु पर्नेछ :-

(क) मालवस्तु जाँचपासको लागि घोषणा गर्ने वा

(ख) मालवस्तु वेयरहाउस राख्ने भएमा तोकिए बमोजिम संक्षिप्त घोषणा गर्ने।

(१४) यदि घोषणाकर्ताले यस दफा वमोजिम तोकिएको समयभित्र मालवस्तु मालवस्तु जाँचपासको लागि घोषणा गर्न असमर्थ भएको भनी म्याद थपको लागि लिखित अनुरोध गरेमा र त्यस्तो अनुरोध मनासिव भएमा भन्सार अधिकृतले सातदिनको म्याद थप गरी दिनेछ।

(१५) कुनै मालवस्तुमा भन्सार सम्बन्धी कुनै दोष देखिए पनि कब्जा वा जफत गर्नुपर्ने वा पछि प्रमाणको लागि आवश्यक पर्ने नदेखिएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुमा नियमानुसार लाग्ने सम्पूर्ण महसुल असुल गरी पछि अन्तिम निर्णय हुँदा लाग्न सक्ने थप महसुल वा जरिबाना वापतको रकम धरौटी वा बैंक जमानत लिई कानूनी वा प्रशासनिक प्रक्रिया पूरा नहुदै जाँचपास गर्ने छ।

(१६) मालवस्तुहरु जाँचपास गर्न उल्लेखनीय विलम्व हुन गएमा र घोषणाकर्ताले अनुरोध गरेमा सम्भव भएसम्म यस प्रकार ढीलो हुनुको कारण दिनु पर्नेछ।

(१७) मालवस्तु जाँचपासको लागि लिईएको बैङ्क जमानत जुन उद्देश्यको लागि लिईएको हो सो कार्य सम्पन्न भएपछि फुकुवा गरिनेछ

२७. छिटो बिग्रने मालवस्तुको जाँचपासः जीवित जनावर, ताजा फलफूल तथा तरकारी, समुद्री खाना, मासु तथा मासुजन्य उत्पादन, विशेष भण्डारणको आवश्यक पर्ने खानेकुरा, विशेष भन्डारण एवं प्रवन्ध गर्नुपर्ने जैविक प्रविधियुक्त उत्पादन, शारीरिक ग्रन्थी, रक्त एवं रक्त प्लाज्मा, औषधी अनुसन्धान सम्बन्धी नाशवान पदार्थ, औषधी तथा खोपहरु र विभागले समयसमयमा तोकेका यस्तै छिटो बिग्रने प्रकृतिका मालवस्तुहरुलाई तोकिए वमोजिम शीघ्र जाँचपास गरिनेछ।

२८. घोषणा जाँच गर्नेः (१) दफा २६ बमोजिम मालवस्तुको घोषणा भएपछि भन्सार अधिकृतले दफा २९ बमोजिम मालवस्तु जाँच गर्दा घोषित मालवस्तु कानून बमोजिम पैठारी वा निकासी गर्न पाइने हो वा होइन भन्ने सम्बन्धमा जाँच गर्नु पर्नेछ।त्यसरी जाँच गर्दा भन्सार अधिकृतले आवश्यकता अनुसार सम्बन्धित मालवस्तुको भौतिक जाँच गर्न वा गर्न लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा त्यस्तो मालवस्तु निकासी वा पैठारी गर्न पाइने देखिएमा भन्सार अधिकृतले यस परिच्छेद बमोजिम जाँचपास गर्नेछ। तर त्यस्तो मालवस्तु निकासी वा पैठारी गर्न नपाइने वा प्रतिबन्धित भएको पाइएमा भन्सार अधिकृतले देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कुनै कानूनद्वारा पैठारीको लागि प्रतिबन्ध नगरिएको तर दुई पक्षीय सम्झौता अनुसार पैठारी गर्न नमिल्ने मालवस्तु भएमा जफत गर्ने।

(ख) पैठारीको लागि परिमाण वा समय तोकी वा कुनै व्यक्ति वा निकायलाई ईजाजत वा अनुमति दिईएकोमा सो बाहेकको अन्य व्यक्ति वा निकायले पैठारी गरेकोमा त्यस्तो मालवस्तु जफत गरी प्रचलित कानून बमोजिम दण्ड सजाय गर्ने।

(ग) हात हतियार, खरखजाना, गोली, बारुद एवं त्यस्ता मालवस्तु उत्पादन गर्न प्रयोग हुने सामग्री फ्यूज तार एवं विष्फोटक पदार्थ जस्ता मालवस्तु भएमा आवश्यक कारबाहीको लागि तुरुन्त नजिकको नेपाल प्रहरीलाई जिम्मा लगाउने।

(घ) गाँजा, चरेश, अफिम र यस्तै लागू पदार्थहरु, लागू पदार्थको रुपमा प्रयोग हुने प्रतिबन्धित औषधिहरु भएमा आवश्यक कारबाहीको लागि नजिकको नेपाल प्रहरीलाई जिम्मा लगाउने।

(ङ) खण्ड (ख), (ग) र (घ) मा उल्लिखित मालवस्तु बाहेक प्रचलित कानून बमोजिम पैठारीको लागि प्रतिबन्ध लगाईएको र सो सम्बन्धी कानून बमोजिम मुद्दा हेर्ने छुट्टै अधिकारी तोकिएको मालवस्तु भएमा सम्बन्धित मुद्दा हेर्ने अधिकारीलाई जिम्मा लगाउने।

(च) खण्ड (ङ) वा (च) मा उल्लिखित मालवस्तु बाहेक प्रचलित कानूनद्वारा पैठारीको लागि प्रतिबन्ध गरिएको र वातावरण तथा जनस्वास्थ्यको दृष्टिकोणले नेपालमा उपयोग गर्न, लिलाम गर्न वा सडाउन वा नष्ट गर्न नमिल्ने प्रकृतिका मालवस्तु भएमा उक्त मालवस्तुको लागि भुक्तानी गरिएको विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा महानिर्देशकको स्वीकृती लिई निकासीकर्तालाई नै फिर्ता पठाउन पैठारीकर्तालाई आदेश दिने ।

२९. जोखिम विश्लेषणका आधारमा मालवस्तु जाँचपास गर्नेः (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निकासी वा पैठारी हुने मालवस्तुको राजस्व सुरक्षा, सामाजिक सुरक्षा, जनस्वास्थ्यको सुरक्षा, पर्यावरणीय सुरक्षा, प्रकृति, उत्पत्तिको मुलुक, चलान भएको मुलुक, आपूर्तिकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टको साख आदिको आधारमा हुने संभावित जोखिमको विश्लेषण गरी जोखिमको स्तरका आधारमा देहाय बमोजिम मालवस्तु जाँचपास गर्न सक्ने गरी विभागले स्वचालित कम्प्युटर प्रणाली बनाई लागू गर्न सक्नेछः

(क) मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने।

(ख) मालवस्तुको जाँच नगरी तत्सम्बन्धी कागजात मात्र जाँच गरी जाँचपास गर्ने।

(ग) मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी जाँचपास पछि परीक्षण गर्ने गरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने।

(घ) सम्पूर्ण मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच गरेरमात्र जाँचपास गर्ने ।

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम जाँचपास हुने मालवस्तुका लागि कम्प्युटर प्रणालीमा क्रमशः हरियो मार्ग (ग्रीन लेन), पहेंलो मार्ग (यलो लेन), नीलो मार्ग (ब्लू लेन) र रातो मार्ग (रेड लेन) नामाकरण गर्न सकिनेछ ।

(३) यस दफा बमोजिम भन्सार अधिकृतले मालवस्तु जाँचपास गर्दा कम्प्युटर प्रणालीले निर्दिष्ट गरे बमोजिम गर्नु पर्नेछ ।

(४) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३०. फरक परेको मालवस्तुको महसुल फिर्ता नहुनेः दफा २९ को उपदफा (१) को खण्ड (घ) बमोजिम मालवस्तु जाँच गर्दा घोषणाकर्ताले गरेको घोषणा वा सोसाथ संलग्न गरेका कागजातमा उल्लिखित विवरण बमोजिमको मालवस्तु नभई फरक मालवस्तु फेला परेमा त्यस्तो मालवस्तुको जाँच गर्नु अगाडि नै महसुल असुल भएको रहेछ भने पैठारीकर्ताले त्यस्तो महसुल फिर्ता वा लाग्ने महसुलमा मिलान गर्न पाउने छैन ।

३१. मालवस्तु खोल्न र जाँच्न सक्नेः (१) दफा २९ मा जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार अधिकृतलाई निकासी वा पैठारी हुने जुनसुकै मालवस्तु एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशत मात्र खोल्न र जाँच्न वा आफू मातहतका कुनै कर्मचारीलाई त्यसरी खोल्न र जाँच्न आदेश दिन सक्ने अधिकार हुनेछ ।

(२) दफा २९ बमोजिम जाँचपास भएको वा नभएको मालवस्तुका सम्बन्धमा शङ्का लागेमा वा सो सम्बन्धमा कुनै सूचना प्राप्त भएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु भन्सार क्षेत्रबाट उठाई लैजानुअघि वा भन्सार क्षेत्रबाहिर लगिसकेपछि जाँच नै नभएको भए जाँच गराउन वा जाँच भइसकेको भए पुनः जाँच गर्न वा आफू मातहतका कर्मचारीलाई गर्न लगाउन सक्नेछ ।

(३) एकपटक जाँचपास भएको मालवस्तु घोषणाकर्ताले भन्सार क्षेत्रबाट उठाई लैजानुअघि वा भन्सार क्षेत्रबाहिर लगिसकेपछि महानिर्देशकले वा निजले खटाएको कुनै अधिकृत कर्मचारीले पुनः पूरा वा आँशिक रुपमा जाँच गर्न वा गराउन सक्नेछ। त्यसरी जाँच गर्दा सोको कारणको बारेमा घोषणाकर्तालाई जानकारी दिनु पर्नेछ।

(४) मालवस्तु जाँचगर्ने कार्यलाई सहज गर्नको लागि घोषणाकर्ताको कुनै सहयोग आवश्यक देखेमा भन्सार अधिकृतले मालवस्तु जाँच गर्ने समयमा घोषणाकर्तालाई उपस्थित गराउन सक्नेछ।

(५) घोषणाकर्ताले आफ्नो उपस्थितिमा मालवस्तु जाँच गराउन चाहेमा सोको जानकारी लिखित रुपमा भन्सार अधिकृतलाई दिनु पर्नेछ। त्यसरी जानकारी दिएकोमा भन्सार अधिकृतले घोषणाकर्ताको उपस्थितिमा मालवस्तुको जाँच गर्न वा गराउन सक्नेछ। तर भन्सार अधिकृतले तोकेको समयमा निज उपस्थित नभएमा निजको अनुपस्थितिमा नै मालवस्तुको जाँच गर्न वाधा पर्नेछैन।

**३२.** मालवस्तुको नमूना सङ्कलन र परीक्षणः (१) पैठारी हुने खाद्य वा पेयपदार्थ वा अन्य कुनै मालवस्तुको गुणस्तर परीक्षण, भन्सार मूल्याङ्कन,वर्गीकरण,जनस्वास्थ्य वा वातावरणमा पर्न सक्ने प्रभावको दृष्टिकोणले नमूना जाँच गर्न वा सम्बन्धित विशेषज्ञवाट जाँच गराउन वा प्रयोगशालाबाट परीक्षण गराउन आवश्यक देखेमा भन्सार अधिकृतले उक्त मालवस्तुको घोषणाकर्ताको रोहवरमा नमूना झिकी आफैले जाँच गर्न, सम्बन्धित विशेषज्ञबाट जाँच गराउन वा विभाग वा भन्सार कार्यालयको प्रयोगशाला वा अन्य सरकारी निकायको प्रयोगशालाबाट परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नमूना निकाल्दा भन्सार अधिकृतले आवश्यक ठानेमा घोषणाकर्ता वा निजको प्रतिनिधिलाई उपस्थित गराई नमूना लिने वा जाँच गर्ने कार्यमा सहयोग लिन सक्नेछ।

(३) घोषणाकर्ताले घोषणा गर्नु अघि मालवस्तुको नमूना झिक्न वा भौतिक अवलोकन गर्न चाहेमा तोकिएका शर्तका अधिनमा रही मालवस्तुको नमूना लिन वा अवलोकन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम परीक्षणको लागि प्राप्त हुन आएको मालवस्तुको नमूना विभागको वा अन्य सरकारी निकायको प्रयोगशालाले यथाशीघ्र परीक्षण गरी त्यसको नतिजा सम्बन्धित भन्सार कार्यालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम भन्सार कार्यालयबाट परीक्षणको लागि प्राप्त नमूनाहरु विभागको प्रयोगशालाले आफैले परीक्षण गर्न नसक्ने भएमा सरकारी निकायको अन्य प्रयोगशालाबाट परीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित भन्सार कार्यालयमा पठाउनु पर्नेछ

(६) उपदफा (१) बमोजिम परीक्षण गर्दा त्यस्तो मालवस्तुले स्वास्थ्य वा वातावरणलाई हानि पुऱ्याउने वा प्रतिकूल असर पार्ने देखिएमा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई त्यस्तो मालवस्तु विदेशी मुलुकको सम्बन्धित निकासीकर्तालाई तोकिएबमोजिम फिर्ता पठाउने आदेश दिनेछ।

तर भन्सार अधिकृतले त्यसरी आदेश दिनुअघि निज पैठारीकर्ताबाट त्यस्तो मालवस्तुको लागि भुक्तानी गरेको बिदेशी मुद्रा फिर्ता ल्याएको प्रमाण पेश गर्न लगाउन वा त्यस्तो विदेशी मुद्रा फिर्ता ल्याउने कवुलियतनामा पेश गर्न लगाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश बमोजिम सम्बन्धित पैठारीकर्ताले त्यस्तो मालवस्तु फिर्ता नपठाएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी तोकिए बमोजिम सडाउन वा नष्ट गर्न सक्नेछ र त्यसरी सडाउन वा नष्ट गर्न लाग्ने वा लागेको खर्च सम्बन्धित पैठारीकर्ताबाट असुल गर्नेछ।

(८) भन्सार अधिकृतले मनाही वा प्रतिबन्धित नभएको कुनै मालवस्तु प्रयोगशाला परीक्षणको प्रतिवेदन वा विशेषज्ञको राय प्राप्त नहुँदै तोकिएको शर्तहरु पालन गर्ने गरी लाग्ने महसुल धरौटी लिई जाँचपास गर्न सक्ने छ।

३३. सम्बन्धित स्थानमा गई मालवस्तु जाँच गर्न सकिनेः (१) कुनै निकासीकर्ताले आफूले निकासी गर्ने मालवस्तु त्यस्तो मालवस्तुको उत्पादनस्थल वा गोदाममा गई जाँच गरिदिन भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार मालवस्तु जाँच गर्न मनासिब देखिएमा भन्सार अधिकृतले तोकिए बमोजिमको शुल्क लिइ त्यस्तो मालवस्तुको उत्पादनस्थल वा गोदाममा आफै गई वा आफू मातहतको कर्मचारीलाई पठाई मालवस्तु जाँच गर्न वा गराउन सक्नेछ।

(३) कुनै पैठारीकर्ताले आफूले पैठारी गरी ल्याएको मालवस्तु भन्सार क्षेत्रभन्दा बाहिर जाँच गरिदिन तोकिएका कागजात संलग्न गरी भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा त्यसरी जाँच गर्न मनासिब देखिएमा महानिर्देशकको पूर्व स्वीकृति लिई भन्सार अधिकृतले भन्सार क्षेत्रभन्दा बाहिर आफै गई वा आफू मातहतको कर्मचारीलाई पठाई मालवस्तुको जाँच गर्न वा गराउन सक्नेछ। यसरी जाँच गर्नु परेमा सो कामका लागि खटिने अधिकृतका लागि परिवहन खर्च एवं आवश्यक भएमा खाना र आवासबापत लाग्ने खर्च समेत सम्बन्धित पैठारीकर्ताले व्यहोर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम मालवस्तु जाँच गर्नुअघि भन्सार अधिकृतले पैठारीकर्ताले घोषणा गरेको भन्सार मूल्य अनुसार सो मालवस्तुमा लाग्ने महसुलमा पचास प्रतिशत महसुल थप गरी हुन आउन रकम धरौटी लिनु पर्नेछ। भन्सार कार्यालयले त्यस्तो धरौटी रकम सो मालवस्तुमा लाग्ने भन्सार महसुलभन्दा बढी भएमा त्यसरी बढी भएजति रकम पैठारीकर्तालाई फिर्ता दिनु पर्नेछ र कम भएमा त्यस्तो कम रकम पैठारीकर्ताबाट असूल गर्नुपर्नेछ।

३४. अधिकृत व्यक्ति सम्बन्धी व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको व्यक्तिलाई नेपाल सरकारले तोकिएको आधारमा अधिकृत व्यक्ति (अथोराइज्ड पर्सन) को रुपमा सूचीकृत गर्नेछः

(क) विगत तीन वर्षदेखि अधिकृत व्यक्तिको लागि निवेदन गरेको मितिसम्म भन्सार सम्बन्धी कानूनको पूर्ण पालना गरेको;

(ख) आन्तरिक नियन्त्रणको व्यवस्था सन्तोषजनक भएको;

(ग) व्यावसायिक अभिलेखहरु विश्वसनीय एवं संन्तोषजनक रुपमा राखेको;

(घ) आवश्यकता अनुसार सुरक्षण वा जमानत दिन सक्ने गरी आर्थिक रुपमा समृद्धताको प्रमाण पेश गर्न सक्षम भएको;

(२) उपदफा (१) बमोजिमको अधिकृत व्यक्तिलाई निकासी वा पैठारी गर्दा देहाय वमोजिमका सुविधाहरु तोकिए बमोजिम प्रदान गरिनेछः

(क) मालवस्तु पहिचानको लागि आवश्यक पर्ने न्यूनतम कागजातको आधारमा मालवस्तु जाँचपास गर्ने र पछि पूर्ण विवरण सहितको घोषणा गर्न अनुमति दिने;

(ख) घोषणाकर्ताकै परिसर वा भन्सार विभागले तोकेको अन्य स्थानमा मालवस्तु जाँचपास गर्ने ;

(ग) मालवस्तुको मिलेसम्म भौतिक निरीक्षण वा जाँच कम गर्ने ।

३५. ढुवानी गर्ने साधनमा सीलबन्दी गर्न सकिनेः (१) भन्सार कार्यालयबाट मालवस्तु जाँचपास भएपछि त्यस्तो मालवस्तु जुन साधनबाट ढुवानी गरिने हो सोही साधनमा राखी त्यस्तो साधनमा भन्सार कार्यालयले सील लगाउने व्यवस्था गर्न सक्नेछ।

(२) विभागले भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तु तोकिए बमोजिमका ढुवानी साधन वा सीलबन्दी गर्न मिल्ने कन्टेनरबाटमात्र ढुवानी गर्नुपर्ने व्यवस्था लागू गर्न सक्नेछ।

(३) विभागले भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तु ढुवानी गर्ने साधन तोकिए बमोजिम अग्रिम रुपमा भन्सार कार्यालयमा अभिलेखीकरण गर्नुपर्ने व्यवस्था लागू गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम ढुवानी साधनमा लगाउने सील विभागले तोक्न सक्नेछ।

३६. स्वीकृति नलिई खोल्न, हेर्न र जाँच्न नपाउनेः (१) भन्सार कार्यालयबाट जाँचपास भई सीलबन्दी गरिएका मालवस्तु र त्यस्तो मालवस्तु ढुवानी गरिरहेको साधन राजस्व चुहावट सम्बन्धी प्रचलित कानून बमोजिम अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारी बाहेक अर्थ मन्त्रालय वा महानिर्देशकको पूर्व स्वीकति नलिई कसैले खोल्न हेर्न र जाँच्न पाउने छैन।

(२) उपदफा (१) मा उल्लिखित अधिकार प्राप्त अधिकारी बाहेक भन्सार कार्यालयबाट जाँचपास भई सीलबन्दी गरिएका मालवस्तु र त्यस्तो मालवस्तु ढुवानी गरिरहेको साधन अन्य कुनै व्यक्ति वा निकायले खोले हेरे वा जाँचेमा यस दफा बमोजिम कसूर गरेको मानिनेछ।

**३७.** निकासी गरिएका मालवस्तु पुनः पैठारीः (१) कसैले नेपालमा उत्पादन वा तयार भई निकासी भएको मालवस्तु पुनः पैठारी गरेमा त्यस्ता मालवस्तुमा विदेशी मुलुकमा उत्पादन वा तयार भएका त्यस्तै प्रकारका वा त्यतिनै मूल्यपर्ने मालवस्तु पैठारी गरे सरह महसुल लाग्नेछ

(२) उपदफा (१) मा जनसुकै कुरा लेखिएको भए तापनि देहाय वमोजिम पुन: पैठारी भएको मालवस्तुमा भन्सार महसुल छुट हुनेछ र निकासी गर्दा भन्सार महसुल असुल भएको रहेछ भने त्यस्तो महसुल तोकिएबमोजिम फिर्ता दिइनेछः

(क) हुलाक मार्फत पुलिन्दाबाट निकासी भई गएको तर सम्बन्धित व्यक्तिलाई बुझाउन नसकी फिर्ता आएको वा

(ख) भन्सार कार्यालयबाट जाँचपास भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित व्यक्तिले लिन अस्वीकार गरी फिर्ता आएको वा

(ग) दुर्घटना वा प्राकृतिक प्रकोपमा परी गुणस्तर कायम रहन नसकी फिर्ता आएको वा

(घ) मालवस्तु खराव भएको वा निकासीकर्ता र पैठारीकर्ताबीच निकासीका बखत भएको सम्झौता बमोजिमको विस्तृत विवरण (स्पेसिफिकेशन) अनुसार नभएको,

तर,

(अ) त्यस्तो मालवस्तुको खराबी वा विस्तृत विवरण स्पेसिफिकेशन) अनुसार भए नभएको पत्ता लगाउनको लागि नगरी नहुने कार्य बाहेक अन्य कार्य, मर्मत वा प्रयोग गरिएको हुनु हुदैन।

(आ) निकासी भएकै मालवस्तु पैठारी भएको हो भनी भन्सार अधिकृत सन्तुष्ट हुने गरी पहिचानयोग्य हुनु पर्नेछ

(इ) निकासी भएको नब्बे दिनभित्र पुनः पैठारी गरिएको हुनु पर्नेछ। मनासिव माफिकको कारणभई नब्बे दिनभित्र फिर्ता ल्याउन नसकेमा भन्सार अधिकृतले छ महिनासम्म म्याद थप गरिदिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम पुनः पैठारी भएको मालवस्तु पैठारीकर्ताले भन्सार कार्यालयमै छाड्न वा निजकै खर्चमा भन्सारको रोहवरमा व्यापारिक रुपमा मूल्यहीन बनाउन वा नष्ट गर्न चाहेमा भन्सार अधिकृतले स्वीकृती दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम पुनः पैठारी भएको मालवस्तुको कच्चापदार्थ र/ वा सहायक कच्चापदार्थ पैठारी गर्दा महसुल नतिरी पैठारी भएको रहेछ भने त्यस्तो कच्चापदार्थ र/वा सहायक कच्चापदार्थको महसुल असुल गरिनेछ।

**३८.** <u>पैठारी गरिएको मालवस्तु पुनः निकासीः</u> (१) पैठारी गरिएको मालवस्तु देहायबमोजिम भई पुनः निकासी गर्नु परेमा भन्सार अधिकृतले तोकिएबमोजिम फिर्ता पठाउने आदेश दिइनेछः

(क) मालवस्तुमा खरावी भेटिएको वा पैठारी हुदाका बखत पैठारीकर्ता र आपूर्तिकर्ताबीच भएको सम्झौतामा उल्लिखित विस्तृत विवरण (स्पेसिफिकेशन) अनुसार नभएको, वा

(ख) जुन उद्देश्यको लागि पैठारी गरिएको हो सो उद्देश्य परिपूर्ती हुन नसकेको, वा

(ग) प्रयोगशाला परीक्षणगर्दा गुणस्तरहीन ठहरिएको ।

**तर,**

**(क)** त्यस्तो मालवस्तुको सम्बन्धित आपूर्तीकर्ता वा निजले तोकेको व्यक्तिलाई फिर्ता पठाएको हुनुपर्ने छ,

**(ख)** त्यस्तो मालवस्तुको खराबी वा विस्तृत विवरण (स्पेसिफिकेशन) अनुसार भए नभएको पत्ता लगाउनको लागि नगरी नहुने कार्य बाहेक अन्य कार्य, मर्मत वा प्रयोग गरिएको हुनु हुदैन,

**(ग)** पैठारी भएकै मालवस्तु निकासीहुन लागेको हो भनी भन्सार अधिकृत सन्तुष्ट हुने गरी पहिचानयोग्य हुनु पर्नेछ ,

**(घ)** पैठारी भएको वा भन्सारमा आईपुगेको नब्बे दिनभित्र त्यस्तो मालवस्तुको शोधभर्ना स्वरुप सोही प्रकारको अर्को मालवस्तु पैठारी गर्नुपर्ने वा सोवापत विदेशी मुद्रा भुक्तानी भईसकेको भए त्यस्तो विदेशी मुद्रा फिर्ता ल्याउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मालवस्तु फिर्ता भएकोमा त्यसरी फिर्ता भएको मितिले छ महिनाभित्र शोधभर्नास्वरुप सोही प्रकारको अर्को मालवस्तु पैठारी नगरेमा वा त्यस्तो मालवस्तु पहिले पैठारी गर्दा विदेशी मुद्रा भुक्तानी भैसकेको भए त्यस्तो विदेशी मुद्रा फिर्ता नल्याएमा सम्बन्धित भन्सार अधिकृतले प्रचलित कानूनबमोजिम आवश्यक कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम फिर्ता पठाउनु पर्ने मालवस्तु फिर्ता गर्नु अगावै विदेशको आपूर्तिकर्ताले सोको शोधभर्ना स्वरुप सोही प्रकारको अर्को मालवस्तु पठाएको रहेछ भने पैठारीकर्ताको निवेदन र पेश भएका कागजातबाट त्यस्तो मालवस्तु शोधभर्ना स्वरुप पैठारी भएको देखिएमा लाग्ने महसुल लिई भन्सार अधिकृतले जाँचपास गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम शोधभर्नास्वरुप मालवस्तु पैठारी भैसकेपछि पहिले पैठारी भएको मालवस्तु उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ता पठाउदा भन्सार महसुल लाग्नेछैन र पहिले पैठारी गर्दा भन्सार महसुल तिरिसकेको भए त्यस्तो भन्सार महसुल फिर्ता दिइनेछ ।

तर उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ता नपठाई सो अवधिपछि फिर्ता पठाएमा सो मालवस्तु पैठारी गर्दा भन्सार महसुल तिरिसकेको भए पनि त्यस्तो भन्सार महसुल फिर्ता दिइने छैन ।

(५) उपदफा (१) बमोजिम पुनः निकासी गर्नुपर्ने मालवस्तु पैठारीकर्ताले भन्सार कार्यालयमै छाड्न वा भन्सारको रोहवरमा व्यापारिक रुपमा मूल्यहीन बनाउन वा नष्ट गर्न चाहेमा भन्सार अधिकृतले पैठारी भएको वा भन्सारमा आईपुगेको छ महिनाभित्र त्यस्तो मालवस्तुको शोधभर्ना स्वरुप सोही प्रकारको अर्को मालवस्तु पैठारी गर्नुपर्ने वा सोवापत विदेशी मुद्रा भुक्तानी भईसकेको भए त्यस्तो विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा त्यस्तो मालवस्तु भन्सार कार्यालयमै छाड्न वा भन्सारको रोहबरमा नष्ट गर्न वा मूल्यहीन बनाउन तोकिएबमोजिम अनुमति दिन सक्नेछ ।यसरी भन्सार कार्यालयमा मालवस्तु छाड्दा वा नष्ट गर्दा वा व्यापारिक रुपमा मूल्यहीन बनाउदाँ लाग्ने खर्च सम्बन्धित पैठारीकर्ताबाट असुलउपर गरिनेछ।

## परिच्छेद- ४
## भन्सार मूल्य निर्धारण सम्बन्धी व्यवस्था

३९. पैठारी हुने मालवस्तुको भन्सार मूल्य निर्धारणः (१) पैठारी हुने मालवस्तुको भन्सार मूल्य विश्व व्यापार संगठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (जनरल एग्रिमेन्ट अन टेरिफ्स एण्ड ट्रेड) १९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौतामा उल्लिखित भन्सार मूल्याङ्कन सम्बन्धी नियमहरु, अनुसूची र व्याख्याहरुको अधीनमा रही देहायका विधिहरुको आधारमा गरिनेछ:-

(क) दफा ४० बमोजिम कारोबार मूल्य विधि,

(ख) दफा ४० बमोजिम मूल्य निर्धारण गर्न नसकिएमा दफा ४१ बमोजिम समरुपका मालवस्तु (आईडेन्टिकल गुड्स) को कारोबार मूल्य विधि,

(ग) दफा ४१ बमोजिम मूल्य निर्धारण गर्न नसकिएमा दफा ४२ बमोजिम मिल्दोजुल्दो मालवस्तु (सिमिलर गुड्स) को कारोबार मूल्य विधि,

(घ) दफा ४२ बमोजिम मूल्य निर्धारण गर्न नसकिएमा दफा ४३ बमोजिम निगमनात्मक मूल्य (डिडक्टिव भ्यालु) विधि,

(ङ) दफा ४३ बमोजिम मूल्य निर्धारण गर्न नसकिएमा दफा ४४ मा उल्लेख भए बमोजिम गणना मूल्य (कम्प्युटेड भ्यालु) विधि,

(च) दफा ४४ बमोजिम मूल्य निर्धारण गर्न नसकिएमा दफा ४५ बमोजिम अवशिष्ट (रेजिड्युअल) विधि।

(२) खण्ड (घ) तथा (ङ) मा जुनसुकै कुरा लेखिएको भएता पनि पैठारीकर्ताले खण्ड (घ) भन्दा पहिले खण्ड (ङ) को प्रक्रिया अवलम्बन गरी भन्सार मूल्य निर्धारण गरिदिनका लागि अनुरोध गरेमा सोही बमोजिम मूल्य निर्धारण गरिनेछ। तर खण्ड (ङ) बमोजिम मूल्य निर्धारण गर्न नसकिएमा खण्ड (घ) बमोजिम मूल्य निर्धारण गरिनेछ र खण्ड (घ) बमोजिम मूल्य निर्धारण गर्न नसकिएको अवस्थामा मात्र खण्ड (च) बमोजिम मूल्य निर्धारण गरिनेछ।

**४०.** कारोबार मूल्य विधिः (१) पैठारी भएका मालवस्तुको भन्सार मूल्यको पहिलो आधार कारोबार मूल्य हुनेछ, जुन मूल्य सो मालवस्तुको निकासीकर्ताले निकासी गर्नको लागि नेपालको पैठारीकर्तालाई बिक्री गर्दा पैठारीकर्ताले वास्तविक तिरेको वा तिर्नुपर्ने मूल्यमा दफा ४६ बमोजिम समायोजन गरिएको मूल्य हुनेछ।

तर,

(क) देहाय बमोजिमका बन्देज बाहेक त्यस्ता मालवस्तुहरु पैठारीकर्तालाई बेचबिखन वा प्रयोग गर्नमा कुनै बन्देज लगाइएको हुनु हुदैन:-

(अ) नेपालको कानून बमोजिम लगाइएको वा नेपालको सरकारी निकायले लगाएका बन्देजहरु;

(आ) नेपालको कुनै भौगोलिक क्षेत्रमा मालवस्तु बिक्री गर्नको लागि लगाएका बन्देजहरु; वा

(इ) मालवस्तुको मूल्यमा तात्विक असर नपार्ने प्रकृतिका बन्देजहरु।

(ख) मूल्याङ्कन गर्न लागिएको मालवस्तुको बिक्री मूल्य वा भुक्तानी गरिएको वा गर्नुपर्ने मूल्यमा सो मालवस्तुको मूल्य निर्धारण गर्न नसकिने गरी कुनै शर्त रहेको हुनुहुदैन।

(ग) बिक्रेताले पछि गरेको मालवस्तुको पुनर्बिक्री वा बेचबिखन वा प्रयोगबाट आर्जित रकमको कुनै पनि अंश दफा ४६ का प्रावधानहरु बमोजिम उपयुक्त किसिमले समायोजन गर्न सकिनेमा बाहेक प्रत्यक्ष वा परोक्ष कुनै पनि किसिमले बिक्रेताले प्राप्त गर्ने हुनुहुदैन।

(घ) मूल्याङ्कन गर्न लागिएको मालवस्तु बिक्री गर्ने समयमा क्रेता (पैठारीकर्ता) र बिक्रेता (निकासीकर्ता) एक आपसमा सम्बन्धित हुनुहुदैन । उक्त समयमा क्रेता वा बिक्रेता सम्बन्धित भएकोमाः-

(अ) तिनीहरुको सम्बन्धले मालवस्तुको मूल्यमा प्रभाव परेको हुनुहुदैन; वा

(आ) मालवस्तुको मूल्यमा प्रभाव नपरेको कुरा पैठारीकर्ताले उपदफा (२) बमोजिम कारोवार मूल्यका आवश्यकताहरु पूरा हुने गरी प्रमाणित गर्नु पर्दछ।

(२) मूल्याङ्कन गर्न लागिएको मालवस्तुको बिक्री भएको परिस्थितिको परीक्षण गर्दा क्रेता तथा बिक्रेताबीचको सम्बन्धले वास्तविक रुपमा भुक्तान गरिएको वा भुक्तानी गर्नुपर्ने मूल्यलाई प्रभाव नपारेको वा मूल्याङ्कन गर्न लागिएको मालवस्तुको कारोबार मूल्य देहाय बमोजिमका मालवस्तुको कारोबार मूल्यसँग ज्यादै नजिक भएमा सम्बन्धित व्यक्तिबीचको कारोबार मूल्य स्वीकार्य हुनेछ।

(क) समरुपका वा मिल्दोजुल्दो मालवस्तु नेपालको असम्बन्धित पैठारीकर्तालाई निकासी गर्नको लागि बिक्री गरेको कारोबार मूल्य;

(ख) समरुपका वा मिल्दोजुल्दो मालवस्तुको दफा ४३ बमोजिम निर्धारण गरिएको निगमनात्मक मूल्य;

(ग) समरुपका वा मिल्दोजुल्दो मालवस्तुको दफा ४४ बमोजिम निर्धारण गरिएको गणना मूल्य ।

तर, खण्ड (क), (ख), तथा (ग) मा उल्लिखित मूल्य तुलनाको लागि प्रयोग गर्दा मूल्याङ्कन गर्न लागिएको मालवस्तुको, व्यापारिक स्तर, परिमाणात्मक स्तर, दफा ४६ बमोजिम गर्नुपर्ने समायोजन र बिक्रेता तथा क्रेता सम्बन्धित नभएको बिक्रीमा बिक्रेताले गरेको खर्च लाई समुचित ध्यान दिइने छ।

<u>स्पष्टीकरणः</u> यस परिच्छेदको प्रयोजनको लागि देहायको अवस्था भएमा व्यक्तिहरु आपसमा सम्बन्धित भएको मानिने छः

(क) यदि निजहरु एक अर्काको व्यवसायमा अधिकारी वा सञ्चालक भएमा,

(ख) यदि निजहरु व्यवसायमा कानूनी मान्यता प्राप्त साझेदार भएमा,

(ग) यदि निजहरु रोजगारदाता तथा कर्मचारी भएमा,

(घ) कुनै व्यक्तिको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वामित्व भएमा, नियन्त्रण रहेमा वा उल्लेखनीय मताधिकार (आउटस्ट्याण्डिङ भोटिङ स्टक) वा शेयर वा दुवैमा पाँच प्रतिशतभन्दा बढीको स्वामित्व रहेमा,

(ङ) दुईमध्ये एउटाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अर्कालाई नियन्त्रण गरेमा,

(च) ती दुवै कुनै तेस्रो व्यक्तिद्वारा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नियन्त्रित भएमा,

(छ) संयुक्त रुपमा ती दुवैले कुनै तेस्रो व्यक्तिलाई नियन्त्रण गरेमा, वा

(ज) निजहरु एकै परिवारका सदस्य भएमा

४१. <u>समरुपका मालवस्तु (आइडेन्टिकल गुड्स) को कारोबार मूल्य विधिः</u> (१) दफा ४७ बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य दफा ४० बमोजिमको कारोबार मूल्य विधि अनुसार निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तुको भन्सार मूल्य नेपालमा निकासीको लागि आपूर्तीकर्ता देशबाट बिक्री गरिएको र मूल्याङ्कन गर्न लागिएको मालवस्तु पैठारी भएकै वा करिव एकै समयमा नेपालमा पैठारी भएको समरुपको मालवस्तु (आइडण्टिकल गुड्स) को कारोबार मूल्यको आधारमा निर्धारण गरिनेछ।

(२) समरुपको मालवस्तु बिक्री गर्दाको वाणिज्यिक स्तर र/वा परिमाण र मूल्याङ्कन गर्न लागिएको मालवस्तुको वाणिज्यिक स्तर र/वा परिमाण एउटै भएको अवस्थामा मात्र उपदफा (१) बमोजिमको मूल्य विधिको प्रयोग

गरिनेछ। एउटै वाणिज्यिक स्तर र/वा परिमाणमा बिक्री भएको नपाईएमा भिन्न वाणिज्यिक स्तर र/वा परिमाणलाई पनि लिन सकिनेछ र यसरी भिन्न वाणिज्यिक स्तर र/वा परिमाण लिईएको कारणले उत्पन्न हुने भिन्नतालाई समायोजन गरी प्रयोग गरिनेछ। यसरी समायोजन गर्दा मूल्यलाई बढाउने वा घटाउने जे भए पनि उक्त समायोजनको औचित्य र विशुद्धतालाई स्पष्ट रुपमा स्थापित गर्ने प्रमाणित आधार हुनु पर्नेछ।

(३) दफा ४६ ले निर्दिष्ट गरेको समायोजन गर्नुपर्ने खर्च तथा शुल्कलाई कारोबार मूल्यमा समावेश गर्दा भौगोलिक दूरी र ढुवानीको साधनको भिन्नताले मूल्याङ्कन गर्न लागिएको मालवस्तु र समरुपको मालवस्तुबीच उत्पन्न हुने उल्लेखनीय फरकलाई मनन गर्नको लागि त्यस्तो खर्च र शुल्कलाई समायोजन गरिनेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "समरुपका मालवस्तु (आइडण्टिकल गुड्स)" भन्नाले नगन्य भिन्नता जसले मालवस्तुको मूल्यलाई प्रभाव पर्दैन, बाहेक मूल्याङ्कन गर्न लागिएका मालवस्तु उत्पादन भएकै देशमा उत्पादन भएको र भौतिक विशेषता, गुण तथा ख्याति लगायत सवै पक्षमा समान भएको मालवस्तु सम्झनु पर्छ।

४२. मिल्दोजुल्दो मालवस्तु (सिमिलर गुड्स) को कारोबार मूल्य विधिः (१) दफा ४७ बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य दफा ४१ बमोजिम निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तुको भन्सार मूल्य नेपालमा निकासीको लागि आपूर्तीकर्ता देशबाट बिक्री गरिएको र मूल्याङ्कन गर्न लागिएको मालवस्तु पैठारी भएकै वा करिव एकै समयमा नेपालमा पैठारी भएको मिल्दोजुल्दो मालवस्तु (सिमिलर गुड्स) को कारोबार मूल्यको आधारमा निर्धारण गरिनेछ।

(२) मिल्दोजुल्दो मालवस्तु बिक्री गर्दाको वाणिज्यिक स्तर र/वा परिमाण र मूल्याङ्कन गर्न लागिएको मालवस्तुको वाणिज्यिक स्तर र/वा परिमाण एउटै भएको अवस्थामा मात्र उपदफा (१) बमोजिमको मूल्य विधिको प्रयोग गरिनेछ। एउटै वाणिज्यिक स्तर र/वा परिमाणमा बिक्री भएको नपाइएमा भिन्न वाणिज्यिक स्तर र/वा परिमाणलाई पनि लिन सकिनेछ र यसरी भिन्न वाणिज्यिक स्तर र/वा परिमाण लिईएको कारणले उत्पन्न हुने भिन्नतालाई समायोजन गरी प्रयोग गरिनेछ। यसरी समायोजन गर्दा मूल्यलाई बढाउने वा घटाउने जे भए पनि उक्त समायोजनको औचित्य र विशुद्धतालाई स्पष्ट रुपमा स्थापित गर्ने प्रमाणित आधार हुनु पर्नेछ।

(३) दफा ४६ ले निर्दिष्ट गरेको समायोजन गर्नुपर्ने खर्च तथा शुल्कलाई कारोबार मूल्यमा समावेश गर्दा भौगोलिक दूरी र ढुवानीको साधनको भिन्नताले पैठारी भएको मालवस्तु र मिल्दोजुल्दो मालवस्तुबीच उत्पन्न हुने उल्लेखनीय फरकलाई मनन गर्नको लागि त्यस्तो खर्च र शुल्कलाई समायोजन गरिनेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "मिल्दोजुल्दो मालवस्तु (सिमिलर गुड्स)" भन्नाले मूल्याङ्कन गर्न लागिएको मालवस्तुसँग सबै पक्षमा समान नभए पनि मालवस्तुको बनावट एवं कार्यको हिसावले धैरै मिल्दोजुल्दो, गुणस्तर एवं ख्यातिको कारणले वाणिज्यिक रुपमा परस्पर विनिमययोग्य, मूल्याङ्कन गर्न लागिएको मालवस्तु उत्पादन भएकै देशमा सोही उत्पादक वा निजको तर्फबाट उत्पादन भएको मालवस्तु सम्झनु पर्दछ।

४३. निगमनात्मक (डिडक्टिव) मूल्य विधि: (१) दफा ४७ बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य दफा ४२ बमोजिम निर्धारण गर्न नसकिएमा र पैठारीकर्ताले दफा ३९ को उपदफा (२) वमोजिम अनुरोध गरेको अवस्थामा बाहेक पैठारी भएको मालवस्तुको भन्सार मूल्य त्यस्तो मालवस्तु वा समरुपको मालवस्तु वा मिल्दोजुल्दो मालवस्तु मूल्याङ्कन गर्न लागिएका मालवस्तु पैठारी भएकै वा करिव एकै समयमा नेपालमा पैठारी भई सोही अवस्थामा सवैभन्दा ठूलो परिमाणमा असम्बन्धित व्यक्तिलाई बिक्री गरिएको मालवस्तुमा देहाय बमोजिमको खर्च कटाई हुन आउने इकाइ मूल्य (युनिट प्राइस) को आधारमा गरिनेछः-

(क) नेपालमा त्यस्तै वर्ग वा किसिमको मालवस्तु बिक्रीको सिलसिलामा प्रायः जसो तिरेको वा तिर्न मन्जुर गरेको कमिसन वा नाफा तथा साधारण खर्चको लागि भएको थप रकम,

(ख) नेपालभित्र लागेको सामान्य परिवहन खर्च र वीमाको लागत,

(ग) नेपालमा मालवस्तु पैठारी गर्दा लागेको वा लाग्नसक्ने भन्सार महसुल, कर एवं दस्तुरहरु।

(२) मूल्याङ्कन गर्न लागिएको मालवस्तु वा समरुपको मालवस्तु वा मिल्दोजुल्दो मालवस्तु मूल्याङ्कन गर्न लागिएको मालवस्तु पैठारी भएकै वा करिव एकै समयमा पैठारी भई नेपालमा सोही अवस्थामा बिक्री भएको नपाईएमा मूल्याङ्कन गर्न लागिएको मालवस्तु भन्दा पहिले पैठारी भएको नब्बे दिनभित्रको सवैभन्दा नजिकको समयमा सोही अवस्थामा बिक्री भएको मालवस्तुको उपदफा (१) को अधीनमा रही निर्धारण गरिने इकाइ मूल्यको आधारमा गरिनेछ।

(३) मूल्याङ्कन गर्न लागिएको मालवस्तु वा समरुपको मालवस्तु वा मिल्दोजुल्दो मालवस्तु नेपालमा मूल्याङ्कन गर्न लागिएको मालवस्तु पैठारी गरिएकै अवस्थामा बिक्री भएको नपाईएको र पैठारीकर्ताले अनुरोध गरेको अवस्थामा त्यस्तो मालवस्तु नेपालमा पैठारी भएपछि प्रशोधन वा जोडजाड गरी बिक्रेतासँग असम्बन्धित व्यक्तिलाई बिक्री गरेको सबैभन्दा ठूलो समष्टिगत परिमाणको ईकाइ मूल्यको आधारमा गरिनेछ ।यसरी मूल्य कायम गर्दा उपदफा (१) को अतिरिक्त मालवस्तु प्रशोधन गर्दा वा जोडजाड गर्दा भएको मूल्य अभिवृद्धिसमेत समायोजन गरिनेछ।

४४. गणना (कम्प्युटेड) मूल्य विधिः (१) दफा ४७ बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य दफा ४३ बमोजिम निर्धारण गर्न नसकिएमा त्यस्ता मालवस्तुको भन्सार मूल्य देहायका लागतहरु जोडी गणना गरिएको मूल्यमा आधारित हुनेछः-

(क) पैठारी गरिएको मालवस्तु उत्पादन गर्न लागेको सामग्रीहरु र निर्माण तथा प्रशोधनमा लागेको लागत वा मूल्य;

(ख) मूल्याङ्कन गर्न लागिएका मालवस्तुसँग समान श्रेणी वा किसिमको मालवस्तुको बिक्री गर्दा सामान्यतया प्रतिविम्वित हुने निकासी गर्ने देशको उत्पादकले नेपालमा निकासी गर्नको लागि लिएको मुनाफा र सामान्य खर्चहरु;

(ग) दफा ४६ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (आ), खण्ड (ख) को उपखण्ड (आ), (इ), (ई), खण्ड (ग) र खण्ड (घ) बमोजिमका खर्चहरु।

(२) मूल्याङ्कन गर्न लागिएको मालवस्तुमा लागेका सामग्रीबापतका खर्चहरु तथा प्रशोधन एवं उत्पादनसँग सम्बन्धित सम्पूर्ण खर्चहरु देहाय बमोजिमका सूचनाको आधारमा निर्धारण गरिनेछः-

(क) मूल्याङ्कन गर्न लागिएको मालवस्तु उत्पादकको वाणिज्यिक खाताहरु;

(ख) सामान्य स्वीकृतयोग्य लेखाका सिद्धान्त अनुकूल उक्त मालवस्तु उत्पादन गर्ने देशमा तयार गरिएको र उत्पादक वा उसको तर्फबाट आपूर्ति गरिएको मूल्याङ्कन गर्न लागिएको मालवस्तुसँग सम्बन्धित अन्य पर्याप्त सूचनाहरु।

(३) उपदफा (१) को खण्ड (ख) मा उल्लिखित मुनाफा तथा साधारण खर्चहरु प्रतिशतमा गणना गरिनेछ। यसको लागि मूल्याङ्कन गर्न लागिएका मालवस्तु उत्पादन भएको देशमा सामान्य स्वीकृतयोग्य लेखाका सिद्धान्त अनुसार तयार पारिएका र उत्पादक वा निजको तर्फबाट आपूर्ती गरिएका पर्याप्त सूचनालाई आधार लिइनेछ।

(४) उपदफा (३) बमोजिम उत्पादकले मुनाफा र सामान्य खर्चहरुको लागि आपूर्ति गरेका आफ्ना आँकडाहरु सामान्यत त्यस्तै श्रेणी वा किसिमका मालवस्तुको बिक्रीमा प्रतिविम्वित हुने नाफा वा सामान्य खर्चहरु अनुकूल नभएमा भन्सार अधिकृतले भन्सार मूल्य निर्धारण गर्दा अन्य सान्दर्भिक सूचनाहरुको आधार लिन सक्नेछ।

४५. अवशिष्ट (रेजिड्युअल) विधिः दफा ४७ बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य दफा ४० देखि दफा ४४ बमोजिम निर्धारण गर्न नसकिएमा भन्सार अधिकृतले त्यस्ता मालवस्तुको भन्सार मूल्य उल्लिखित भन्सार विधिहरु अनुकूल हुने गरी उक्त विधिहरुको प्रयोगमा तर्कसँगत लचकता अपनाई आवश्यकता अनुसार उचित समायोजन वा थपघट गरी निर्धारण गर्नेछ।

४६. वास्तविक रुपमा तिरेको वा तिर्नुपर्ने मूल्यमा समावेश गरिने खर्चहरुः (१) दफा ४० बमोजिम भन्सार मूल्य निर्धारण गर्दा पैठारी भएको मालवस्तुको लागि वास्तविक रुपमा तिरेको वा तिर्नुपर्ने मूल्यमा देहायका खर्चहरु जोडी समायोजन गरिने छः-

(क) पैठारीकर्ताले व्यहोरेको तर मालवस्तुको लागि वास्तविक रुपमा तिरेको वा तिर्नुपर्ने मूल्यमा समावेश नभएका देहाय बमोजिमका खर्चहरुः

(अ) पैठारीकर्ताको विदेशमा रहेको प्रतिनिधिले खरीद गर्ने सम्बन्धमा सेवा गरे बापत प्राप्त गरेको कमिशन बाहेक पैठारीकर्ताले त्यस्ता मालवस्तुको सम्बन्धमा व्यहोरेको कमिशन र दलाली दस्तुर,

(आ) भन्सार प्रयोजनको लागि पैठारी भएका मालवस्तुकै रुपमा व्यवहार गरिने आधानपात्रहरु,

(इ) संपुटन सामग्रीको कच्चापदार्थ वा मजदूरीको लागि लागेको खर्च।

(ख) पैठारी भएका मालवस्तुको उत्पादन एवं निकासीको लागि क्रेताले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निशुल्क वा घटी मूल्यमा आपूर्ति गरेका र वास्तविक रुपमा तिरेको तिर्नुपर्ने मूल्यमा समावेश नभएका देहायका मालवस्तु एवं सेवाको मूल्य:-

(अ) पैठारी भएका मालवस्तुमा समावेश भएका सामग्रीहरु, सहायक सामग्रीहरु, पार्टपूर्जा र यस्तै सामग्रीहरु,

(आ) पैठारी भएका मालवस्तुको उत्पादनमा प्रयोग गरिएको औजारहरु, डाइहरु एवं माउल्डहरु,

(इ) पैठारी भएका मालवस्तुको उत्पादनमा उपभोग भएका सामग्रीहरु,

(ई) पैठारी भएका मालवस्तुको लागि आवश्यक र पैठारी भएको देश बाहेक अन्यत्र तयार गरिएका इन्जिनीयरिङ, विकास, कला, डिजाइन, योजना तथा नक्शा,

(उ) वास्तविक तिरेको वा तिर्नुपर्ने मूल्यमा समावेश नगरिएका, मूल्याङ्कन गर्न लागिएका मालवस्तुसँग सम्बन्धित, क्रेताले बिक्रीको शर्त स्वरुप प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा तिर्नुपर्ने पेटेन्ट, ट्रेडमार्क, प्रतिलिपि अधिकारसँग सम्बन्धित सलामी (रोयल्टी) हरु र इजाजत दस्तुर,

(ग) पैठारी भएका मालवस्तुको पुन: बिक्रीबाट बिक्रेतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त हुने मुनाफाको कुनै अंशको मूल्य,

(घ) पैठारी गरिएका मालवस्तुमा निकासी भएको देशदेखि नेपालको भन्सार विन्दुसम्मको परिवहन एवं वीमाको लागत, लोडिङ, अनलोडिङ एवं ह्याण्डलिङ दस्तुरहरु र पैठारी गरिएका मालवस्तुको परिवहनसँग सम्बन्धित अन्य खर्चहरु।

(२) उपदफा (१) बमोजिम मूल्य समायोजन गर्दा त्यस्ता खर्चहरुको वस्तुगत एवं गणनायोग्य आँकडाको आधारमा मात्र गरिनेछ।

(३) उपदफा (१) मा उल्लेख नगरिएका खर्चहरु वास्तविक तिरेको वा तिर्नुपर्ने मूल्यमा जोडिने छैन।

४७. मूल्य घोषणा गर्नु पर्नेः (१) पैठारीकर्ताले आफूले पैठारी गरेको मालवस्तुको मूल्य प्रमाणित गर्ने विवरण तथा कागजात संलग्न गरी तोकिए बमोजिम कारोबार मूल्य घोषणा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य दफा ४० अनुरुपको कारोबार मूल्य भएमा भन्सार अधिकृतले त्यस्तो कारोबार मूल्य स्वीकार गर्नेछ। उपदफा (१) बमोजिम घोषणा गरेको मूल्यमा दफा ४६ बमोजिम जोड्नुपर्ने रकम समावेश भएको नदेखिएमा भन्सार अधिकृतले त्यस्तो रकम जोडी मूल्य निर्धारण गर्नेछ।

(३) पैठारीकर्ताले दफा ४६ बमोजिम वास्तविक तिरेको वा तिर्नुपर्ने मूल्यमा जोड्नुपर्ने रकमहरुको वस्तुगत, गणनायोग्य एवं विश्वसनीय आँकडा पेश गर्न नसकेमा महानिदर्शेकले दफा ४६ को अधीनमा रही तोकिदिएको आधार बमोजिम हुने रकम जोडी भन्सार अधिकृतले भन्सार मूल्य निर्धारण गर्नेछ।

(४) उपदफा (१) बमोजिम घोषणा गरेको मूल्य शङ्कास्पद छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा भन्सार अधिकृतले पैठारीकर्तासँग त्यस्तो मूल्य वास्तविक कारोबार मूल्य हो भनी प्रमाणित गर्ने थप कागजात वा प्रमाण लिखित रुपमा माग गर्न सक्नेछ। त्यसरी मागभएका कागजात उपलब्ध गराउने जिम्मेवारी पैठारीकर्ताको हुनेछ।

(५) उपदफा (४) बमोजिम पैठारीकर्ताले पेश गरेको थप कागजात वा प्रमाणबाट पनि कारोबार मूल्य प्रमाणित हुन नसकेमा त्यसको कारण सहितको सूचना भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई दिई दफा ४१ देखि दफा ४५मा उल्लिखित विधिहरुको क्रमबद्धताको आधारमा मूल्य निर्धारण गर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि  कुनै पैठारीकर्ताले अधिक बीजकीकरण गरी मालवस्तु पैठारी गरेको भन्सार अधिकृतलाई लागेमा निजले प्रचलित कानून बमोजिम आवश्यक अनुसन्धान तथा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(७) उपदफा (५)  वमोजिम मूल्य निर्धारण गर्दा पैठारीकर्ताले पेश गरेको उक्त मालवस्तुको विदेशी मुद्रा भुक्तानीको कागजातलाई  आधार लिईने छैन।

(८) मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था  तोकिए बमोजिम हुनेछ।

४८. **औचित्यको आधारमा मूल्य निर्धारण गर्नेः** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि घोषणाकर्ताले देहायका मालवस्तुको सम्बन्धमा कारोवार मूल्य खुलाउन नसक्ने कारण जनाई सो मालवस्तुको मूल्याङ्कन गरिदिन निवेदन दिएमा र  भन्सार अधिकृतलाई उपयुक्त लागेमा त्यस्ता मालवस्तुको उपलब्ध सूचना वा तथ्याङ्कको आधारमा   औचित्य हेरी उपयुक्त भन्सार मूल्य निर्धारण गरिदिन सक्नेछः

(क) यात्रुको व्यक्तिगत प्रयोजनको मालवस्तु,

(ख) विदेशी मुलुकबाट उपहार वा नमूनास्वरुप पैठारी भएको मालवस्तु,

(ग) राहत सामग्री,

(घ) पछि फिर्ता लैजाने शर्तमा अस्थायी रुपमा पैठारी गरिएका मालवस्तु।

४९. पुराना सवारी साधन, यन्त्रावली एवं उपकरणको भन्सार मूल्य निर्धारणः (१) कूटनीतिक सुविधा, महसुल सुविधा वा नेपालमा आयोजना सञ्चालनको लागि वा निजी प्रयोगको लागि पूर्ण वा आँशिक महसुल छुटमा वा बैंक जमानतका आधारमा पैठारी भएका पुराना सवारी साधन वा यन्त्रउपकरणको महसुल असुल गर्ने प्रयोजनको लागि भन्सार मूल्य निर्धारण गर्दा भन्सार अधिकृतले त्यस्ता मालवस्तुको सामान्यतः पैठारी हुँदाको मूल्यमा उत्पादन भएको मितिले वार्षिक दश प्रतिशतका दरले अवशिष्ट मूल्यमा अधिकतम पाँच वर्षको ह्रासकट्टी गरी मूल्य कायम गर्नेछ।

(२) उपदफा (१) जुनसुकै कुरा उल्लेख भए तापनि त्यस्ता मालवस्तु पैठारी हुँदा घोषणा गरेको वा निर्धारण गरेको मूल्य पैठारीको अवस्थामा समरुपको वा मिल्दोजुल्दो मालवस्तुको भन्सार मूल्यभन्दा अस्वाभाविक रुपले घटी घोषणा गरेको देखिएमा भन्सार अधिकृतले उक्त समयमा पैठारी भएका समरुपको वा मिल्दोजुल्दो मालवस्तुको भन्सार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गरी उपदफा (१) वमोजिम ह्रासकट्टी गरी भन्सार मूल्य कायम गर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम भन्सार मूल्य निर्धारण गर्दा पैठारीको अवस्थामा घोषणा गरिएको वा निर्धारण गरिएको विदेशी मुद्रालाई नेपाली रुपैयाँमा परिवर्तन गर्दा त्यस्ता मालवस्तुको बाँकी महसुल बुझाउने दिनमा नेपाल राष्ट्र बैङ्कद्वारा तोकिएको बिक्री दर बमोजिम गरिनेछ।

५०. थप महसुल असुल गर्नेः  पैठारीकर्ताले दफा ४७ बमोजिम घोषणा गरेको मूल्य भन्सार अधिकृतले यस परिच्छेद बमोजिम निर्धारण गरेको भन्सार मूल्यभन्दा घटी भएमा त्यसरी घटी भएको जति मूल्यमा पचास प्रतिशत थप भन्सार महसुल असुल गरी त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ।

५१ मालवस्तु खरिद गर्न सक्नेः  (१) पैठारीकर्ताले दफा ४७ बमोजिम घोषणा गरेको मूल्य भन्सार अधिकृतले यस परिच्छेद वमोजिम निर्धारण गरेको भन्सार मूल्यभन्दा अस्वाभाविक रुपले घटी भएको देखिएमा घोषणा गरेको मूल्यमा पाँच

प्रतिशत रकम थप गर्दा हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिने गरी भन्सार अधिकृतले त्यस्तो मालवस्तु खरिद गर्न सक्नेछ ।

५२. वाणिज्यिक जालसाजमा कारबाही गर्नेः कुनै पैठारीकर्ताले महसुल छल्ने मनसायले मालवस्तुको नक्कली वा जालसाजी वा कीर्ते बीजक बनाई भन्सार कार्यालयमा पेश गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ । यस्तो कसूर गर्ने पैठारी कर्तालाई दफा ११४ को उपदफा (३) बमोजिम दण्ड सजाय हुनेछ।

५३. पैठारी हुने मालवस्तुको विदशी मुद्रा परिवर्तनः पैठारी हुने मालवस्तुको भन्सार मूल्य कायम गर्दा सामान्यतः विदशी मुद्रामा गरिने छ । पैठारीको अवस्थामा महसुल बुझाउनु पर्ने मालवस्तुको मूल्याङ्कन विदेशी मुद्रामा भएकोमा सोको नेपाली रुपैयाँमा परिवर्तन गर्दा त्यस्तो मालवस्तु जाँचपासको लागि घोषणा भएको दिनमा नेपाल राष्ट्र बैङ्कबाट तोकिएको विदेशी मुद्राको बिक्रीदरको आधारमा गरिनेछ । नेपाल राष्ट्र बैङ्कबाट विनिमय दर नतोकिएको विदशी मुद्राको हकमा सो विदशी मुद्रालाई अमेरिकी डलरमा परिवर्तन गर्दा हुने अमरिकी डलरको बिक्री दरको आधारमा गरिनेछ।

तर दफा ४९ को उपदफा (३) मा लेखिएको कुरामा सोही बमोजिम हुनेछ।

५४. पुनः मूल्य निर्धारण गर्न आदेश दिन सक्नेः (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस परिच्छेद बमोजिम भन्सार अधिकृतले भन्सार मूल्य निर्धारण गर्दा यस परिच्छेदमा उल्लेख भएका विधि वा प्रक्रिया अनुकूल नभएमा वा सो मूल्य शङ्कास्पद छ भन्ने विश्वास गर्नु पर्ने मनासिव कारण भएमा त्यस्तो मालवस्तुको यस दफा बमोजिमपुनःमूल्य निर्धारण गर्न महानिर्देशकले आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएमा भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी तीस दिनभित्र यस परिच्छेद बमोजिम पुनः भन्सार मूल्य निर्धारण गरी महानिर्देशकलाई जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको आदेश दिंदा महानिर्देशकले त्यस्तो मालवस्तु जाँचपास भएको मितिले नब्बे दिनभित्र दिनु पर्नेछ ।

५५. **अस्थायी रुपमा भन्सार मूल्य निर्धारण गर्न सक्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लखिएको भए तापनि देहायका अवस्थामा भन्सार अधिकृतले पैठारी भएको मालवस्तुको यस परिच्छेदको अधीनमा रही मनासिब अस्थायी भन्सार मूल्य निर्धारण गर्न सक्नेछः–

(क) पैठारीकर्ताले मनासिब कारण देखाई मालवस्तुको मूल्याङ्कनको लागि आवश्यक पर्ने कागजात तथा अन्य जानकारी तत्काल उपलब्ध गराउन नसक्ने व्यहोराको निवेदन दिएमा,

(ख) मालवस्तुको प्रयोगशाला परीक्षण वा अन्य जाँच गरेपछि मात्र भन्सार मूल्य निर्धारण गर्नु पर्ने वा गर्न सकिने भएमा वा पैठारीकर्ताले उपलब्ध गराएको कागजात र जानकारीको सम्बन्धमा थप जाँचबुझ गर्नु पर्ने देखिएमा ।

(२) उपदफा (१) बमोजिम अस्थायी भन्सार मूल्य निर्धारण भएपछि पैठारीकर्ताले त्यस्तो मालवस्तुमा लाग्ने महसुल धरौटीमा राखी मालवस्तु छुटाउन चाहेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जाँचपास गरिदिनेछ ।

(३) उपदफा (१) बमोजिम अस्थायी मूल्य निर्धारण भएको मितिले सामान्यतः तीस दिनभित्र भन्सार अधिकृतले सो मालवस्तुको भन्सार मूल्य यस परिच्छेद बमोजिम निर्धारण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निर्धारण भएको भन्सार मूल्य उपदफा (१) बमोजिम निर्धारण भएको अस्थायी भन्सार मूल्यभन्दा बढी भएमा भन्सार कार्यालयले त्यसरी बढी भएजति मूल्यमा लाग्ने महसुल त्यस्तो पैठारीकर्ताबाट असुलउपर गर्नु पर्नेछ र घटी भएमा बढी असुल भएको महसुल निजलाई फिर्ता दिनु पर्नेछ ।

५६. अस्थायी रुपमा भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको अनुमानित रकम कायम गरिदिन सक्नेः (१) कुनै पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा लागेको भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको कागजात आफ्नो काबुबाहिरको परिस्थिति परी

तत्काल पेश गर्न नसक्ने भएमा सोको कारण खुलाई त्यस्तो भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको अनमानित रकम कायम गरिदिनको लागि भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको कारोबार मूल्यमा समावेश हुन सक्ने भाडा, बीमा वा अन्य सम्बद्ध खर्च बापतको अनुमानित रकम कायम गरिदिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको अनुमानित रकम कायम भएको मितिले नब्बे दिनभित्र सम्बन्धित पैठारीकर्ताले सो मालवस्तुको वास्तविक भाडा, बीमा तथा अन्य सम्बद्ध खर्च प्रमाणित गर्ने कागजात पेश गर्नु पर्नेछ। त्यसरी पेश गरेको कागजातमा उल्लेख भएको रकम उपदफा (२) बमोजिम कायम भएको अनुमानित रकमभन्दा बढी भएमा त्यस्तो बढी रकममा लाग्ने महसुल निजले बुझाउनु पर्नेछ र घटी भएमा लाग्ने महसुल कटाई बाँकी रकम भन्सार अधिकृतले निजलाई फिर्ता गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र सम्बन्धित पैठारीकर्ताले प्रमाण कागजात पेश नगरेमा वा अन्यथा प्रमाणित नभएमा भन्सार अधिकृतबाट उपदफा (२) बमोजिम कायम भएको अनुमानित रकमलाई नै त्यस्तो भाडा बीमा र अन्य सम्बद्ध खर्चको अन्तिम रकम मानिनेछ।

५७. **निकासी गरिने मालवस्तुको भन्सार मूल्य निर्धारण:** (१) निकासी गरिने मालवस्तुको भन्सार मूल्य सामान्यतः निकासीकर्ताले घोषणा गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महानिर्देशकले आवश्यक ठानेमा निकासी हुने कुनै मालवस्तुको न्यूनतम भन्सार मूल्य तोक्न सक्नेछ। त्यसरी भन्सार मूल्य तोकिएकोमा निकासीकर्ताले घोषणा गरेको मूल्य र महानिर्देशकले तोकेको भन्सार मूल्य मध्ये जुन बढी हुन्छ सोही मूल्यलाई निकासी प्रयोजनको लागि त्यस्तो मालवस्तुको भन्सार मूल्य मानिनेछ।

(३) यस दफा बमोजिम मालवस्तुको मूल्य कायम गर्दा विदेशी मुद्रामा गरिने छ। त्यस्तो विदेशी मुद्रालाई नेपाली रुपैयाँमा परिवर्तन गर्दा त्यस्तो मालवस्तु यस ऐनबमोजिम जाँचपासको लागि घोषणा भएको दिनमा नेपाल राष्ट्र बैङ्कबाट तोकिएको विदेशी मुद्राको खरिद दरको आधारमा गरिने छ।

५८. **मूल्य निर्धारण सम्बन्धी जानकारी माग गर्न सक्ने**: (१) कुनै पैठारीकर्ताले आफूले पैठारी गरेको मालवस्तुको भन्सार मूल्य निर्धारण गर्न भन्सार कार्यालयले अवलम्बन गरेको आधारका सम्बन्धमा सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिई जानकारी माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा सो कार्यालयले निजलाई त्यस्तो जानकारी सात दिनभित्र दिनु पर्नेछ।

## परिच्छेद-५

## मालवस्तुको वर्गीकरण तथा महसुल निर्धारण

५९. **मालवस्तुको वर्गीकरण:** (१) महसुल निर्धारण गर्ने प्रयोजनका लागि निकासी वा पैठारी भएका मालवस्तुको वर्गीकरण गर्ने आधार देहाय बमोजिम हुनेछः

(क) प्रचलित आर्थिक ऐनको भन्सार महसुल सम्बन्धी अनुसूची,

(ख) विश्व भन्सार संगठनद्वारा प्रतिपादित हार्मोनाइज्ड वस्तु वर्गीकरण प्रणाली र व्याख्यात्मक टिप्पणीहरु,

(ग) विश्व भन्सार संगठनले गरेका वस्तु वर्गीकरण सम्बन्धी निर्णयहरु,

(ङ) महानिर्देशकले कुनै मालवस्तुमा सम्बन्धमा यस ऐन बमोजिम गरेको वर्गीकरणको निर्णय वा दिएको पूर्वादेश।

(२) भन्सार अधिकृतले दफा २९ को उपदफा (१) को खण्ड (ख) र (घ) बमोजिम मालवस्तु जाँचपास गर्दा महसुल निर्धारण गर्नुअघि घोषणाकर्ताले घोषणा गरेको मालवस्तु उपदफा (१) बमोजिमको आधारमा वर्गीकरण भए नभएको जाँच गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मालवस्तुको वर्गीकरण जाँच गर्दा उपदफा (१) मा उल्लिखित आधार बमोजिम वर्गीकरण भएको पाइएमा भन्सार अधिकृतले सो मालवस्तुमा लाग्ने महसुल निर्धारण गर्नेछ।

(४) उपदफा (२) बमोजिम जाँच गर्दा मालवस्तुको वर्गीकरण उपदफा (१) मा उल्लिखित आधार बमोजिम भएको नदेखिएमा भन्सार अधिकृतले घोषणाकर्तालाई जानकारी गराई उपदफा (१) को आधारमा वर्गीकरण संशोधन गरी सोही बमोजिम लाग्ने महसुल निर्धारण गर्नेछ

(५) उपदफा (४) वमोजिम भन्सार अधिकृतले गरेको वर्गीकरणको संशोधनमा चित्त नवुझ्ने घोषणाकर्ताले भन्सार अधिकृतले निर्धारण गरेको महसुल भुक्तान गरी दफा १३० बमोजिम पुनरावलोकनको लागि उपमहानिर्देशक समक्ष निवेदन दिन सक्नेछ।

(६) घोषणाकर्ताले उपदफा (५) बमोजिम महसुल भुक्तान गर्दा वस्तु वर्गीकरणको अन्तिम निर्णय हुँदा ठहरे बमोजिम हुने गरी पूर्ण वा आंशिक रुपमा धरौटीमा राख्न निवेदन दिएमा भन्सार अधिकृतले सोही बमोजिम धरौटी राखी मालवस्तु जाँचपास गर्न सक्नेछ ।

६०. **मालवस्तुको वर्गीकरण सम्बन्धी अन्तिम निर्णय गर्नेः** (१) दफा ५९ बमोजिम मालवस्तुको वर्गीकरण जाँच गर्दा घोषणाकर्ताले घोषणा गरेको वर्गीकरण मिले नमिलेको यकिन गर्न नसकी भन्सार अधिकृतलाई द्विविधा भएमा द्विविधा हुनुपर्ने कारण, आफ्नो राय, मालवस्तुको विस्तृत विवरण, तत्सम्बन्धी काजात र संभव भएमा मालवस्तुको नमूना सहित महानिर्देशक समक्ष वर्गीकरणको निर्णयको लागि लेखी पठाउनु पर्नेछ ।

तर, भन्सार अधिकृतले यस उपदफा बमोजिम वर्गीकरणको लागि महानिर्देशक समक्ष लेखी पठाउनु अघि आफ्नो राय अनुसारको उपशीर्षकमा वर्गीकरण गरी सो बमोजिम लाग्ने महसुल धरौटी लिई मालवस्तु जाँचपास गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा महानिर्देशकले दफा ५९ को उपदफा (१) मा उल्लेख भएका आधारहरु समेतको अध्ययन र विश्लेषण गरी भन्सार अधिकृतबाट लेखिआएको साठी दिन भित्र वर्गीकरण उपशीर्षक तोक्ने निर्णय गरी सोको जानकारी भन्सार अधिकृतलाई गराउनु पर्नेछ र यस्तो जानकारी प्राप्त भएपछि भन्सार अधिकृतले पनि सोही बमोजिम गर्नु पर्नेछ

(३) उपदफा (२) बमोजिम निर्णय गर्नुअघि महानिर्देशकले आवश्यक ठानेमा सो मालवस्तुको विभाग वा अन्य सरकारी निकायको प्रयोगशालाबाट परीक्षण गराई सो सम्बन्धी विशेषज्ञको राय वा कुनै मालवस्तुका सम्बन्धमा सम्बन्धित विशेषज्ञ वा विश्व भन्सार संगठन वा अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायको राय लिन सक्नेछ । यस उपदफा बमोजिम विश्व भन्सार संगठन वा अन्य अन्तर्राष्ट्रिय निकायको राय लिनु परेको अवस्थामा उपदफा (२) बमोजिमको समयावधि लागू हुने छैन ।

(४) यस दफा बमोजिम महानिर्देशकले गरेको मालवस्तुको वर्गीकरण सम्बन्धी निर्णय अदालतबाट अन्यथा निर्णय भएकोमा बाहेक अन्तिम हुनेछ ।

६१. **महसुल** बुझाउने दायित्वः (१) यस ऐन वमोजिम मालवस्तु निकासी वा पैठारी गर्दा त्यस्ता मालवस्तुमा लाग्ने महसुल बुझाउने दायित्व घोषणाकर्ताको हुनेछ ।

(२) यस ऐन बमोजिम निर्धारण भएको महसुल वापतको रकम त्यस्तो महसुल निर्धारण भएको मितिले सात दिनभित्र घोषणाकर्ताले बुझाउनु पर्नेछ। सो म्यादभित्र महसुल नबुझाएमा त्यस्तो म्याद नाघेको मितिदेखि निर्धारित महसुलमा प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले व्याज समेत गणना गरी असुल गरिनेछ र त्यस्तो अवधि महसुल निर्धारण भएको मितिले तीस दिनभन्दा बढी हुने छैन ।

(३) यस दफा बमोजिम बुझाउनु पर्ने महसुल, ब्याज वा यस ऐन बमोजिम लाग्ने जरिबाना मालवस्तु घोषणा गरिएको भन्सार कार्यालयमा वा त्यस्तो महसुल निर्धारण गर्ने कार्यालयमा वा तोकिए बमोजिमको बैंकमा बुझाउनु पर्नेछ।

(४) यस दफा बमोजिम निर्धारण भएको महसुल वा ब्याज वा यस ऐन बमोजिम लागेको जरिबाना त्यसरी निर्धारण भएको मितिले तीस दिनभित्र दाखिल नगरेमा त्यस्तो मालवस्तु जफत गरी सो मालवस्तुको लिलाम बिक्रीबाट प्राप्त हुने रकमबाट तोकिए बमोजिम असुल गर्न सकिनेछ।

६२. **विद्युतीय माध्यमबाट भुक्तानी गर्न सकिनेः**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा अन्य प्रचलित संघीय कानून बमोजिम भन्सार कार्यालयमा बुझाउनु पर्ने महसुल वा जरिबाना वा अन्य कुनै रकम विद्युतीय माध्यमबाट भुक्तानी (इ-पेमेन्ट) गर्न सकिने छ।

(२) उपदफा (१) बमोजिम विद्युतीय माध्यमबाट गरिने भुक्तानी (इ-पेमेन्ट) सम्बन्धी व्यवस्था विभागले तोकेबमोजिम हुनेछ।

६३. **मालवस्तु जाँचपास गर्नेः** (१) महसुल बुझाउन नपर्ने गरी प्रचलित कानून बमोजिम छुट वा सुविधा दिइएकोमा बाहेक यस ऐन बमोजिम निर्धारण भएको महसुल घोषणाकर्ताले बुझाएपछि मात्र भन्सार अधिकृतले मालवस्तु जाँचपास गर्नेछ।

तर, निर्धारण गरिएको महसुल वा दफा २६ बमोजिम भन्सार अधिकृतको अनुमतिमा घोषणा संशोधन गरेको कारणले फरक पर्न गएको महसुल तोकिएको रकमभन्दा घटी हुने भएमा भन्सार अधिकृतले त्यस्तो महसुल नलिई मालवस्तु जाँचपास गर्न सक्नेछ।

(२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि महानिर्देशकले केन्द्रीय जाँचपास प्रणाली अवलम्बन गरी भन्सार कार्यालयमा घोषणा भएको मालवस्तु तोकिएबमोजिम विभागबाट जाँचपास गर्ने गरी आदेश जारी गर्न सक्नेछ।

६४. **मालवस्तु छुटाउनु अघि महसुल बुझाउनु पर्नेः** (१) निकासी वा पैठारी गर्दा महसुल लाग्ने मालवस्तु घोषणाकर्ताले दफा ६१ बमोजिम महसुल बुझाई सोको प्रमाण प्राप्त गरेपछि मात्र भन्सार कार्यालयबाट त्यस्तो मालवस्तु लैजानु पर्नेछ। महसुल नलाग्ने मालवस्तु जाँचपास भएकोमा सोको प्रमाण प्राप्त गरेपछि र दफा २६ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित मालवस्तुको हकमा भन्सार अधिकृतले जाँच गरी वा गराई लैजाने अनुमति दिएपछि मात्र त्यस्तो मालवस्तु भन्सार कार्यालयबाट लैजान पाइनेछ।

(२) कुनै मालवस्तुको सम्बन्धमा सो मालवस्तुको धनीलाई यस ऐन बमोजिम जरिबाना वा बढी महसुल लागेमा सो जरिबाना वा बढी महसुल नतिरेसम्म निजले त्यस्तो मालवस्तु भन्सार कार्यालयबाट उठाउन पाउने छैन।

(३) यस दफा विपरीतको कार्यलाई यस ऐन बमोजिम कसूर गरेको मानिने छ।

**६५.** **छुट भएको महसुल वा जरिबाना तिर्नुपर्नेः** (१) यस ऐन वा प्रचलित कानूनबमोजिम कुनै व्यक्तिले भन्सार कार्यालयमा बुझाउनु पर्ने महसुल, जरिबाना वा अन्य कुनै रकम कुनै मालवस्तुको मूल्याङ्कन वा वर्गीकरण गर्दा वा गणितीय भूल वा अन्य कुनै कारणले छुट भएको कुरा पछिबाट देखिन आएको वा विभागले कुनै माध्यमबाट जानकारी प्राप्त गरी असुल गर्न आदेश दिएकोमा भन्सार अधिकृतले त्यसरी छुट भएको रकम तिर्न पन्ध्र दिन सम्मको म्याद दिई सम्बन्धित व्यक्ति वा निजको एजेन्टलाई लिखित जानकारी दिनुपर्नेछ। त्यस्तो जानकारी प्राप्त भएपछि सम्वन्धित व्यक्तिले छुट भएको रकम म्यादभित्रै सम्बन्धित भन्सार कार्यालयमा तिर्नु पर्नेछ।

(२) सम्बन्धित व्यक्तिले उपदफा (१) बमोजिमको रकम म्याद भित्र नबुझाएमा त्यस्तो रकममा म्याद नाघेको मितिदेखि प्रति दिनको शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले व्याज समेत लाग्नेछ।

(३) उपदफा (२) बमोजिमको व्याज समेतको एकमुष्ट रकम सम्बन्धित व्यक्तिले व्याज लाग्न शुरु भएको मितिले तीस दिनभित्र बुझाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र पनि उक्त रकम नतिरेमा भन्सार अधिकृतले निजको कारोवार रोक्का राखी सोही कार्यालय वा अन्य भन्सार कार्यालयमा रहेको निजको जुनसुकै मालवस्तु तोकिएबमोजिम लिलाम गरी वा गर्न लगाई सो रकम असुलउपर गर्नेछ ।

(५) उपदफा (४) बमोजिम लिलाम गर्दा वा गर्न लगाउँदा प्राप्त भएको रकमबाट समेत यस दफा बमोजिम असुल हुनुपर्ने रकम असुलउपर हुन नसकेमा त्यस्तो रकम निजबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(६) उपदफा (४) बमोजिम लिलाम गर्दा वा गर्न लगाउँदा प्राप्त भएको रकम सम्बन्धित व्यक्तिले लिलाम गरिएको दिनसम्म बुझाउनुपर्ने रकमभन्दा बढी भएमा बढी भए जति रकम निजलाई फिर्ता दिइनेछ ।

(७) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि छुट भएको रकम तोकिए बमोजिम भन्दा कम भएमा भन्सार अधिकृतले त्यस्तो रकम असुल गर्ने छैन।

६६. **निस्सा प्रमाण वा रसिद माग गर्न सक्ने:** (१) कुनै व्यक्तिले कुनै मालवस्तु पैठारी गरी ल्याएको हो वा निकासी गर्न लागेको हो र महसुल तिरेको छैन भनी विश्वास गर्नु पर्ने मनासिब कारण भएमा वा महसुल नतिरेको थाहा पाएमा भन्सार कार्यालयको कुनै कमचारीले त्यस्तो व्यक्तिबाट सो मालवस्तुको  महसुल तिरेको प्रमाण वा महसुल नलाग्ने भए सोही व्यहोराको निस्सा माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको प्रमाण वा निस्सा त्यस्तो व्यक्तिले त्यस्तो कमचारीलाई देखाउनु पर्नेछ। निजले त्यस्तो प्रमाण वा निस्सा पेश गर्न नसकेमा वा पेश गरेको निस्सामा लेखिए बमोजिमको मालवस्तु नभई फरक मालवस्तु देखिन आएमा त्यस्तो कर्मचारीले त्यस्तो मालवस्तु र व्यक्ति भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएपछि भन्सार अधिकृतले त्यस्तो मालवस्तु रोक्का गर्न आदेश दिन सक्नेछ र पेश भएको व्यक्तिलाई चोरी निकासी वा पैठारीको कसूरमा कारबाही चलाउनेछ ।

६७. **प्रज्ञापनपत्रको ढाँचाः** प्रज्ञापनपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ ।

६८. यात्रु जाँचपास सम्बन्धी व्यवस्थाः (१) विदेशबाट नेपाल आउने प्रत्येक यात्रुले आफ्नो साथमा भएका वा आफूसाथ ल्याएका महसुल लाग्ने मालवस्तु घोषणा गरी प्रचलित कानून बमोजिम लाग्ने महसुल तिर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम यात्रुले घोषणा गरेको मालवस्तु यस ऐन बमोजिम जारी गरिएको सूचनामा उल्लेख भएभन्दा बढी परिमाण वा बढी मूल्यका भएमा भन्सार अधिकृतले त्यस्ता मालवस्तु जफत गर्न वा औचित्य हेरी लाग्ने महसुल असुल गरी जाँचपास गरिदिन सक्नेछ ।

(३) यात्रुहरुको मालवस्तु जाचपाँसमा सहजता ल्याउन भन्सार अधिकृतले भन्सार क्षेत्रमा सम्भव भएसम्म महसुल नलाग्ने मालवस्तुको लागि हरियो मार्ग (ग्रीन च्यानेल) र महसुल लाग्ने मालवस्तुको लागि रातो मार्ग (रेड च्यानल) को व्यवस्था गरी उक्त मार्गहरुको प्रयोगका सम्बन्धमा यात्रुहरुले स्पष्ट रुपमा देख्ने गरी पर्याप्त सूचना पाटीहरु राख्नु पर्नेछ।

(४) कुनै भन्सार कार्यालयमा उपदफा (३) बमोजिमका मार्गहरुको व्यवस्था गरिएकोमा आफ्नो साथमा भन्सारमा घोषणा गर्नुपर्ने वा महसुल लाग्ने मालवस्तु भएका यात्रुले  रातो मार्ग  (रेड च्यानल) तर्फ गई त्यस्ता मालवस्तु घोषणा गरेर लाग्ने महसुल बुझाई मालवस्तु लैजानु पर्नेछ।

(५) आफ्नो साथमा भन्सारमा घोषणा गर्नुपर्ने वा महसुल लाग्ने  कुनै मालवस्तु नभएका यात्रुले हरियो मार्ग (ग्रीन च्यानल) हुंदै बाहिर निस्कन सक्नेछन्।

(६) आफ्नो साथमा भन्सारमा घोषणा गर्नुपर्ने वा महसुल लाग्ने मालवस्तु भएको कुनै यात्रु मालवस्तु घोषणा नगरी महसुल छल्ने उद्देश्यले हरियो मार्ग (ग्रीन च्यानल) तर्फ लागेमा वा सो मार्ग हुंदै अगाडि बढेमा यस ऐन बमोजिम चोरी पैठारीको कसूर गरेको मानिनेछ।

(७) प्रत्येक यात्रु वा व्यक्तिको ब्यागेज भन्सार अधिकृत वा निजले आदेश गरे बमोजिम भन्सारका कर्मचारीले जाँच गर्न सक्नेछन् ।आफ्नो ब्यागेजहरु भन्सारका कर्मचारीहरुको अगाडि ल्याउनु, ब्यागेजहरु खोल्नु, जाँच गराउनु एवं पुनः ब्यागेजहरु बन्द गर्नु प्रत्येक यात्रुको कर्तव्य हुनेछ ।

(८) विभागले हवाईमार्गबाट नेपाल आउने यात्रुहरुको विवरण सम्बन्धित हवाई कम्पनिले अग्रिम रुपमा कम्प्युटर प्रणालीमा उपलब्ध गराउनु पर्ने व्यवस्था गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम व्यवस्था भएकोमा सम्बन्धित हवाई कम्पनिले अग्रिम रुपमा त्यस्तो विवरण उपलब्ध गराउनु पर्नेछ । यस्तो विवरण उपलब्ध नगराउने हवाई कम्पनिले यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

(१०) भन्सार अधिकृतले जोखिम विश्लेषणका आधारमा यात्रु जाँचपास गर्न सक्नेछ ।

**परिच्छेद-६**

**भन्सार महसुल, छुट तथा अन्य सुविधा सम्बन्धी व्यवस्था**

६९. भन्सार महसुल लाग्नेः (१) यस ऐन वा प्रचलित संघीय कानून बमोजिम भन्सार महसुल छुट दिईएकोमा बाहेक निकासी वा पैठारी हुने प्रत्येक मालवस्तुमा भन्सार महसुल लाग्नेछ ।

(२) भन्सार क्षेत्रमा वा भन्सार अधिकृतको अनुमति लिई नेपाल सरकारको वा नेपाल सरकारबाट इजाजत लिई सञ्चालन गरेको भन्सार वेयरहाउसमा निकासी वा पैठारीको लागि राखिएका मालवस्तु भन्सार जाँचपास नभएसम्म सम्बन्धित भन्सार कार्यालयको नियन्त्रणमा रहनेछ।

७०. भन्सार महसुल छुट दिने नेपाल सरकारको अधिकारः (१) नेपाल सरकारले कुनै मालवस्तुको निकासी वा पैठारीमा लाग्ने भन्सार महसुल पूर्ण वा आँशिक रुपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिईएको भन्सार महसुल छुटको विवरण नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(३) वैदशिक ऋण वा अनुदान सहयोगमा सञ्चालन गरिने आयोजनाको लागि त्यस्तो आयोजना वा त्यस्तो आयोजनाको ठेकेदारको नाममा पैठारी हुने मालवस्तुमा नेपाल सरकारले पूर्ण वा आँशिक रुपमा भन्सार महसुल छुट दिन सक्नेछ ।

(४) अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडानमा उपयोग गर्ने इन्धन, हवाईजहाजको इन्जिन, पार्टपुर्जा, यन्त्र उपकरण, उडानमा खपत हुने खाद्य सामग्री, मदिरा, बीयर एवं हल्का पेय पदार्थमा नेपाल सरकारले तोकिए बमोजिम पूर्ण वा आंशिक रुपमा भन्सार महसुल छुट दिन सक्नेछ ।

(५) नेपालको कुनै भागबाट विदेशको बाटो गरी पुनः नेपालभित्र ल्याइने मालवस्तुको सम्बन्धमा महसुल सुविधा दिने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) विदेशबाट नेपालको बाटो गरी पुनः विदेश पठाइने मालवस्तुमा महसुल सुविधा दिने व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) नेपाल सरकारले राहत सामग्रीको पैठारीमा लाग्ने महसुल छुट दिन सक्नेछ । यसरी महसुल छुट दिंदा महसुल छुट दिइएका मालवस्तुको विवरण र छुट पाउने अवधि समेत खुलाउनु पर्नेछ।

७१. कूटनीतिक सुविधा वा महसुल सुविधा: (१) नेपाल सरकार पक्ष भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौता बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिनु पर्ने निकाय, पदाधिकारी वा व्यक्तिलाई नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिशको आधारमा तोकिए बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिइनेछ।

(२) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको व्यक्ति वा निकायले पैठारी गर्ने सोही सूचनामा तोकिए बमोजिमको मालवस्तुमा कूटनीतिक सुविधा वा महसुल सुविधा दिन सक्नेछ ।

७२.	पर्यटकले कार्नेे अन्तरगत अस्थायी पैठारी गर्ने सवारी साधनमा महसुल छुट दिइने: (१) कार्ने अन्तर्गत व्यक्तिगत प्रयोगको लागि पर्यटकहरूले पछि फिर्ता गर्ने शर्तमा पैठारी गर्ने सवारी साधनहरू छ महिनासम्मको लागि महसुल छुट दिई अस्थायी पैठारी गर्न दिइनेछ।

(२) उपदफा (१) बमोजिमको छुट दिंदा नेपालभित्र अस्थायी रूपमा प्रथम पटक प्रवेश गरेको मितिले एक वर्षको अवधिमा लगातार वा पटक पटक गरी जम्मा छ महिनाको अवधि गणना गरिनेछ।

(३) उपदफा (१) बमोजिम अस्थायी पैठारी गरिएका सवारी साधनमा जडान गरिएका विद्युतीय सामान, फर्निचर, सवारीसाधनका अत्यावश्यक जगेडा पार्टपूर्जा एवं सहायक सामग्री सवारी साधनकासाथ फिर्ता लैजाने शर्तमा कार्नेमा जनाई छाड्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम अस्थायी पैठारी गरिएका सवारी साधनहरु उपदफा (२) को अधीनमा रही छ महिनाभित्र फिर्ता नलगेमा भन्सार अधिकृतले जफत गरी लाग्ने महसुल पैठारीकर्ता वा जमानत दिने निकायबाट असुल गर्न सक्नेछ।जमानत दिने निकायबाट महसुल दावी गर्नु परेमा महसुल दावी गर्नुपरेको मितिले एक वर्षभित्र दावी गरिसक्नु पर्नेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुर्घटना भई प्रहरी कब्जामा रहेको वा मर्मतको लागि कार्यशालामा रहेको भनी प्रहरी कार्यालयले सिफारिस गरेको अवधि भने भन्सार कार्यालयले कार्नेमा तोकिदिएको अवधिमा गणना हुने छैन ।

(६) कार्ने अन्तर्गत पर्यटकले अस्थायी पैठारी गरेका सवारी साधनहरु दुर्घटना ग्रस्त भई मर्मत गर्न सकिने अवस्था समेत नभएको कारणले फिर्ता लैजान नसकेमा भन्सार अधिकृतको स्वीकृति लिई सम्बन्धित निकायले पत्रुमा परिणत गर्न सक्नेछ।

(७) कार्ने अन्तरगत पैठारी भएका सवारी साधनहरू व्यापारिक रुपमा वा भाडामा प्रयोग गर्न गराउन वा दान, दातव्य वा उपहार दिन, लिन वा खरिद वा बिक्री गर्न पाइने छैन । कुनै व्यक्तिले कार्ने अन्तर्गत पैठारी भएको सवारी साधन व्यापारिक रुपमा वा भाडामा प्रयोग गरे गराएमा वा खरिद वा बिक्री गरेमा वा दान, दातव्य वा उपहार लिए वा दिएमा वा लुकाइ राखेमा चोरी पैठारीको कसूर गरेको मानी भन्सार अधिकृतले त्यस्तो सवारी साधन जफत गरी यस ऐन बमोजिम सजाय गर्न सक्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि "कार्ने" भन्नाले नेपाल समेत सदस्य रहेको निजी सवारी साधनको अस्थायी पैठारी सम्बन्धी भन्सार महासन्धि (कस्टम्स कन्भेन्सन अन द टेम्पोररी इम्पोर्टेशन अफ प्राइभेट रोड भेहिकल्स),१९५४ को दफा २ बमोजिम पैठारी गर्दा लाग्ने महसुल एवं जरिवाना लागेको अवस्थामा सो समेतको प्रत्याभूत गरिएको उक्त महासन्धिको अनुसूची-१ बमोजिमको ढाँचामा विदेशी पर्यटकले निजी प्रयोगको लागि अस्थायी पैठारी गर्ने सवारी साधनको लागि आधिकारिक संस्थाद्वारा जारी गरिएको फारामलाई बुझिने छ ।

७३.	**महसुल बापत बैङ्ग जमानत राखी पैठारी गर्ने सुविधा प्रदान गर्न सक्ने:** (१) नेपाल सरकारले कुनै व्यक्तिलाई कुनै मालवस्तु बैङ्क जमानत सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा तोकिए बमोजिम प्रदान गर्न सक्नेछ ।

(२) कुनै उद्योगले मालवस्तु तयार गरी निकासी गर्ने प्रयोजनको लागि पैठारी गर्ने कच्चापदार्थ वा सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) वा करमुक्त पसल सञ्चालनको लागि पैठारी हुने मालवस्तु तोकिएको शर्त बमोजिम लाग्ने महसुल बापतको बैङ्क जमानत राखी पैठारी गर्ने सुविधा नेपाल सरकारले तोकिए बमोजिम प्रदान गर्न सक्नेछ ।

तर मदिरा, चुरोट वा अन्य सूर्तीजन्य पदार्थ निकासी गर्ने उद्योगलाई यो सुविधा दिइने छैन ।

(३) उपदफा (२) बमोजिम पैठारी गर्ने सुविधा प्रदान गर्दा सम्बन्धित भन्सार अधिकृतले त्यसरी पैठारी गर्दा लाग्ने महसुलको अतिरिक्त उपदफा (२) बमोजिमको शर्त उल्लंघन गरेमा निजलाई लाग्न सक्ने अन्य कुनै महसुल, शुल्क वा हुन सक्ने जरिबाना रकम समेतको बैङ्क जमानत लिनु पर्नेछ ।

(४) विभिन्न भन्सार कार्यालयहरुबाट नियमित रुपमा मालवस्तु पैठारी गर्ने पैठारीकर्ताको हकमा एकल बैंक जमानतबाट मालवस्तु पैठारी गर्न सक्ने गरी भन्सार अधिकृतले तोकिए बमोजिम वैङ्क जमानत स्वीकार गर्न सक्ने छ।

(५) एकल बैङ्क ग्यारन्टी पेश गर्ने, प्रयोग गर्ने र फुकुवा गर्ने कार्यविधि विभागले निर्धारण गरेबमोजिम हुनेछ।

७४. निर्यात हुने मालवस्तुको कच्चापदार्थ धरौटीमा पैठारी गर्न सकिनेः (१) बण्डेड वेयरहाउसको इजाजत नलिएका उद्योगहरूलाई त्यस्ता उद्योगहरुले गरेको उत्पादन प्रतीतपत्रको माध्यमद्वारा वा प्रचलित बैकिङ्ग कागजातको माध्यमबाट निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक कच्चापदार्थ, सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा लाग्ने भन्सार महसुल तोकिए बमोजिम धरौटी राखी पैठारी गर्न दिईनेछ।

(२) उपदफा (१) बमोजिम धरौटीमा पैठारी गरेको कच्चापदार्थ, सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) बाट मालवस्तु उत्पादन गरी तोकिए बमोजिम निकासी गरेमा वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गरेमा तोकिएको अवधिभित्र धरौटी राखिएको रकम त्यस्ता उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) को भन्सार महसुलमा पुनः धरौटी कायम गरिदिने वा तोकिए बमोजिम फिर्ता दिइनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि मदिरा, चुरोट तथा सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरूलाई यो सुविधा दिइने छैन

७५. महसुल नलाग्नेः (१) कुनै पैठारीकर्ताले आफूले पैठारी गरेको मालवस्तु भन्सार कार्यालयबाट नछुटाई नेपाल सरकारको हुने गरी भन्सार कार्यालयमा छाड्न निवेदन दिएमा त्यस्तो मालवस्तुमा महसुल लाग्न छैन।

(२) उपदफा (१) बमोजिम छाडिएको मालवस्तु नेपाल सरकारले आफै प्रयोग गर्न वा यस ऐन बमोजिम लिलाम बिक्री गर्न सक्नेछ।

तर त्यस्तो मालवस्तु प्रयोगमा आउन नसक्ने वा लिलाम बिक्री समेत हुन नसक्ने अवस्थाको रहेछ भने त्यस्तो मालवस्तु भन्सार अधिकृतले भन्सार कार्यालयबाट तोकिए बमोजिम हटाउन वा नष्ट गर्न सक्नेछ र त्यसरी हटाउन वा नष्ट गर्न लाग्ने खर्च सम्बन्धित पैठारीकर्ताबाट असुलउपर गरिनेछ।

(३) नेपालभित्र प्रयोग गर्ने गरी जाँचपास भईनसकेको कुनै मालवस्तु दुर्घटना वा प्राकृतिक प्रकोपमा परी वा आफ्नै प्रकृतिको कारणले नष्ट भएमा वा परिमाण वा तौलमा कमी भएमा वा व्यापारिक रुपमा मूल्यहीन भएमा सोको प्रमाण सहित तोकिएको प्रक्रिया पूरा गरी तोकिएको समयावधिभित्र पैठारीकर्ताले निवेदन दिएमा महानिर्देशकको स्वीकृति लिई सम्बन्धित भन्सार अधिकृतले त्यस्तो क्षति वा घटी भएको वा व्यापारिक रुपमा मूल्यहीन भएको मालवस्तुको महसुल छुट दिन वा असुल भइसकेको भए फिर्ता दिन सक्नेछ

(४) उपदफा (३) बमोजिम नोक्सानी भएको परिमाणको मालवस्तु जुन उद्देश्यका लागि पैठारी भएको हो सो उद्देश्य पूरा नहुने तर रद्दी वा पत्रुको रुपमा वा अन्य कुनै वैकल्पिक उपयोगमा प्रयोग हुन सक्ने अवस्थाको भएमा भन्सार अधिकृतले सोही रुपमा त्यस्तो मालवस्तुको भन्सार मूल्य कायम गरी लाग्ने महसुल असुल गर्न सक्नेछ।

**७६. महसुल निर्धारणको आधार मितिः निकासी वा** पैठारी हुने मालवस्तुको महसुल सो मालवस्तु भन्सार कार्यालयबाट जाचँपास गर्ने मितिमा कायम रहेको महसुल दर बमोजिम निर्धारण गरिने छ।

तर कूटनीतिक सुविधा, महसुल सुविधा वा आँशिक वा पूर्ण महसुल छुटमा पैठारी भएको मालवस्तुको हकमा त्यस्तो मालवस्तुको महसुल बुझाउने मितिमा कायम रहेको महसुल दर बमोजिम महसुल निर्धारण गरिने छ।

## परिच्छेद-७

## खानतलासी, कब्जा तथा पक्राउ

७७. **घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिन सक्ने:** (१) कसैले भन्सार महसुल छली वा चोरी पैठारी गरी ल्याएको वा चोरी निकासी गर्न लागेको मालवस्तु कुनै घर, भवन, गोदाम वा अन्य कुनै पनि ठाउँमा लुकाएको वा राखेका छ भन्ने विश्वास वा शङ्का गर्नु पर्ने मनासिब कारण भएमा महानिर्देशकले वा भन्सार अधिकृतले कारण सहितको निर्णय गरी त्यस्तो घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिन वा लिन लगाउने आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश पाउने कर्मचारीले त्यस्तो घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिनुअघि सो घर, भवन, गोदाम वा ठाउँको धनी वा सो घर, भवन, गोदाम वा ठाउँमा तत्काल वसोवास गरिरहको व्यक्तिलाई त्यसरी खानतलासी लिनु परेको कारण समेत खोली सूचना दिनु पर्नेछ । त्यस्तो धनी वा व्यक्तिले त्यस्तो सूचना बुझ्न नमानेमा सो सूचनाको एक प्रति त्यस्तो घर, भवन, गोदाम वा ठाउँको सबैले देख्ने स्थानमा टाँसी दिनु पर्नेछ र त्यसरी सूचना टाँस भएपछि सम्बन्धित धनी वा व्यक्तिले खानतलासीको सूचना रीतपूर्वक पाएको मानिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित धनी वा व्यक्तिलाई सूचना दिएपछि निजले खानतलासी लिन खटिएको कर्मचारीलाई त्यस्तो घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिन दिनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम खानतलासी लिँदा कुनै व्यक्तिले बाधा विरोध गरेमा खानतलासी लिन खटिएको कर्मचारीले खानतलासी लिनु पर्ने घर, भवन, गोदाम वा अन्य कुनै ठाउँमा बसिरहेको व्यक्तिलाई हट्ने सूचना र मौका दिनु पर्नेछ । यसरी हट्ने सूचना र मौका दिंदा दिंदै पनि निजहरु नहटेमा त्यस्तो कर्मचारीले सुरक्षा निकायको सहयोगमा आवश्यक बल समेत प्रयाग गरी खानतलासी लिनु पर्ने घर, भवन, गोदाम वा ठाउँको बाहिरी वा भित्री ढोका इयाल वा छेस्कीनी खोली वा फोरी सूर्योदयदेखि सूर्यास्तभित्र कुनै पनि समयमा खानतलासी लिन सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि खान तलासीको सूचना दिंदा वा सूर्योदयदेखि सूर्यास्तभित्र खानतलासी लिंदा ढिलो हुन जाने र यसले गर्दा चोरी पैठारी गरिएको चोरी निकासी वा गर्न लागिएका मालवस्तु त्यस्ता घर, भवन पसल वा स्थानबाट अन्यत्र सार्न सक्ने वा विदेश पठाउन सक्ने लागेमा खानतलासी लिने कर्मचारीले बिना सूचना जुनसुकै समयमा खानतलासी लिन सक्नेछ।

(६) यस दफा बमोजिम खान तलासी लिंदा खानतलासी लिने कर्मचारीले उपलब्ध भएसम्म सम्बन्धित गाँउ पालिका वा नगरपालिकाको वडा अध्यक्ष वा वडा सदस्य वा कुनै सरकारी कार्यालयको कर्मचारी वा घरधनी वा निजको प्रतिनिधि वा अठार वर्ष उमेर पुगेको कुनै व्यक्तिलाई साक्षी राखी तलासी लिनु पर्नेछ । त्यस्तो साक्षी बस्न मानिस फेला नपरेमा वा निजले साक्षी बस्न ईन्कार गरेमा सोही व्यहारोको कैफियत जनाई तलासी लिने कर्मचारीले सहीछाप गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम खानतलासी लिंदा खानतलासी लिने कर्मचारीले देहाय बमोजिमका मालवस्तु फेला परेमा बरामद गरी आफ्नो कव्जामा लिन सक्नेछः

(क) भन्सार छली वा चोरी पैठारी गरी ल्याएको वा चोरी निकासी गर्न लागेका मालवस्तु,

(ख) यस ऐन बमोजिम जफत हुनसक्ने अन्य मालवस्तु,

(ग) बहीखाता, अभिलेख, कम्प्युटर एवं चोरी पैठारीको मालवस्तुसँग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्धित हुन सक्ने अन्य सामग्रीहरु,

(घ) यस ऐनको कसूरसँग सम्बन्धित हुन सक्ने अन्य मालवस्तु

(८) उपदफा (७) बमोजिम मालवस्तु बरामद गरी कब्जामा लिएकोमा त्यस्तो मालवस्तुको विवरण खोलिएको फेहरिस्त तयार गरी सोको एक प्रति खानतलासी लिएको घर, भवन, गोदाम वा सो ठाउँको सम्बन्धित व्यक्तिलाई तत्काल

बुझाइदिनु पर्नेछ । सम्बन्धित व्यक्तिले बुझ्न नमानेमा वा बुझाउँन नसकिएमा दुईजना साक्षीको रोहवरमा मुचुल्का गरी टाँस गर्नु पर्नेछ । यसरी टाँस गरिएकोमा सम्बन्धित व्यक्तिलाई बुझाए सरह मानिनेछ ।

(९) उपदफा (८) बमोजिमका मालवस्तु तथा फेहरिस्त त्यस्तो कर्मचारीले भन्सार अधिकृत समक्ष दाखिला गर्नु पर्नेछ र त्यसरी दाखिला भएपछि भन्सार अधिकृतले यस ऐन बमोजिम कारबाही गर्नेछ।

७८. हवाईजहाजको तलासी वा जाँच गर्न सक्नेः (१) भन्सार अधिकृतले आवश्यक देखेमा वा शंकास्पद मालवस्तु भएको कुनै सूचना प्राप्त भएमा विदेशबाट विमानस्थलमा अवतरण गर्ने वा विमानस्थलबाट विदेश प्रस्थान गर्ने हवाईजहाजको विमानका चालक, सहचालक वा चालकदलका सदस्यहरुलाई जानकारी दिई तलासी लिन वा त्यस्ता हवाईजहाजमा भएका मालवस्तु जाँच गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विमानका चालक, सहचालक वा चालकदलका सदस्यहरुले भन्सार अधिकृतले सोधेको कुराको जवाफ दिने, हवाईजहाजको कुनै स्थान वा भागमा ताल्चा लगाई राखेको भएमा त्यस्तो ताल्चा खोलिदिने लगायत तलासी लिंदा वा जाँच गर्दा आवश्यक सहयोग गर्नु पर्नेछ । हवाईजहाजको तलासी लिंदा वा जाँच गर्दा सहयोग नगर्ने विमान चालक, सहचालक वा चालकदलका सदस्यहरुले यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिम तलासी लिंदा वा जाँच गर्दा चोरी पैठारी वा चोरी निकासी गरेको वा गर्ने उद्देश्यले लुकाई राखेको मालवस्तु अन्य प्रतिबन्धित मालवस्तु फेला परेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु, सो मालवस्तुसँग सम्बन्धित अन्य मालवस्तु वा कागजातहरु समेत बरामद गरी कब्जामा लिन सक्नेछ ।

७९. वाहनहरु रोक्ने र तलासी वा जाँच गर्ने अधिकारः (१) भन्सार अधिकृत वा भन्सारमा खटिएका कर्मचारीहरुलाई कुनै वाहनमा महसुल नतिरिएको वा चोरी पैठारी वा चोरी निकासी गरिएको मालवस्तु भए नभएको निश्चित गर्नको लागि कुनै पनि वाहनलाई कुनै पनि स्थान र समयमा रोकी त्यस्ता वाहनको सम्पूर्ण भाग खोली तलासी लिने वा जाँच गर्ने अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिम भन्सार अधिकृत वा भन्सारमा खटिएका कुनै कर्मचारीले कुनै वाहनलाई रोक्ने आदेश दिएकोमा त्यस्तो वाहनको चालकले तत्काल वाहन रोकी तलासी लिने वा जाँच गर्ने कार्यमा भन्सारका कर्मचारीहरुलाई आवश्यक सहयोग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भन्सार कर्मचारीले कुनै वाहन रोक्न आदेश दिएकोमा त्यस्तो वाहन नरोकेमा वा त्यस्तो आदेश नमानी हुलहुज्जत वा जोरजुलम गरी त्यस्तो वाहन नजँचाई भगाउन प्रयत्न गरेमा वा भगाएमा त्यस्तो वाहनको पाङग्रामा भन्सार अधिकृतको आदेशले भन्सारमा सुरक्षाको निमित्त खटिएको कर्मचारीले गोली चलाउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम वाहन नरोक्ने वा तलासी लिन अवरोध गर्ने वा त्यस्तो वाहन नजँचाई भगाउने वा भगाउन प्रयत्न गर्ने वाहनको चालकले यस दफा बमोजिम कसूर गरेको मानिनेछ।

(५) उपदफा (३) बमोजिम गोली चलाउन परेको अवस्थामा सो कुराको जानकारी छिटो साधनद्वारा महानिर्देशक तथा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ ।

८०. व्यक्तिको तलासी लिने अधिकारः (१) भन्सारमा खटिएका कुनै कर्मचारीलाई विदेशवाट नेपाल आउन वा नेपालबाट विदेश जान लागेका कुनै व्यक्तिको साथमा वा निजको ब्यागेज वा लगेजमा भन्सार महसुल नतिर्ने मनशायले लुकाईराखेको वा प्रतिबन्धित मालवस्तु भएको शङ्का लागेमा सोको जानकारी दिई भन्सारका कर्मचारीले तलासी लिन सक्नेछन।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिको शरीरको तलासी लिँदा निजले शरीरभित्र कुनै मालवस्तु लुकाई राखेको छ भन्ने शङ्का लागेमा भन्सार अधिकृतले त्यस्ता व्यक्तिको एक्स रे गराई वा चिकित्सकबाट समेत आवश्यक जाँच गराई तलासी लिने आदेश दिन सक्नेछ ।

(३) कुनै व्यक्तिले कुनै मालवस्तु आफ्नो साथमा लुकाई छिपाई चोरी पैठारी वा चोरी निकासी गरेको वा गर्न लागेको भन्सारमा खटिएका कुनै कर्मचारीलाई शङ्का लागेमा वा त्यस्तो सूचना प्राप्त भएमा भन्सारमा खटिएका कर्मचारीले तलासी लिन लागेको कुराको जानकारी दिई त्यस्ता व्यक्तिको शरीर वा निजका साथमा रहेका मालवस्तुको तलासी लिन सक्नेछ।

तर महिलाको शरीरको तलासी लिनु पर्दा भन्सारका महिला कर्मचारीद्वारा लिनु पर्नेछ र भन्सार कार्यालयमा तत्काल महिला कर्मचारी उपलब्ध नभएमा महिला प्रहरीद्वारा तलासी लिन लगाउन सकिनेछ।

(४) कुनै व्यक्तिले यस ऐन बमोजिम तोकिएको बाटोबाहेक अन्यत्रबाट मालवस्तु निकासी वा पैठारी गर्न लागेमा भन्सार अधिकृत वा निजबाट अधिकार प्राप्त भन्सार कार्यालयको कर्मचारी वा अधिकार प्राप्त अन्य सरकारी कर्मचारीले निजलाई रोक्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम रोक्न खोज्दा निजले त्यस्तो अधिकृत वा कर्मचारीलाई हुलहुज्जत वा जोरजुलम गरेमा भन्सार अधिकृत वा त्यस्तो कर्मचारीले निजलाई त्यसो नगर्न सम्झाउनु बुझाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम सम्झाउँदा बुझाउँदा पनि निजले हुलहुज्जत वा जोरजुलुम गरेमा भन्सार अधिकृत वा त्यस्तो कर्मचारीले निजलाई पक्राउ गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम पक्राउ गर्न खोज्दा निजले जोरजलुम गरेमा वा भाग्न उम्कन खोजेमा र तत्काल पक्राउ गर्न नसकिने अवस्था भएमा आफ्नो रक्षा र कर्तव्यको पालनाको निम्ति त्यस्तो भन्सार अधिकृत वा अधिकारप्राप्त अधिकारीको आदेशले घटनास्थलमा सुरक्षाको लागि खटिएको कर्मचारीले त्यस्तो घटना रोक्न पहिले हवाई फायर गर्ने र त्यसो गर्दा पनि स्थिति नियन्त्रण नभए वा हुलहुज्जत गर्ने व्यक्तिसँग समेत हतियार भएमा सकभर कम क्षति हुने गरी गोली समेत चलाउन सक्नेछ।

(८) उपदफा (७) बमोजिम गोली चलाउन परेको अवस्थामा सो कुराको जानकारी छिटो साधनद्वारा महानिर्देशक तथा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ।

८१. **तलासी लिइने व्यक्तिले तलासी हुनुभन्दा अगाडि आफूलाई भन्सार अधिकृत समक्ष पेश गराउन माग गर्न सक्नेः** (१) भन्सार अधिकृत बाहेक अरु कुनै कर्मचारीले दफा ८० बमोजिमको तलासी लिन चाहेकोमा सम्बन्धित व्यक्तिले त्यस्तो तलासी लिनुभन्दा अगाडि आफूलाई भन्सार अधिकृत समक्ष पेश गराउन माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भन्सार अधिकृत समक्ष पेश गराउन माग भएकोमा सम्बन्धित कर्मचारीले कुनै ढिला सुस्ती नगरी निजलाई भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश गरिएको व्यक्तिको तलासी लिनु पर्ने मनासिब आधार देखेमा भन्सार अधिकृतले निजको तलासी आफै लिन वा आफू मातहतको कर्मचारीलाई लिन लगाउनेछ र त्यस्तो आधार नदेखेमा निजलाई तुरुन्त छोडिदिनेछ।

८२. **चोरी पैठारी वा चोरी निकासी गरेको मानिनेः** यस परिच्छेद बमोजिम तलासी लिंदा भन्सार महसुल लाग्ने वा यस ऐन बमोजिम घोषणा गरी पैठारी वा निकासी गर्नु पर्ने मालवस्तु बरामद भएकोमा भन्सार अधिकृतले तलासी लिएको व्यक्तिलाई सो मालवस्तुको भन्सार जाँचपास भएको प्रमाण पेश गर्न आदेश दिनेछ। निजले त्यस्तो प्रमाण पेश गर्न नसकेमा त्यस्तो मालवस्तु चोरी पैठारी वा चोरी निकासी गरेको मानिनेछ।

८३. कसूरसँग सम्बन्धित ब्यक्तिलाई पक्राउ गर्न सकिनेः (१) यस परिच्छेद बमोजिम तलासी लिंदा कुनै व्यक्तिले यस ऐन अन्तर्गतको कसूर गरेको देखिन आएमा त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई गिरफ्तार गरी बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउन पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै लेखिएको भए तापनि कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण, दसी वा सबूद नष्ट गर्ने मनासिब कारण भएमा वा कसूरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसूर गरिएको अवस्थामा फेला परेमा भन्सार अधिकृत वा निजले खटाएको भन्सार कार्यालयका अन्य कर्मचारीले त्यस्तो व्यक्तिलाई जुनसुकै ठाँउमा पक्राउ गर्न वा गर्न लगाउन सक्नेछ।

८४. **फरार व्यक्तिलाई पछि पक्रन हुने:** यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य गर्ने व्यक्तिलाई कसूर गर्दाकै बखत पक्रन नसकिएमा वा पक्राउ गरिएको भएपनि निज फरार भएमा भन्सार अधिकृत वा सो कार्यको लागि खटिएको अनुसन्धान अधिकृतले वा निजले खटाएको भन्सारका अन्य कर्मचारीले निजलाई जुनसुकै बखत पक्राउ गर्न सक्नेछ । त्यसरी पक्रिएको व्यक्तिउपर कसूर गरेको बखत पक्रिए सरह कारबाही हुनेछ ।

८५. **मालवस्तु कब्जामा लिन सक्ने:** यस ऐन बमोजिम जफत हुने मालवस्तु देखेमा वा पत्ता लागेमा भन्सार अधिकृतले वा निजले खटाएको भन्सार कार्यालयका कर्मचारीले वा भन्सारमा सुरक्षाको लागि खटिएका प्रहरीले जुनसुकै ठाउँमा र जहिलेसुकै पनि त्यस्तो मालवस्तु कब्जामा लिन सक्नेछ ।

८६. **कब्जामा लिएको निस्सा दिनु पर्ने:** दफा ८५ बमोजिम मालवस्तु कब्जामा लिनेले त्यसरी मालवस्तु कब्जामा लिनु परेको कारण र कब्जामा लिएको मालवस्तुको विवरण खोलिएको फेहरिस्त सहितको निस्सा मालवस्तु कब्जा गरेको बढीमा तीन दिनभित्र सम्बन्धित मालवस्तु धनीलाई दिनु पर्नेछ ।

८७. मालवस्तु बुझाउनु पर्नेः (१) यस ऐन बमोजिम भन्सार कार्यालयको कुनै कर्मचारी वा अन्य निकायले कब्जामा लिएको मालवस्तु र सोको फेहरिस्तको एक प्रति यथाशीघ्र भन्सार अधिकृत समक्ष बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मालवस्तु दाखिला भएपछि भन्सार अधिकृतले त्यस्तो मालवस्तु यस ऐन बमोजिम कब्जा गर्नु पर्ने हो वा होइन भन्ने कुराको जाँचबुझ गर्नु पर्नेछ । त्यसरी जाँचबुझ गर्दा त्यस्तो मालवस्तु बिनाकारण कब्जामा लिएको वा कब्जामा लिन नपर्ने देखिएमा निजले तुरुन्त त्यस्तो मालवस्तुको धनीलाई सो मालवस्तु फिर्ता दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा मालवस्तु जफत हुने देखिएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुका सम्बन्धमा दफा १२५ बमोजिम अनुसन्धान अधिकृतबाट अनुसन्धान तहकिकात गराउन सक्नेछ ।

८८. मालवस्तु जफत गर्नेः (१) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको अवधिभित्र भन्सार कार्यालय वा भन्सार वेयरहाउसबाट नछुटाएका मालवस्तु भन्सार अधिकृतले जफत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मालवस्तु जफत गर्नुअघि सम्बन्धित भन्सार कार्यालयले त्यस्तो मालवस्तु छुटाई लैजान मालवस्तुको धनीलाई सात दिनको सार्वजनिक सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको सार्वजनिक सूचनाको म्यादभित्र मालवस्तु छुटाई लैजान पाँउ भनी मालवस्तुको धनीले निवेदन दिएमा र कारण मनासिब लागेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु सार्वजनिक सूचनाको म्यादभित्र नियमानुसार जाँचपास गरिदिन सक्नेछ।

(४) उपदफा (२) मा उल्लिखित अवधिभित्र भन्सार कार्यालयबाट छुटाई नलगेको मालवस्तु भन्सार अधिकृतले जफत गर्नेछ।

८९. **जफत भएको र** भन्सार कार्यालयमा छाडिएको **मालवस्तु नेपाल सरकारको हुने:** यस ऐन बमोजिम जफत गरिएको र दफा ७५ को उपदफा (१) बमोजिम भन्सार कार्यालयमा छाडिएका मालवस्तु नेपाल सरकारको हुनेछ ।

९०. **जफत गरेको सूचना दिनु पर्ने:** यस ऐन बमोजिम मालवस्तु जफत गरिएकोमा भन्सार अधिकृतले सोको जानकारी मालवस्तु धनीलाई दिनु पर्नेछ।

९१. **<u>जफत गर्नु पर्ने मालवस्तुः</u>** यस ऐन बमोजिम कुनै मालवस्तु जफत हुने निर्णय भएमा त्यस्ता मालवस्तुसँग सम्बन्धित देहायका मालवस्तु समेत जफत हुनेछन्:

(क) मालवस्तु प्याक गर्न वा ढुवानी गर्न प्रयोग भएका पार्सल, प्याकेट वा आधानपात्रहरु (कन्टेनर्स),

(ख) मालवस्तु ढुवानी गर्न प्रयोग गरिएको रेल र हवाईजहाज बाहेक रिक्सा, टाँगा, जनावर लगायत सबै किसिमका वाहनहरु,

(ग) खण्ड (ख) बमोजिमका वाहनमा राखेका कपडा, फर्निचर, विद्युतीय सामान र अरु सामग्रीहरु।

९२. <u>भन्सार क्षेत्रमा छेकबार राख्न सक्नेः</u> (१) भन्सार क्षेत्रबाट आवागमन हुने सार्वजनिक सडक वा स्थानबाट मालवस्तुको चोरी पैठारी वा चोरी निकासी हुनसक्ने वा महसुल छल्न सक्ने कार्यलाई नियमन एवं नियन्त्रण गर्न भन्सार अधिकृतले आवश्यकता अनुसार त्यस्तो सडक वा स्थानमा छेकबार राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको छेकबारमा पुग्ने बित्तिकै कुनै पनि वाहनको चालकले वाहन रोकी सो छेकबारभन्दा अगाडि बढ्नको लागि भन्सारका कर्मचारीको अनुमति लिनु पर्नेछ।

(३) कुनै वाहनको चालकले उपदफा (२) बमोजिम अनुमति नलिई भन्सारको छेकबार पार गरेमा वा भन्सारका कर्मचारीले वाहन रोक्ने संकेत गर्दागर्दै अटेर गरी अगाडि बढेमा यो ऐन बमोजिम कसूर गरेको मानिनेछ।

(४) उपदफा (१) बमोजिम राखिएको छेकबारबाट कुनै वाहनलाई क्षति पुगेमा वा सो वाहनमा रहेका चालक वा अन्य व्यक्तिलाई कुनै चोटपटक लागेमा भन्सार अधिकृत वा भन्सारका अन्य कर्मचारी जिम्मेवार हुने छैनन्।

<u>स्पष्टीकरणः</u> "छेकवार" भन्नाले यात्रुहरु र /वा वाहनहरु भन्सार क्षेत्रभई आवत जावत गर्ने स्थानमा यात्रुहरु र/वा वाहनहरुको को नियमन एवं नियन्त्रण गर्नको लागी भन्सार क्षेत्रमा राखिएको ढाट वा ढोका वा ब्यारिएरलाई सम्झनु पर्दछ।

## परिच्छेद-८

## <u>भन्सार वेयरहाउस सम्बन्धी व्यवस्था</u>

९३. <u>भन्सार वेयरहाउसको स्थापना र संचालनः</u> (१) नेपालमा पैठारी भएका वा नेपालबाट निकासी हुने मालवस्तु जाँचपास नभएसम्मका लागि जम्मा गर्न, राख्न वा सुरक्षित गर्नको लागि विभागले कुनै भन्सार कार्यलयको परिसर वा स्थानमा भन्सार वेयरहाउस स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) अर्थ मन्त्रालयको स्वीकृति लिई कुनै व्यक्तिले निकासी वा पैठारी गरिने मालवस्तु जाँचपास नभएसम्मका लागि सुरक्षित राख्न कुनै भन्सार कार्यालयको परिसर वा स्थान वा भन्सार क्षेत्रमा भन्सार वेयरहाउस निर्माण गरी वा सरकारी स्वामित्वमा स्थापना भएका वेयरहाउस सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम सञ्चालन गरिएका वेयरहाउसमा राख्न सकिने मालवस्तुको परिमाण एवं अवधि तोकिए बमोजिम हुनेछ।

(४) महानिर्देशकले कुनै विशेष प्रकारका मालवस्तु कुनै खास भन्सार वेयरहाउसमा मात्र राख्नु पर्नेगरी तोक्न सक्नेछ।

(५) महानर्देशकले तोकिएका शर्तहरुको अधीनमा रही जाँचपास भएको मालवस्तु पनि भन्सार वेयरहाउसमा राख्ने अनुमति दिन सक्नेछ।

(६) कुनै व्यक्तिले नेपालको कुनै सुरक्षित स्थानमा नेपालमा पैठारी भएका वा नेपालबाट निकासी हुने मालवस्तु जाँचपास नभएसम्मका लागि जम्मा गर्न, राख्न वा सुरक्षित गर्नको लागि निजी वेयरहाउस सञ्चालनको लागि इजाजतपत्र लिन चाहेमा महानिर्देशकले तोकिए बमोजिमको दस्तुर लिई तोकिएका शर्तहरुको अधीनमा रही निजी वेयरहाउस सञ्चालनको लागि इजाजतपत्र जारी गर्न सक्नेछ।

(७) भन्सार कार्यालयले आफैले सञ्चालन गरेको भन्सार वेयरहाउस बाहेक अन्य व्यक्तिले सञ्चालन गरेको भन्सार वेयरहाउस तोकिएबमोजिम नवीकरण गराउनु पर्नेछ।

(९) भन्सार वेयरहाउसहरुमा मालवस्तु राख्ने अवधि, शर्त एवं प्रतिबन्धहरु महानिर्देशकले तोक्न सक्नेछ।

(१०) उपदफा (३) बमोजिम तोकिएको अवधिभित्र भन्सार वेयरहाउसबाट नछुटाएका मालवस्तु भन्सार अधिकृतले तोकिएबमोजिम जफत गरी लिलाम गर्न सक्नेछ।

(११) यस दफा बमोजिम भन्सार वेयरहाउस सञ्चालनको लागि दिइएको स्वीकृति वा इजाजतपत्र जुनसुकै बखत खारेज गर्न सकिनेछ।

(१२) पैठारी वा निकासीको लागि वेयरहाउसमा राखिएका र जाँचपास नभएका मालवस्तुउपर सम्बन्धित भन्सार अधिकृतको नियन्त्रण रहनेछ।

(१३) भन्सार अधिकृत वा निजले खटाएको भन्सारको कुनै पनि कर्मचारीलाई कुनै पनि बखत भन्सार वेयरहाउसमा प्रवेश गर्ने, मालवस्तु निरीक्षण गर्ने, प्रत्येक मालवस्तु एकएक गरी खोली जाँच गर्ने वा बीच बीचमा छड्के जाँच गर्ने, मालवस्तुको नमूना सङ्कलन गर्ने लगायतका सबै अधिकार हुनेछ ।

(१४) महानिर्देशक वा भन्सार अधिकृतको अनुमति बिना कुनै पनि ब्यक्तिलाई भन्सार वेयरहाउसमा प्रवेश गर्ने, मालवस्तु निरीक्षण गर्ने वा नमूना सङ्कलन गर्ने अधिकार हुने छैन।

(१५) भन्सार अधिकृतले आवश्यक देखेमा भन्सार वेयरहाउसमा सील गर्ने वा भन्सार वेयरहाउस सञ्चालक र भन्सारको संयुक्त ताला लगाउने व्यवस्था गर्न सक्नेछ।

(१६) मालवस्तु वेयरहाउसमा राखे बापत तिर्नुपर्ने शुल्कको दर तोक्दा महानिर्देशकको स्वीकृति लिनु पर्नेछ ।

९४. <u>भन्सार वेयरहाउस सञ्चालकको कर्तव्य एवं दायित्व</u>: (१) भन्सार वेयरहाउस सञ्चालकको कर्तव्य एवं दायित्व देहायबमोजिम हुनेछ:-

(क) भन्सार अधिकृतको लिखित आदेश वा भन्सार कार्यालयमा घोषणा गरी भन्सार वेयरहाउसमा राख्न अनुमति दिइएका मालवस्तु मात्र भण्डारण गर्ने,

(ख) मालवस्तु भण्डारण गर्दा प्रत्येक मालवस्तुमा सजिलोसँग पहुँच हुने गरी उचित प्रबन्ध गरी राख्ने,

(ग) भन्सार वेयरहाउसमा राखिएका प्रत्येक मालवस्तुको अभिलेख अध्यावधिक राख्ने,

(घ) भन्सार वेयरहाउसमा भएका मालवस्तुमा कुनै पनि प्रकारले हानि नोक्सानी हुन वा गुणस्तरमा ह्रास आउन नपाउने गरी उचित सुरक्षासाथ राख्ने,

(ङ) भन्सार अधिकृतको लिखित आदेश वा महसुल तिरी भन्सार जाँचपास भएको कागजातबिना भन्सार वेयरहाउसबाट मालवस्तु बाहिर निकाल्न नदिने,

(च) भन्सार जाँचपासका लागि एकपटक भन्सार वेयरहाउसबाट झिकिसकेका मालवस्तु भन्सारअधिकृतको स्वीकृति नलिई पुनः भन्सार वेयरहाउसमा नराख्ने,

(छ) भन्सार वेयरहाउसमा रहेका मालवस्तु हराए वा नासिए वा कुनै प्रकारले नोक्सानी भएमा भन्सार अधिकृतलाई तुरुन्त जानकारी दिने,

(ज) भन्सार अधिकृतले भन्सार वेयरहाउसको निरीक्षण गर्दा वा मालवस्तु जाँचपास गर्दा वा कुनै मालवस्तुको नमूना सङ्कलन गर्दा आवश्यक सहयोग गर्ने र भन्सार वेयरहाउसको निरीक्षणको सिलसिलामा सोधेका प्रश्नहरुको जवाफ दिने,

(झ) भन्सार अधिकृत वा निजले भन्सारको कार्य सम्पादन गर्न खटाएका भन्सार कर्मचारीको लागि कार्य सम्पादन गर्न आवश्यक उपकरण सहितको कक्ष उपलव्ध गराउने,

(ञ) मालवस्तु भन्सार वेयरहाउसमा राख्दा भन्सारमा घोषणा गरेभन्दा फरक मालवस्तु वा परिमाण बढी देखिएमा सोही व्यहोरा जनाई भन्सार वेयरहाउसमा राख्ने र त्यसको जानकारी भन्सार अधिकृतलाई तुरुन्त दिने,

(ट) भन्सार वेयरहाउसमा राख्न तोकिएको अवधि समाप्त हुनासाथै त्यस्तो मालवस्तु सम्बन्धी विवरण तुरुन्त भन्सार अधिकृतलाई दिने,

(ठ) भन्सार वेयरहाउसमा मालवस्तु राख्दा मालवस्तुधनीको स्पष्ट नाम, ठेगाना, मोबाइल फोन नम्बर र इमेल ठेगाना समेतको अभिलेख राख्ने,

(२) उपनियम (१) बमोजिम भन्सार वेयरहाउस सञ्चालन गर्ने व्यक्तिले त्यस्तो भन्सार वेयरहाउसमा मालवस्तु राख्ने मालवस्तु धनीबाट नेपाल सरकारको पूर्व स्वीकृति लिई निर्धारण गरिएबमोजिम भाडा असुल गर्न सक्नेछन्।

तर भन्सार अधिकृतले जफत गरेका वा नेपाल सरकारको हुने गरी कुनै व्यक्तिले भन्सारमा छाडेका वा यस ऐन बमोजिमको कारबाहीको क्रममा भन्सार कार्यालयको नियन्त्रण वा कब्जामा रहेका मालवस्तुको भाडा असुल गर्न पाइने छैन।

९५. भन्सार वेयरहाउसमा रहेका मालवस्तु सम्बन्धमा मालवस्तुधनीको अधिकार एवं दायित्व: (१) भन्सार अधिकृतको अनुमति लिई मालस्तु धनीलाई देकायबमोजिम गर्ने अधिकार हुनेछः

(क) आफ्नो मालवस्तु निरीक्षण गर्ने,

(ख) विग्रिएका वा क्षति पुगेका मालवस्तुलाई बाँकी मालवस्तुबाट अलग गर्ने,

(ग) मालवस्तुलाई बढी क्षति हुन वा बिग्रन नदिन मालवस्तुको संरक्षणका लागि आवश्यक सुरक्षाको प्रबन्ध गर्ने,

(घ) मालवस्तु बिक्रीको लागि क्रेतालाई देखाउने,

(ङ) भन्सार अधिकृतको पूर्वस्वीकृति लिई मालवस्तु, घोषणा गर्नुअघि वा महसुल नबुझाई नमूना सङ्कलन गर्ने,

(२) भन्सार वेयरहाउसमा रहेका मालवस्तु सम्बन्धमा मालवस्तुधनीको दायित्व देहाय बमोजिम हुनेछ:-

(क) वाहनबाट मालवस्तु ओराल्ने, बोक्ने, वाहनमा राख्ने, तौल गर्ने, नापजाँच गर्ने, खोल्ने, पुनः बन्द गर्ने, मालवस्तु छुट्ट्याउने, मालवस्तुमा चिन्ह लगाउने लगायतका कार्यको लागि लाग्ने सम्पूर्ण खर्च ब्यहोर्ने,

(ख) मालवस्तु भन्सार वेयरहाउसमा राखेको भाडा बापत भन्सार वेयरहाउस सञ्चालकलाई नेपाल सरकारको सम्बन्धित पदाधिकारीको स्वीकृति लिई तोकिएको दर बमोजिमको रकम भुक्तानी गर्नु पर्नेछ।

९६. एउटा भन्सार वेयरहाउसमा रहेका मालवस्तु अर्को भन्सार वेयरहाउसमा स्थानान्तरण गर्नेः (१) कुनै मालवस्तु धनीले एउटा भन्सार वेयरहाउसमा राखिएका मालवस्तु अर्को भन्सार वेयरहाउसमा स्थानान्तरण गर्नको लागि निवेदन गरेमा र व्यहोरा मनासिब लागेमा भन्सार अधिकृतले तोकिएका शर्तहरुको अधीनमा रही तोकिएबमोजिम स्थानान्तरण गर्ने अनुमति दिन सक्नेछ।

(२) मालवस्तु धनीले उपदफा (१) बमोजिम मालवस्तु स्थानान्तरण गर्दा त्यस्तो मालवस्तु विचलन गरेमा निजले चोरी पैठारी गरेको मानी सो बमोजिम दण्ड सजाय गरिनेछ।

९७. भन्सार वेयरहाउसमा रहेका मालवस्तु निकासी वा पैठारीको लागि उठाउनेः (१) मालवस्तुधनीले देहायबमोजिम प्रक्रिया पूरा गरी भन्सार वेयरहाउसमा रहेको मालवस्तु निकासी वा पैठारी गर्नको लागि उठाई लैजान सक्नेछः

(क) तोकिएबमोजिमको ढाँचा र समयमा भन्सार कार्यालयमा निकासी वा पैठारीका लागि घोषणा गरेको,

(ख) यस ऐनबमोजिम निर्धारण गरिएको सम्पूर्ण महसुल, जरिबाना, ब्याज, भन्सार वेयरहाउसको भाडा लगायतका बुझाउनु पर्ने रकमहरु बुझाई सकेको,

(ग) भन्सार अधिकृतबाट निकासी वा पैठारीको लागि जाँचपास भएको।

९८. मालवस्तु उत्पादन, प्रशोधन वा निर्माणको लागि बण्डेड वेयरहाउसको इजाजतपत्र दिन सकिनेः (१) कुनै उद्योगले कच्चापदार्थ, सहायक कच्चापदार्थ वा प्याकेजिङ सामग्री पैठारी गरी इजाजतपत्र प्राप्त बण्डेड वेयरहाउसमा राखी पैठारी गरिएको कच्चापदार्थ, सहायक कच्चापदार्थ वा प्याकेजिङ सामग्रीबाट तयारी मालवस्तु उत्पादन, प्रशोधन वा निर्माण गरी विदेशमा निकासी गर्नको लागि वा स्वदेशमै परिबर्त्य विदेशी मुद्रामा बिक्री गर्नको लागि बण्डेड वेयरहाउसको इजाजतपत्र लिन चाहेमा महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निवेदन बमोजिम कुनै उद्योगलाई बण्डेड वेयरहाउसको इजाजतपत्र दिन उपयुक्त देखेमा तोकिए बमोजिमको शर्तका अधीनमा रही महानिर्देशकले त्यस्ता उद्योगलाई तोकिए बमोजिम बण्डेड वेयरहाउसको इजाजतपत्र दिन सक्नेछ।

९९. करमुक्त पसल सञ्चालन सम्बन्धी व्यवस्था (१) तोकिए बमोजिमका मालवस्तु बैङ्क जमानत सुविधामा पैठारी गरी करमुक्त पसलबाट कूटनीतिक सुविधा वा महसुल सुविधा पाउने निकाय, पदाधिकारी वा व्यक्तिलाई तोकिए बमोजिम बिक्री गर्ने प्रयोजनको लागि महानिर्देशकले कुनै व्यक्तिलाई तोकिए बमोजिम करमुक्त पसल सञ्चालन गर्ने इजाजतपत्र दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम करमुक्त पसल सञ्चालनको लागि इजाजतपत्रप्राप्त व्यक्तिले पालन गर्नुपर्ने गरी महानिर्देशकले आवश्यक शर्तहरु तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र दिंदा आवश्यकताको विश्लेषणको आधारमा संख्या तथा क्षेत्र यकिन गरी करमुक्त पसल सञ्चालनको लागि न्यूनतम शुल्क तोकी सो शुल्कमा सीलबन्दी बोलपत्रद्वारा बढाबढको प्रतिस्पर्धा गराई आवश्यक संख्यामा बढी कबुल गर्ने व्यक्तिहरुको छनौट गरी बढी कबुल गरेको रकमको क्रमानुसार दिनु पर्नेछ।

(४) महानिर्देशक वा निजले खटाएको भन्सारको कुनै अधिकारीले जुनसुकै बखत करमुक्त पसलको स्थलगत निरीक्षण गर्न, करमुक्त पसलको लागि पैठारी गरिएका मालवस्तुको भण्डारणको व्यवस्था, बिक्री तथा मौज्दात सम्बन्धी अभिलेख हेर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम तोकिएका शर्तहरु पालना नगरेमा वा उपदफा (३) बमोजिम निरीक्षण गर्दा करमुक्त पसलको लागि पैठारी गरेका मालवस्तु अनधिकृत व्यक्तिलाई बिक्री गरेको देखिएमा वा, बिक्री अनुसार मौज्दात नभिडी मालवस्तु कमी देखिएमा महानिर्देशकले लाग्ने महसुल र सोको दोब्बर जरिवाना असुल गरी अनुमित खारेज गर्न सक्नेछ।

(६) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

१००. भन्सार वेयरहाउसमा रहेका मालवस्तुको क्षतिपूर्तिः (१) भन्सार वेयरहाउसमा रहेका मालवस्तु भन्सार वेयरहाउस सञ्चालकले क्षति नहुने गरी सुरक्षित रुपमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका मालवस्तु चोरिएमा, हराएमा वा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणले वा मालवस्तु राख्ने वा उठाउने क्रममा स्वाभाविक रुपमा हुन सक्ने टुटफुट बाहेक अन्य कुनै कारणबाट नष्ट भएमा, क्षति

भएमा वा क्षति गरिएमा वा लापरबाही वा जानाजानी अन्य अनधिकृत व्यक्तिलाई जाँचपास गरी वा नगरी दिई पठाएमा भन्सार वेयरहाउस सञ्चालकबाट सो मालवस्तुको धनीले त्यस्तो मालवस्तुको क्षतिपूर्ति तोकिए बमोजिम भराई लिन पाउनेछ।

तर, त्यस्तो मालवस्तुमा निजको हक स्थापित नभई निजले क्षतिपूर्तिको दाबी गर्नसक्ने छैन।

(३) भन्सार वेयरहाउसमा रहेका मालवस्तु भन्सार वेयरहाउस सञ्चालकको असावधानी ले चोरिएमा वा हराएमा वा आगलागी भएमा वा अन्य कुनै किसिमले क्षति वा हानि नोक्सानी भएमा त्यस्ता मालवस्तुमा लाग्ने महसुलको दोब्बर महसुल भन्सार वेयरहाउस सञ्चालकबाट असुल गरिनेछ।

परिच्छेद-९

पारवहन सम्बन्धी व्यवस्था

१०१. आन्तरिक पारवहन: (१) नेपालको कुनै एउटा भन्सार कार्यालयमा आइपुगेको मालवस्तु जाँचपास नहुँदै अर्को भन्सार कार्यालयमा लगी सोही कार्यालयबाट जाँचपास गराउन मनासिव कारण सहित पैठारीकर्ताले निवेदन दिएमा त्यसरी लैजानको लागि भन्सार अधिकृतले महसुल नलिई तोकिएबमोजिम अनुमति दिन सक्नेछ। यसरी अनुमति दिंदा भन्सार अधिकृतले लाग्ने महसुलको दोब्बर रकमको सुरक्षण लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति लिई जाँचपासको लागि अर्को भन्सार कार्यालयमा लगिएको मालवस्तु सो भन्सार कार्यालयका भन्सार अधिकृतले उक्त भन्सार कार्यालयमा पहिलो पटक पैठारी हुन आएको मालवस्तु सरह जाँचपास गर्नेछ।

१०२. अन्तर्राष्ट्रिय पारवहनः (१) नेपाल सरकारले अन्तर्राष्ट्रिय पारवहनको उद्देश्यले नेपालमा पैठारी गरिएका मालवस्तु नेपालको भूभाग हुंदै अर्को कुनै मुलुकमा लैजानको लागि त्यस्ता मालवस्तु नेपालभित्र प्रवेश हुने भन्सार कार्यालयदेखि नेपालबाट बाहिर निस्कने भन्सार कार्यालयसम्म सुरक्षित रुपमा पुऱ्याउने सुनिश्चितता लागि तोकिएका शर्तहरुको अधीनमा रही कुनै मुलुकलाई तोकिएबमोजिम अन्तर्राष्ट्रिय पारवहन अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नेपालमा अन्तर्राष्ट्रिय पारवहन लागि पैठारी एवं निकासी हुने मालवस्तुमा महसुल छुट हुनेछ।

(३) अन्तर्राष्ट्रिय पारवहनको लागि मालवस्तु आगमन हुने भन्सार कार्यालयहरु, प्रयोग गर्न पाइने मार्ग एवं प्रस्थान हुने भन्सार कार्यालयहरु दुई पक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौतामा उल्लेख भएकोमा सोहीबमोजिम र उल्लेख नभएकोमा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(४) नेपाल सरकारले नेपालमा पारवहनको लागि पैठारी गर्ने मालवस्तुको सम्बन्धमा अपनाउनु पर्ने प्रक्रिया, पालन गर्नुपर्ने शर्तहरु एवं सुरक्षाका लागि अपनाउनु पर्ने उपायहरु र कुनै सेवा प्रदान गरेबापत लिइने शुल्क एवं दस्तुर तोक्न सक्नेछ।

१०३. नेपालबाट विदेशी मुलुक हुंदै पुनःनेपालभित्र पैठारी गर्ने मालवस्तु सम्बन्धी व्यवस्थाः नेपालबाट विदेशी मुलुक हुंदै पुनःनेपालभित्र मालवस्तु पैठारी गर्दा अपनाउनु पर्ने प्रक्रिया र महसुल सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०४. विदेशबाट नेपालमा पारवहनको लागि ल्याउने र पुनःसोही मुलुकमा लैजाने मालवस्तु सम्बन्धी व्यवस्थाः विदेशबाट नेपालमा पारवहनको लागि मालवस्तु ल्याउदा र पुनःसोही मुलुकमा लैजादा अपनाउनु पर्ने प्रक्रिया र महसुल सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

परिच्छेद-१०

शीघ्र जाँचपास तथा हुलाकबाट गरिने निकासी वा पैठारी

१०५. शीघ्र जाँचपास गर्ने सुविधा दिन सकिने: निजी क्षेत्रवाट सञ्चालित द्रुत सेवा वा कुरियर कम्पनीहरुले हवाई मार्गबाट निकासी वा पैठारी गर्ने मालवस्तुको लागि उपदफा (२) को अधीनमा रही शीघ्र जाँचपास गर्ने सुविधा दिइनेछ।

(२) उपदफा (१) बमोजिम द्रुत सेवा वा कुरियर कम्पनीहरुले हवाई मार्गबाट निकासी वा पैठारी गर्ने मालवस्तुको लागि शीघ्र जाँचपासको सुविधा दिंदा अपनाइने प्रक्रियाहरु, पालन गर्नुपर्ने शर्तहरु, बन्देजहरु एवं लागू हुने मिति अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछन्।

(३) निजी क्षेत्रवाट सञ्चालित द्रुत सेवा वा कुरियर कम्पनीहरुले हवाई मार्गबाट निकासी वा पैठारी गर्ने तोकिएबमोजिमका र तोकिएको मूल्य सम्मका मालवस्तुमा नेपाल सरकारले महसुल छुट दिन सक्नेछ ।

१०६. हुलाक पुलिन्दाबाट गर्ने पैठारीः (१) तोकिए बमोजिमका र तोकिएका मूल्यसम्मका मालवस्तु हुलाक पुलिन्दाबाट पैठारी गर्न पाइने छ ।

(२) हुलाक पुलिन्दाबाट पैठारी हुने तोकिए बमोजिमका र तोकिएका मूल्य सम्मका मालवस्तुमा नेपाल सरकारले महसुल छुट दिन सक्नेछ ।

१०७. हुलाक पुलिन्दाबाट गर्ने निकासीः तोकिए बमोजिमका र तोकिएका मूल्य सम्मका मालवस्तु हुलाक पुलिन्दाबाट निकासी गर्न दिईने छ ।

(२) हुलाक पुलिन्दाबाट निकासी हुने तोकिए बमोजिमका र तोकिएका मूल्य सम्मका मालवस्तुमा नेपाल सरकारले महसुल छुट दिन सक्नेछ ।

१०८. हुलाक पुलिन्दाबाट निकासी वा पैठारी गर्न प्रतिबन्ध लगाउन सकिनेः अर्थ मन्त्रालयले हुलाक पुलिन्दाबाट निकासी वा पैठारी गर्न नपाईने मालवस्तु तोक्न सक्नेछ ।

१०९. हुलाकमार्फत पैठारी भएको वा निकासी गर्ने मालवस्तु भन्सार अधिकृत समक्ष दाखिला गर्नुपर्नेः (१) हुलाकमार्फत कसैको नाममा पुलिन्दाबाट कुनै मालवस्तु आएमा सम्बन्धित हुलाक कार्यालयले पुलिन्दा पाउने व्यक्तिलाई सो कुराको सूचना दिई सो पुलिन्दा नजिकको स्थानीय भन्सार कार्यालयको भन्सार अधिकृत समक्ष जाँचपासको लागि पेश गर्नु पर्नेछ । हुलाक पुलिन्दाबाट कसैको नाममा पैठारी भएको कुनै मालवस्तु भन्सार अधिकृतले जाँचपास गरेपछिमात्र सम्बन्धित व्यक्तिलाई बुझाईदिनु पर्नेछ।

(२) कसैले हुलाक पुलिन्दाबाट विदेशमा मालवस्तु निकासी गर्न ल्याएमा सम्बन्धित हुलाकले नजिकको स्थानीय भन्सार कार्यालयको भन्सार अधिकृतले जाँचपास गरेपछि मात्र त्यस्तो पुलिन्दा वुझी नियमानुसार चलान गरिदिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अर्थ मन्त्रालयले तोकिएबमोजिमका र तोकिएको मूल्यसम्मका मालवस्तु भन्सार अधिकृत समक्ष पेश गर्न नपर्ने व्यवस्था गर्न सक्नेछ ।

११०. मालवस्तु र मूल्यको सीमा हेरफेर हुन सक्नेः हुलाक पुलिन्दाबाट पैठारी वा निकासी गर्न दिईने मालवस्तु र मूल्य अर्थमन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गरी थपघट गर्न सक्नेछ ।

परिच्छेद-११

पूर्वादेश

**१११.** पूर्वादेश जारी गर्न सक्ने: (१) पैठारीकर्ताले देहायका विषयमा पूर्वादेशको लागि महानिर्देशक समक्ष निवेदन दिएमा महानिर्देशकले तोकिएबमोजिम पूर्वादेश दिन सक्नेछः-

(क) मालवस्तुको वर्गीकरण,

(ख) मालवस्तुको उत्पत्ति

(२) उपदफा (१) वमोजिम पूर्वादेश दिनु अघि त्यस्ता मालवस्तुको वर्गीकरण वा उत्पत्ति सम्बन्धमा परामर्श लिन महानिर्देशकले तोकिए बमोजिमको परामर्श समिति गठन गर्न सक्नेछ।

(३) महानिर्देशकले उपदफा (१) बमोजिम पूर्वादेशको माग गरिएका मालवस्तुको सम्बन्धमा प्रयोगशाला परीक्षण गराई प्रतिवेदन लिन, सम्बन्धित विषयका विज्ञहरु वा कुनै सरकारी निकाय वा विश्व भन्सार संगठनको राय लिन सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि नेपाल समेत पक्ष रहेको क्षेत्रीय वा दुईपक्षीय सन्धि वा सम्झौता बमोजिम उत्पत्तिको मुलुकको आधारमा भन्सार महसुल दर फरक हुने मालवस्तु बाहेक अन्य मालवस्तुका सम्बन्धमा मालवस्तुको उत्पत्ति सम्बन्धी पूर्वादेश दिइने छैन।

(५) यस दफा बमोजिम पूर्वादेश दिंदा मालवस्तुको वर्गीकरणका सम्बन्धमा यस ऐनको दफा ५९ बमोजिम र मालवस्तुको उत्पत्तिका सम्बन्धमा नेपाल समेत सदस्य रहेको क्षेत्रीय वा दुईपक्षीय सधि वा सम्झौताको को प्रतिकूल नहुने गरी गर्नु पर्नेछ।

(६) यस दफा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-१२

## भन्सार सम्बन्धी कसूर र दण्ड सजाय

११२. चोरी निकासी वा चोरी पैठारी गर्न नहुनेः (१) कसैले चोरी निकासी वा चोरी पैठारी गर्न हुँदैन।

(२) कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ७ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ।

(३) उपदफा (२) बमोजिमको कसूरको विगो दश लाख रुपैयाँसम्म भएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी मालवस्तुको विगो बमोजिम जरिबाना गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम जफत हुने मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सो सवारी साधन धनीको सहमति वा जानकारीमा प्रयोग भएको रहेछ भने भन्सार अधिकृतले त्यस्तो सवारी साधन जफत गरी सो को धनीलाई एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ। सवारी साधनको धनीको सहमति वा जानकारी बिना सवारी चालकले जानाजानी त्यस्तो मालवस्तु ढुवानी गरेको रहेछ भने त्यस्तो चालकलाई भन्सार अधिकृतले पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिमको कसूरको विगो दश लाख रुपैयाँ देखि एक करोड रुपैयाँसम्म भएमा त्यस्तो मालवस्तु जफत गरी मालवस्तुको विगो बमोजिम जरिबाना र देहाय बमोजिमको कैद सजाय हुनेछ।

(क) दश लाख रुपैयाभन्दा बढी पच्चीस लाख रुपैयासम्मको बिगोमा एक महिनासम्म

(ख) पच्चीस लाख रुपैयाभन्दा बढी पचास लाख रुपैयासम्मको बिगोमा एक महिनादेखि तीन महिनासम्म,

(ग) पचास लाख रुपैयाभन्दा बढी एक करोड रुपैयासम्मको बिगोमा तीन महिनादेखि एक वर्षसम्म।

(६) उपदफा (२) बमोजिमको कसूरको विगो एक करोड रुपैयाँभन्दा बढी भएमा त्यस्तो मालवस्तु जफत गरी मालवस्तुको विगो बमोजिम जरिबाना र देहाय बमोजिमको कैद सजाय हुनेछः–

(क) एक करोड रुपैयाभन्दा बढी तीन करोड रुपैयासम्मको बिगोमा एक वर्षदेखि तीन वर्षसम्म,

(ख) तीन करोड रुपैयाभन्दा बढी बिगोमा तीन वर्षदेखि पाँच वर्षसम्म।

(७) उपदफा उपदफा (५) वा (६) बमोजिम जफत हुने मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सो साधनको धनीको सहमति वा जानकारीमा प्रयोग भएको रहेछ भने सम्बन्धित भन्सार अधिकृत वा जिल्ला अदालतले त्यस्तो सवारी साधन जफत गरी निजलाई एक वर्षसम्म कैद गर्न सक्नेछ। सवारी साधनको धनीको सहमति वा जानकारीबिना सवारी चालकले जानाजानी त्यस्तो मालवस्तु ढुवानी गर्न सो सवारी साधन प्रयोग गरेको रहेछ भने त्यस्तो चालकलाई सम्बन्धित भन्सार अधिकृत वा जिल्ला अदालतले पाँच हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

(८) उपदफा (१) बमोजिमको कसूर गर्न मद्दत गर्ने वा दुरुत्साहन दिने व्यक्तिलाई भन्सार अधिकृत वा जिल्ला अदालतले कसूरदारलाई सरह सजाय गर्न सक्नेछ।

(९) कसैले चोरी निकासी वा चोरी पैठारी गरिएको मालवस्तु लुकाएमा वा जानाजानी राखेमा यस ऐन बमोजिम कसूर गरेको मानी भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी निजलाई पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

११३. मालवस्तुको विवरण फरक पारी घोषणा गर्न नहुनेः मालवस्तु घोषणा गर्दा देहाय बमोजिम विवरण फरक पारी गलत घोषणा गरेमा भन्सार अधिकृतले देहाय बमोजिम गर्न सक्नेछ:-

(क) कुनै घोषणाकर्ताले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण,नाप, आकार तथा गुणस्तर सही भए पनि परिमाण घटी गरी घोषणा गरेमा त्यस्तो मालवस्तुको घोषणाकर्तालाई त्यसरी परिमाण घटी घोषणा गरिएजति मालवस्तुको मूल्यको शतप्रतिशत जरिबाना र लाग्ने महसुल लिई त्यस्तो मालवस्तु जाँचपास गर्ने।

(ख) कुनै घोषणाकर्ताले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर एवं परिमाण सही भएपनि उत्पत्तिको मुलुक फरक पारी घोषणा गरेमा त्यस्तो मालवस्तुको घोषणाकर्तालाई त्यस्तो मालवस्तुमा लाग्ने भन्सार महसुलको पच्चीस प्रतिशत रकम जरिबाना र लाग्ने महसुल लिई त्यस्तो मालवस्तु जाँचपास गर्ने।

(ग) कुनै घोषणाकर्ताले निकासी हुने मालवस्तुको वास्तविक परिमाणभन्दा बढी परिमाण उल्लेख गरेमा त्यस्तो मालवस्तुको घोषणाकर्तालाई त्यसरी बढी घोषणा गरिएजति मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिबाना गरी सो व्यहोरा प्रज्ञापनपत्रमा उल्लेख गरी जाँचपास गर्ने।

(घ) कुनै घोषणाकर्ताले निकासी हुने मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तरमध्ये सबै वा कुनै विवरण फरक पारी घोषणा गरेमा त्यस्तो मालवस्तु जफत गरी घोषणाकर्तालाई त्यस्तो मालवस्तुको मूल्य बराबर जरिबाना गर्ने।

(ङ) कुनै घोषणाकर्ताले पैठारी हुने एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित मालवस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित मालवस्तु भनी वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तरमध्ये सबै वा कुनै कुरा फरक पारी घोषणा गरेमा वा कुनै मालवस्तु घोषणा नै नगरेमा त्यस्तो मालवस्तुको घोषणाकर्तालाई त्यस्तो मालवस्तुको मूल्य बरावर जरिबाना गरी सो मालवस्तु जफत गर्ने वा निजबाट सो मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिबाना र लाग्ने महसुल असूल गरी त्यस्तो मालवस्तु जाँचपास गर्ने।

(च) कुनै घोषणाकर्ताले पैठारी भएका मालवस्तुमा नै त्यस्तो मालवस्तुको पहिचान हुने ब्राण्ड, कम्पनी, मोडेल, आइटम नम्बर वा यस्तै कुनै विवरण स्पष्ट अंकित भएकोमा त्यस्तो मालवस्तु घोषणा गर्दा त्यस्तो स्पष्ट पहिचान हुने विवरण अनिवार्य रुममा खुलाउनु पर्नेछ। यस्तो विवरण नखुलाई घोषणा

गरेमा घोषणाकर्तालाई मालवस्तुमा  लाग्ने महसुलको शतप्रतिशत जरिवाना समेत असुल गरी जाँचपास गर्ने ।

११४. जालसाजी किर्ते वा नक्कली कागजात पेश गरी राजस्वमा हानि नोक्सानी पुऱ्याउन नहुनेः (१) कसैले राजस्वमा हानि नोक्सानी पुऱ्याउने उद्देश्यले भन्सार कार्यालयमा जालसाजी, किर्ते वा नक्कली कागजात पेश गर्नु हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले भन्सार कार्यालयमा जालसाजी, किर्ते वा नक्कली कागजात पेश गरी महसुल वा राजस्वमा हानि नोक्सानी पुऱ्याएमा वा पुऱ्याउने प्रयत्न गरेमा यस ऐन बमोजिम कसूर गरेको मानी त्यस्तो व्यक्तिलाई भन्सार अधिकृतले त्यसरी हानि नोक्सानी पुऱ्याएको वा पुऱ्याउने प्रयत्न गरेको महसुल वा राजस्व रकमको दुई सय प्रतिशत जरिबाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ र सरकारी कागजात किर्ते गरकोमा प्रचलित कानून बमोजिम कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउन सक्नेछ।

(३) कुनै व्यक्तिले मालवस्तुको मूल्य कम देखाई महसुल छल्ने उद्देश्यले नक्कली वा जालसाजी वा कीर्ते बीजक बनाई भन्सार कार्यालयमा पेश गरेमा भन्सार अधिकृतले त्यस्ता मालवस्तुको भन्सार मूल्य कायम गरी त्यस्तो व्यक्तिलाई उक्त मालवस्तुको भन्सार मूल्यको दुईसय प्रतिशत जरिवाना गरी त्यस्तो मालवस्तु जफत गर्न सक्नेछ ।

११५. भन्सारको अभिलेख, प्रज्ञापनपत्र, लिखत, सील, सीलछाप वा दस्तखत किर्ते गर्ने, बदल्न वा नष्ट गर्न नहुनेः (१) कसैले भन्सारको कार्यसम्पादनमा प्रयोग भएको प्रज्ञापनपत्र, लिखत, सील, सीलछाप वा दस्तखत महसुल छल्ने उद्देश्यले  किर्ते गर्ने, बदल्ने वा नष्ट गर्न हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले भन्सार कार्यालयको कार्यसम्पादनमा प्रयोग गरिएको प्रज्ञापनपत्र वा लिखतको खास कुरा झुट्ठो हो भनी जानाजानी लेखेमा, सहीछाप गरेमा वा  प्रयोग गरेमा वा भन्सार कार्यालयको कार्यसम्पादनमा भन्सार अधिकृतले सही गरेको वा छाप लगाएको लिखत, लाहा वा सीलछाप, दस्तखत वा अरु कुनै चिन्ह वा संकेतलाई किर्ते गरेमा वा  बदलेमा वा नष्ट गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।

(३) उपदफा (२) बमोजिम कसूर गर्ने व्यक्तिलाई भन्सार अधिकृतले पचास हजार रुपयाँसम्म जरिबाना र एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ र सरकारी कागजात किर्ते गरकोमा प्रचलित कानून बमोजिम कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्नेछ।

(४) कसैले महानिर्देशकको लिखित आदेशबिना भन्सारको कार्यसम्पादनमा प्रयोग गरिएको कम्प्युटर प्रणालीमा वा सो प्रणालीमा रहेको तथ्याङ्क वा अभिलेख कुनै प्रकारले परिवर्तन गर्न, मेटाउन, हटाउन, नोक्सानी पुऱ्याउन, तथ्याङ्क थप्न, कार्य प्रणालीमा अवरोध पुऱ्याउन, वा कुनै किसिमले हेरफेर गर्न हुँदैन र यसो गरिएमा यस उपदफा बमोजिमको कसूर गरेको मानिनेछ।

(५) उपदफा (४) बमोजिमको कसूर गर्ने व्यक्तिलाई भन्सार अधिकृतले एक वर्ष कैद र एक लाख रुपैया जरिवाना गर्नेछ र त्यस्तो कसूरबाट कुनै व्यक्तिलाई हानि नोक्सानी भएको रहेछ भने त्यस्तो हानि नोक्सानी समेत कसूर गर्ने व्यक्तिबाट  भराउने छ ।

(६) उपदफा (४) बमोजिमको कार्यबाट महसुल घटाएको, छलिएको वा कुनै प्रकारले दायित्व कम पारिएको पाइएमा उपदफा (५) बमोजिमको जरिवानाका अतिरिक्त त्यसरी घटाएको, छलिएको वा दायित्व कम पारिएको महसुल रकमको पाँच गुणाले हुने रकम भन्सार अधिकृतले निजबाट असुल गर्नेछ।

११६. भन्सार वेयरहाउसमा रहेको मालवस्तु चोरी गर्न वा नोक्सानी पुऱ्याउन वा हटाउन नहुनेः (१) कुनै मालवस्तु धनीले वा निजको एजेन्टले मालवस्तु चोरी गर्न वा सो मालवस्तुमा नोक्सानी पुऱ्याउने मनसायले कुनै भन्सार वेयरहाउस खोलेमा वा भन्सार वेयरहाउसमा प्रवेश गरेमा वा सो भन्सार वेयरहाउसमा रहेको मालवस्तु कुनै प्रकारले खोलेमा यस ऐन बमोजिम कसूर गरेको मानी भन्सार अधिकृतले निजलाई पच्चीस हजारदेखि एकलाख रुपैयाँसम्म  जरिबाना गर्न सक्नेछ ।

(२) कसैले भन्सार वेयरहाउसमा रहेको मालवस्तु भन्सार अधिकृतको स्वीकृति वेगर हटाएमा वा लगेमा यस ऐन बमोजिम कसूर गरेको मानी भन्सार अधिकृतले निजलाई सो मालवस्तु दाखिला गराई सो मालवस्तुको मूल्य बमोजिम जरिबाना गरी छ महिनासम्म कैद गर्न वा मालवस्तु दाखिला हुन नसकेमा मालवस्तुको मूल्यको दोब्बर जरिबाना गरी छ महिनासम्म कैद गर्न सक्नेछ।

(३) भन्सार वेयरहाउसमा रहेको मालवस्तु जिम्मा रहेको कर्मचारी वा व्यक्तिले त्यस्तो मालवस्तु लापरवाहीपूर्वक हराएमा वा जानाजानी नोक्सानी गरेमा भन्सार अधिकृतले निजबाट सो मालवस्तुको मूल्य र लाग्ने महसुल असूल गरी निजलाई पाँचहजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(४) अनधिकृत कर्मचारीले भन्सार वेयरहाउसमा रहेको मालवस्तु हटाएमा वा हटाउने आदेश दिएमा भन्सार अधिकृतले निजलाई पचास हजार रुपयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

११७. भौतिक जाँच नगरी जाँचपास भएको मालवस्तु फरक परेमा हुने सजायः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २९ को उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिम भौतिक जाँच नगरी जाँचपास भएका मालवस्तु घोषणाकर्ताले भन्सार क्षेत्रबाट उठाई लैजानुअघि वा भन्सारक्षेत्र बाहिर लगिसकेपछि भन्सार अधिकृत वा अन्य अधिकारप्राप्त अधिकारीले यस ऐन बमोजिम पुनः जाँच गर्दा मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, गुणस्तर परिमाण तथा मूल्य घोषणा गरेकोभन्दा फरक पाइएमा भन्सार अधिकृतले त्यसरी विवरण फरक पारी घोषणा गरेवापत विवरण फरक पाइएजति मालवस्तुको मूल्यको पाँचसय प्रतिशत जरिबाना असुल गरी मालवस्तु छाडिदिने वा त्यस्तो मालवस्तु जफत गरी सो मालवस्तुको मूल्यको चारसय प्रतिशत जरिबाना गर्नेछ।

(२) उपदफा (१) बमोजिम जरिबाना भएको रकममा त्यस्तो मालवस्तु जाँचपास हुँदाका बखत बुझाइएको महसुल रकम मिलान गर्न वा घटाउन पाइने छैन।

(३) उपदफा (१) बमोजिम सजाय पाएको निकासीकर्ता वा पैठारीकर्ताको निकासी पैठारी संकेत नम्बर विभागले तोकिए बमोजिम खारेज गरी पुन: निकासी तथा पैठारी सम्बन्धी कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(४) भन्सार अधिकृतले यस ऐन बमोजिम जफत गर्नु पर्ने देखिएका तर जफत गर्न सम्भावना नभएका वा उपभोग भईसकेका वा पत्ता नलागेका मालवस्तुको विगो बराबरको रकम सम्बन्धित व्यक्तिबाट असुल गर्न सक्नेछ।

११८. महसुल छुट वा सुविधामा पैठारी गरेको मालवस्तु वा सुविधाको दुरुपयोग गरेमा जरिबाना हुनेः कुनै व्यक्तिले यस ऐन वा अन्य प्रचलित ऐन बमोजिम पूर्ण वा आंशिक भन्सार महसुल छुट वा सुविधामा पैठारी गरेका मालवस्तु, जुन उद्देश्यले पैठारी गरेको हो त्यस्तो उद्देश्य विपरीत प्रयोग वा विक्री गरेको वा छुट वा सुविधा नपाउने व्यक्तिले आंशिक भन्सार महसुल छुट वा सुविधामा कुनै मालवस्तु पैठारी गरेको पाइएमा भन्सार अधिकृत वा भन्सार परीक्षकले त्यस्तो पैठारीकर्तालाई त्यस्ता मालवस्तुको भन्सार मूल्यको शतप्रतिशत जरिबाना गर्न सक्नेछ।

११९. बाधा बिरोध गर्नेलाई सजाय हुनेः कुनै व्यक्ति वा सरकारी कर्मचारीले भन्सार अधिकृत वा भन्सार कार्यालयको कर्मचारीलाई यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमले दिएको अधिकार प्रयोग गर्न वा भन्सार कार्यालयको कार्यसम्पादनमा जानाजानी बाधा अवरोध पुऱ्याएमा भन्सार अधिकृतले त्यस्तो व्यक्तिलाई सरकारी कर्मचारी भएमा दश हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय र अन्य व्यक्ति भए दश हजारदेखि पचास हजार रुपयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

१२०. भन्सार एजेन्टलाई सजाय हुनेः (१) दफा ११३ को उपदफा ((१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिमको कार्य गर्ने भन्सार एजेन्टलाई भन्सार अधिकृतले पच्चीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा एक महिनादेखि छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

(२) भन्सार एजेन्टलाई उपदफा (१) बमोजिम सजाय गरिएको कारणले मात्र यस दफा बमोजिम मालवस्तुको धनीलाई हुने दण्ड सजाय वा जरिबानाबाट उन्मुक्ति भएको मानिने छैन।

१२१. अन्य कसूरमा हुने सजाय: (१) यस ऐन अन्तर्गतका देहायका कसूरमा भन्सार अधिकृतले देहाय बमोजिम सजाय गर्न सक्नेछ:-

(क) दफा २३ को उपदफा (४) बमोजिमको कसूरमा दश हजार रुपैयाँसम्म जरिवाना।

(ख) दफा २४ को उपदफा (२) बमोजिमका कसूरमा नेपालमा दर्ता नभएको वाहन र नेपालमा दर्ता भएको मालवस्तु सहितको वाहनको हकमा दफा ११२ वमोजिम दण्ड सजाय र नेपालमा दर्ता भएको र खाली (रित्तो) वाहन भएमा पाँच हजार रुपैयाँसम्म जरिवाना।

(ग) दफा २५ को उपदफा (२) बमोजिमको कसूरमा दफा ११२ बमोजिम दण्ड सजाय।

(घ) दफा ६४ को उपदफा (३) बमोजिमको कसूरमा दफा ११२ बमोजिम दण्ड सजाय।

(ङ) दफा ७८ को उपदफा (२) बमोजिमको कसूरमा दश हजार रुपैयासम्म जरिवाना।

(च) दफा ७९ को उपदफा (४) बमोजिमको कसूरमा नेपालमा दर्ता नभएको वाहन वा नेपालमा दर्ता भएको भए पनि भन्सार जाँचपास नभएका मालवस्तु सहित वाहन भएमा दफा ११२ बमोजिम दण्ड सजाय र नेपालमा दर्ता भएको खाली (रित्तो) वाहन भएमा पाँच हजार रुपैयाँसम्म जरिवाना।

(छ) दफा ९२ को उपदफा (३) बमोजिमको कसूरमा दफा ११२ बमोजिम दण्ड सजाय।

(ज) दफा १५५ को उपदफा (२) बमोजिमको कसूरमा पचास हजार रुपैयासम्म जरिवाना।

(झ) यस ऐन अन्तरगतको कुनै कसूरमा स्पष्ट रुपमा दण्ड सजायको व्यवस्था नगरिएकोमा कसूरको मात्रा र गम्भीरता हेरी पाँच हजार देखि एकलाख रुपैयाँसम्म जरिवाना।

(२) यस ऐन अन्तर्गत बनेको नियमावली विपरितको कार्य गरेमा कसुरको अवस्था र गम्भीरता हेरी पाँच हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिवाना।

१२२. प्रचलित कानून बमोजिम सजाय हुने: यस ऐन अन्तर्गतको कुनै कसूर वा कार्य प्रचलित कानून बमोजिम दण्डनीय हुने रहेछ भने त्यस्तो कानून बमोजिम समेत कारबाही र सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

परिच्छेद-१३

भन्सार सम्बन्धी मुद्दाको अनुसन्धान तहकिकात तथा दायरी सम्बन्धी व्यवस्था

१२३. नेपाल सरकार वादी हुने: यस ऐन बमोजिम एक वर्षभन्दा वढी कैद हुनसक्ने कसूरसम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुनेछ।

१२४. मुद्दा हेर्ने अधिकारी: यस ऐन बमोजिम एक वर्षभन्दा वढी कैद हुनसक्ने कसूरसम्बन्धी मुद्दा जिल्ला अदालतले र सो बाहेक अन्य सवै मुद्दा भन्सार अधिकृतले हेर्नेछ।

१२५. अनुसन्धान अधिकृत तोक्नु पर्ने: (१) यस ऐन बमोजिम पक्राउ गरी भन्सार अधिकृत समक्ष पेश गरिएको व्यक्ति वा भन्सार अधिकृतले जारी गरेको सूचनाको म्यादभित्र उपस्थित भएको व्यक्ति वा जफत गर्नु पर्ने भनी कब्जामा लिई बुझाइएको मालवस्तुका सम्बन्धमा अनुसन्धान एवं तहकिकात गरी कार्वाही गर्नु पर्ने देखेमा भन्सार अधिकृतले अनुसन्धान तहकिकात गरी मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्न भन्सार कार्यालयको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृत तोक्नु पर्नेछ।

१२६. अनुसन्धान अधिकृतको काम कर्तव्य तथा अधिकार: (१) दफा १२५ बमोजिम तोकिएको अनुसन्धान अधिकृतको काम कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ:-

(क) मुद्दाको अनुसन्धानको सिलसिलामा अभियुक्तको वयान लिने, मुद्दासँग सम्बन्धित प्रमाण सङ्कलन गर्ने, मुद्दासँग सम्बन्धित देखिएका अन्य व्यक्तिहरुलाई म्याद जारी गर्ने, झिकाउने, बुझ्ने, कुनै घर, गोदाम, वा स्थानको खानतलासी लिने,

(ख) फरार व्यक्तिलाई पक्राउ गर्ने वा गर्न लगाउने,

(ग) मुद्दाको अनुसन्धानको सिलसिलामा तत्काल प्राप्त प्रमाणबाट अभियोग लागेको व्यक्ति कसूरदार देखिएकोमा निजलाई उक्त कसूरमा यस ऐन बमोजिम हुन सक्ने कैद, जरिबाना वापतको रकम र विगो समेत असुल गर्नुपर्नेमा त्यस्तो विगो बराबरको रकम समेतको नगद धरौटी माग गरी अभियुक्तले धरौटी दाखिला गरेमा निजलाई तारिखमा राख्न सक्ने,

(घ) खण्ड (ग) बमोजिम माग गरेको नगद धरौटी दाखिला नगरेमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई हिरासतमा राख्ने,

(ङ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि हिरासतमा नराखेको खण्डमा निजले प्रमाण लोप गराउन सक्ने वा भाग्ने वा पछि पक्राउ गर्ने कम सम्भावना रहेकोमा त्यस्तो अभियुक्तलाई हिरासतमा राखी मुद्दाको अनुसन्धान गर्ने ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम हुनसक्ने कैद बापतको धरौटी लिंदा एक दिन कैद बराबर पाँच सय रुपैयाँका दरले लिनु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख भए तापनि मुद्दाको सिलसिलामा दाखिल हुन आएका मालवस्तुमध्ये जीवित जनावर वा छिटो नाश हुन सक्ने मालवस्तु वा गुणस्तर कायम राख्न वा स्थानाभावले वा सुरक्षाको दृष्टिले भन्सार कार्यालयमा वा भन्सार वेयरहाउसमा राख्न नमिल्ने देखिएमा अनुसन्धान अधिकृतले तोकिए बमोजिम तुरुन्त लिलाम गरी प्राप्त रकम धरौटीमा राख्न वा कुनै सरकारी निकायमा दाखिला गर्न पठाउन सक्नेछ ।

(४) अनुसन्धान अधिकृतले अनुसन्धानको काम शुरु भएको पच्चीस कार्यदिनभित्र अनुसन्धान सम्पन्न गरी मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम मुद्दा दायर गर्दा सरकारवादी मुद्दाको हकमा सरकारी वकिलबाट मुद्दा दायर गर्ने निर्णय भएको हुनुपर्नेछ।

१२७. थुनामा राख्न सकिने अधिकतम अवधिः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभियुक्तलाई निज उपर लगाइएको अभियोग प्रमाणित भएमा हुनसक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखिने छैन।

१२८. थुनुवा पूर्जी दिनु पर्नेः कुनै व्यक्तिलाई यस ऐन बमोजिम जुनसुकै व्यहोराले थुनामा राख्दा कारण र कानूनी आधार खुलाई अनुसन्धान अधिकृत वा मुद्दा हेर्ने अधिकारीले तोकिए बमोजिमको ढाँचामा थुनुवा पूर्जी दिनु पर्नेछ।

## परिच्छेद-१४

## मुद्दाको कारबाही, निर्णय र कार्यान्वयन सम्बन्धी व्यवस्था

१२९. भन्सार अधिकृतले कारबाही प्रारम्भ गर्नुपर्नेः यस ऐन बमोजिम कुनै कसूरका सम्बन्धमा परिच्छेद-१३ बमोजिम भन्सार कार्यालयमा मुद्दा दायर भएपछि भन्सार अधिकृतले तुरुन्त त्यस्तो मुद्दाको कारबाही प्रारम्भ गर्नु पर्नेछ।

१३०. अभियुक्तको बयान गराउनु पर्नेः (१) यस ऐन बमोजिमको कुनै कसूरका सम्बन्धमा अभियोग लगाईएको अभियुक्त आफू समक्ष उपस्थित गराईएपछि वा भन्सार कार्यालयबाट जारी गरिएको म्यादमा उपस्थित भएपछि भन्सार अधिकृतले अभियुक्त उपर लगाईएको अभियोग, तत्सम्बन्धी तथ्य सहितको विवरण, अनुसन्धान अधिकृत वा उजूरवालाले पेश गरेको प्रमाण तथा अभियोग प्रमाणित भएमा हुनसक्ने सजाय स्पष्ट रुपमा सम्झाई बुझाई अभियोगपत्रमा लिएको मागदाबी पढेर सुनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभियोग तथा त्यस्तो अभियोगमा हुनसक्ने सजाय सुनाई सकेपछि भन्सार अधिकृतले त्यस्तो अभियोग उपर निजको के भनाई छ सोधी निजको बयान अभिलेख गर्नु पर्नेछ । अभियुक्तको बयान अभिलेख गर्दा प्रत्येक प्रश्न र त्यसको जवाफ दुवै लेखबद्ध गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बयान गराउँदा बुझ्नु पर्ने कुनै कुरा छुट भएमा भन्सार अधिकृतले त्यस्तो अभियुक्तलाई उपस्थित गराउन लगाई निजसंग छुट कुराको ततिम्बा बयान लिन सक्नेछ ।

१३१. अभियुक्तले कसूर स्वीकार गरे मुद्दाको निर्णय तत्काल गर्नु पर्ने: (१) कुनै अभियुक्तले निज उपर लागेको कसूरको आरोप स्वीकार गरी भन्सार अधिकृत समक्ष साविती बयान गरेमा भन्सार अधिकृतले त्यस्तो बयानको सत्यता र विश्वसनीयतालाई समेत विचार गरी अन्य कुनै प्रमाण बुझ्नु पर्ने नदेखिएमा तत्काल मुद्दाको निर्णय गर्न सक्नेछ ।

(२) कुनै अभियुक्त आरोपित कसूरमा पूर्णरुपमा सावित नभई आँशिक रुपमा सावित भएमा भन्सार अधिकृतले निज सावित नभएको हदसम्मको विषयमा थप प्रमाण बुझ्ने आदेश गर्नु पर्नेछ ।

१३२. अभियुक्तलाई थुनामा राख्ने वा नगद धरौट लिई छाड्ने: (१) यस ऐन बमोजिम कुनै कसूरको अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा मुद्दा हेर्ने अधिकारीले निजलाई उक्त कसूरमा यस ऐन बमोजिम हुन सक्ने कैद, जरिबाना वापतको रकम र विगो समेत असुल गर्नुपर्नेमा त्यस्तो विगो बराबरको रकम समेतको नगद धरौटी माग गरी अभियुक्तले धरौट दाखिला गरेमा निजलाई तारिखमा राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरेको नगद धरौटी दाखिला नगरेमा त्यस्तो अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीले पुर्पक्षको लागि थुनामा राख्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभियुक्तलाई थुनामा नराखेको खण्डमा निजले प्रमाण लोप गराउन सक्ने वा भाग्ने वा पछि पक्राउ गर्ने कम सम्भावना रहेकोमा त्यस्तो अभियुक्तलाई पुर्पक्षको निमित्त थुनामा राख्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम हुनसक्ने कैद बापतको धरौटी लिंदा एक दिन कैद बराबर पाँच सय रुपैयाँका दरले लिनु पर्नेछ।

१३३. आदेश पर्चा खडा गर्नु पर्ने: यस ऐन बमोजिम कुनै अभियुक्तलाई थुनामा राख्दा, थुनामा राखिएको अभियुक्तलाई छोड्दा वा कुनै अभियुक्तसंग धरौट लिँदा कारण सहितको आदेश पर्चा खडा गर्नु पर्नेछ ।

१३४. नगद धरौट लिँदा कागज गराउनु पर्ने: (१) यस परिच्छेद बमोजिम कुनै अभियुक्तबाट धरौट लिँदा तोकिएको तारिखमा उपस्थित नभएमा धरौट जफत हुने शर्त उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा कागज गराउनु पर्नेछ ।

१३५. धरौटी जफत हुने: (१) यस ऐन बमोजिम धरौट राख्ने व्यक्ति भन्सार कार्यालयबाट तोकिएको तारिखमा उपस्थित नभएमा निजले राखेको धरौटी रकम जफत हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३१ को उपदफा (१) बमोजिम कुनै अभियुक्तसंग निजलाई उक्त कसूरमा यस ऐन बमोजिम हुन सक्ने जरिबाना वापतको रकम धरौट लिईएकोमा मुद्दाको निर्णय हुँदा निजलाई लागेको कसूर प्रमाणित भएमा निजले तोकिएको तारिख गुजारी बसेको भए पनि निजलाई भएको जरिवाना बापतको रकम उक्त धरौटी रकम सदरस्याहा गरी असूल गरिने छ । तारीख गुजारेको आधारमामात्र पुन: जरिवानाको रकम असूल गरिने छैन।

१३६. मुद्दा निर्णय गर्नु पर्ने: (१) यस ऐन बमोजिमको मुद्दामा प्रमाण बुझ्ने कार्य समाप्त भएको समान्यतया एक महिनाभित्र भन्सार अधिकृतले मुद्दाको निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र निर्णय गर्न नसकिएमा त्यसको कारण खुलाई महानिर्देशकलाई त्यसको जानकारी गराउनु पर्नेछ ।

(३) यस दफा बमोजिम मुद्दाको निर्णय गर्दा उक्त मुद्दाका सम्बन्धमा तोकिए बमोजिमका कुरा उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा गर्नु पर्नेछ।

१३७. निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था: यस ऐन बमोजिमका मुद्दामा भएको निर्णय कार्यान्वयन गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-१५

जफत वा कब्जा वा खरिद गरिएका मालवस्तुको व्यवस्थापन

१३८. जफत भएका वा खरिद गरिएका मालवस्तु व्यवस्थापन गर्नेः (१) यस ऐन बमोजिम जफत भएका वा दफा ५१ बमोजिम खरिद गरिएका मालवस्तु देहाय बमोजिम गर्न सकिनेछः

(क) अर्थ मन्त्रालयले निर्णय गरी नेपाल सरकारको कुनै निकायलाई प्रयोग गर्न दिने वा,

(ख) तोकिए बमोजिम लिलाम गर्ने वा,

(ग) यस ऐन बमोजिम लिलाम बिक्री हुन नसकेको वा कुनै किसिमले प्रयोगमा ल्याउन नसकिने अवस्थाको मालवस्तु भएमा तोकिए बमोजिम सडाउने, गलाउने वा नष्ट गर्ने ।

(घ) यस ऐन बमोजिम लिलाम गर्न नमिल्ने मालवस्तु प्रकोप पिडितहरुको लागि वितरण गर्न सम्बन्धित सरकारी निकायलाई उपयोगी हुने देखिएमा अर्थ मन्त्रालयको स्वीकृति लिई भन्सार अधिकृतले सम्बन्धित सरकारी निकायलाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जफत भई वा भन्सार कार्यालयबाट छुटाई नलगी नेपाल सरकारको हुन आएको सुन, चाँदी, जवाहरात वा प्रचलित कानून बमोजिम इजाजत लिई मात्र बिक्री गर्न पाइने मालवस्तु वा बहुमूल्य खनिज पदार्थहरुको लिलाम बिक्री वा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम कब्जा भएका मालवस्तु सड्ने, गल्ने वा पुरानो भई मूल्य घट्न जाने वा गोदाम वा स्थानको अभावले राख्न कठिनाइ भएमा वा जीवजन्तु रहेछ भने भन्सार अधिकृत वा दफा १२५ बमोजिम तोकिएको अनुसन्धान अधिकृतले त्यस्तो मालवस्तु तोकिए बमोजिम तुरुन्त लिलाम गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको लिलाम बिक्रीबाट प्राप्त रकम भन्सार कार्यालयले धरौटी खातामा आम्दानी बाधँनु पर्नेछ ।

(५) यस दफा बमोजिम लिलाम बिक्रीबाट प्राप्त हुन आएको रकम मालधनीले माग गरी निवेदन दिएमा देहायको अवस्थामा मात्र त्यस्तो रकम निजलाई भुक्तानी दिइनेछः

(क) चोरी पैठारी वा चोरी निकासीको अभियोगमा यस ऐन बमोजिम पक्राउ परी लिलाम विक्री भएको मालवस्तु चोरी पैठारी वा चोरी निकासी गरेको नठहरी मुद्दाको अन्तिम निर्णय भएकोमा त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र निवेदन दिएमा, वा

(ख) दफा ६१ को उपदफा (४) बमोजिम जफत भई लिलाम बिक्री गरिएको मालवस्तु आफ्नो हो भनी सम्बन्धित व्यक्तिले भन्सार अधिकृतसमक्ष लिलाम विक्री भएको मितिले पैंतीस दिनभित्र प्रमाणसहित निवेदन पेश गरेमा र त्यस्तो प्रमाणबाट सो मालवस्तु निजको हो भने कुरा पुष्टि भएमा ।

(६) उपदफा (५) बमोजिम भन्सार कार्यालयले भुक्तानी गर्दा देहाय बमोजिमका रकमहरु कटाएर बाँकी रकम मात्र भुक्तानी गर्नेछः

(क) मालवस्तु लिलाम गर्दा लिलामी मूल्यमा कर, महसुल, शुल्क आदि लागेको रहेछ भने त्यस्तो रकम र सो मालवस्तु भण्डारण गर्ने प्रयोजनमा लागेका खर्चहरु वा विलम्ब शुल्क र लिलाम गर्ने प्रयोजनमा लागेका खर्चहरु।

(ख) उपदफा (५) को खण्ड (ख) बमोजिमको अवस्थामा खण्ड (क) मा उल्लिखित रकमका अतिरिक्त जुन मालवस्तु लिलाम विक्री गरिएको हो त्यस्तै मालवस्तु सामान्य रुपमा पैठारी हुँदा लिलाम विक्री भएका दिन लाग्नसक्ने महसुल रकम ।

१३९. कब्जामा लिएको सवारी साधन सम्बन्धी व्यवस्थाः (१) भन्सार कार्यालयमा दाखिला हुन आएको चोरी पैठारी वा चोरी निकासी गरेको मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन स्थानाभाव वा संरक्षण गर्न नसकिने कारणले सो कार्यालयमा राखिराख्न उपयुक्त नदेखिएमा भन्सार अधिकृतले तोकिएको समितिबाट त्यस्तो सवारी साधनको मूल्य कायम गराई सो मूल्यमा तोकिए बमोजिम लिलाम बिक्री गर्न गराउन सक्नेछ

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सवारी साधनको धनीले उपदफा (१) बमोजिम कायम भएको मूल्य तथा सो मूल्यमा प्रचलित कानून बमोजिम लाग्ने कर, शुल्क समेत थप गरी हुन आउने रकम नगद रुपैया धरौटी राखी सो सवारी साधन छुटाई लान निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन परेकोमा भन्सार अधिकृतले त्यस्तो धरौटी रकम लिई सो सवारी साधन निजलाई नै फिर्ता दिन सक्नेछ र त्यसउपर कारबाही र किनारा हुँदा सो सवारी साधन जफत हुने ठहरेमा भन्सार कार्यालयल सवारी साधनको धनीले त्यसरी राखेको धरौटी रकम सदरस्याहा गरी सो सवारी साधन सवारी साधनको धनीलाई नै दिन सक्नेछ । त्यस्तो सवारी साधन जफत नहुने भई सवारी साधनको धनीले फिर्ता पाउने निर्णय भएमा निजले राखको धरौटी रकम तोकिए बमोजिम फिर्ता दिइनेछ ।

## परिच्छेद-१६

## प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन सम्बन्धी व्यवस्था

१४०. प्रशासकीय पुनरावलोकनः (१) कार्यालय प्रमुख बाहेक भन्सार कार्यालयका अन्य कर्मचारीको देहाय बमोजिमको कार्यबाट मर्का पर्ने व्यक्तिले त्यस्तो निर्णय वा आदेश भएको मिति वा गर्नु पर्ने काम नगरेकोमा त्यस्तो काम गर्नु पर्ने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र कार्यालय प्रमुख समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछः

(क) यस ऐन तथा यस अन्तर्गत बनेको नियमावली बमोजिम गर्नुपर्ने कार्य समयमा नगरेको;

(ख) यस ऐन तथा यस अन्तर्गत बनेको नियमावली बमोजिम गर्नुपर्ने निर्णय, आदेश वा कार्य समयमा गरेको भए तापनि त्यस्तो कार्यमा चित्त नबुझेको ।

तर,

मालवस्तुको भन्सार मूल्य निर्धारण र मालवस्तुको वर्गीकरण गरेकोमा चित्त नबुझ्ने व्यक्तिले सो उपर उपदफा (२) बमोजिम उपमहानिर्देशक समक्ष निवेदन दिनुपर्नेछ ।

(२) भन्सार कार्यालयको प्रमुखले यस ऐन बमोजिम चोरी निकासी वा चोरी पैठारीको कसूर मानिने मुद्दा र सो सँग सम्बन्धित विषयमा गरेका काम कारवाई, आदेश वा निर्णय बाहेक यस ऐन बमोजिम निजले गरेका मालवस्तुको भन्सार मूल्य निर्धारण, वर्गीकरण लगायत अन्य निर्णय वा आदेशमा चित्त नबुझी मर्का पर्ने वा निजले यस ऐन तथा यस अन्तर्गत बनेको नियमावली बमोजिम गर्नुपर्ने कार्य समयमा नगरेको कारणले मर्का पर्ने व्यक्तिले पुनरावलोकनको लागि तीस दिन भित्र तोकिए बमोजिम उपमहानिर्देशक समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन दिंदा त्यस्तो निर्णय वा आदेश भएको मिति वा गर्नु पर्ने काम नगरेकोमा त्यस्तो काम गर्नु पर्ने म्याद समाप्त भएको मितिले तीस दिनभित्र दिनुपर्नेछ ।

(४) काबू बाहिरको परिस्थिति परी उपदफा (३) बमोजिमको म्यादभित्र निवेदन दिन नसकी थप म्यादका लागि सम्बन्धित व्यक्तिले पुनरावलोकन गर्ने अधिकारी समक्ष कारण खोली निवेदन दिएमा र त्यस्तो कारण मनासिव देखेमा पुनरावलोकन गर्ने अधिकारीले पन्ध्र दिन म्याद थपिदिन सक्नेछ।

(५) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले जुन निर्णय वा आदेशका विरुद्ध निवेदन गर्ने हो त्यस्तो निर्णय वा आदेश बमोजिम लागेको महसुल र दण्ड जरिबानाको रकम सम्बन्धित भन्सार कार्यालयमा बुझाएको वा धरौटी राखेको हुनुपर्ने छ ।तर त्यस्तो महसुल र दण्ड जरिबानाको रकम बुझाउन नसकी थुनामा रहेको व्यक्तिले पुनरावलोकनको लागि निवेदन दिन चाहेमा धरौटी नराखी निवेदन दिन सक्नेछ।

(६) यस दफासँग सम्बन्धित अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४१. प्रशासकीय पुनरावलोकन उपर निर्णय गर्नेः (१) दफा १४० बमोजिम पर्न आएका पुनरावलोकनका निवेदनउपर उपमहानिर्देशकले साठी दिनभित्र र कार्यालय प्रमुखले तीस दिनभित्र निर्णय दिई सक्नु पर्नेछ।यस्तो निर्णय गर्दा निवेदकले अनुरोध गरेमा निजलाई सुनुवाईको मौका दिइनेछ।

(२) पुनरावलोकन गर्ने अधिकारीले उपदफा (१) बमोजिम निर्णय गर्दा आवश्यक जाँचबुझ गरी शुरुको निर्णय वा आदेश वा काम कारवाई सदर गर्न, बदर गर्न वा गर्नु पर्ने काम नगरेकोमा तुरुन्त त्यस्तो काम गर्न आदेश दिन सक्नेछ।

(३) पुनरावलोकन गर्ने अधिकारीले उपदफा (१) मा उल्लिखित म्यादभित्र निर्णय दिन नसकेको मनासिव कारण भएमा यस्तो म्याद समाप्त हुनु अगावै निवेदकलाई म्याद बढाउनु परेको कारण र अव निर्णय हुने मनासिव माफिकको समय समेत उल्लेख गरी जानकारी दिनु पर्नेछ ।तर यसरी म्याद बढाएको छ महिनाभित्र अन्तिम निर्णय दिईसक्नु पर्नेछ।

(४) मालवस्तुको वर्गीकरण सम्बन्धी निर्णय उपर पुनरावलोकनका लागि उपमहिनर्देशक समक्ष निवेदन दिंदा निवेदकले निवेदनमा उल्लिखित व्यहोरालाई पुष्टि गर्ने कागजात र पेश गर्न मिल्नेसम्मका मालवस्तुको नमूना समेत पेश गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम मालवस्तुको वर्गीकरण सम्बन्धमा पुनरावलोकनको लागि परेको निवेदन उपर निर्णय गर्दा उपमहानिर्देशकले दफा ५९ को उपदफा (१) को अधीनमा रही गर्नु पर्नेछ।

(६) उपमहानिर्देशकले मालवस्तुको वर्गीकरण सम्बन्धी विषयमा पुनरावलोकनको निर्णय गर्दा कुनै अन्तर्राष्ट्रिय निकायसँग राय माग गरेको अवस्थामा उपदफा (१) बमोजिमको समयावधि लागू हुने छैन।

(७) यस दफाबमोजिम पुनरावलोकनको निवेदनउपर निर्णय गर्दा वा आदेश दिदा स्पष्ट कारण र आधार समेत खुलाउनु पर्नेछ।

(८) यस दफा बमोजिम पुनरावलोकनको निवेदन उपर निर्णय गरेपछि सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारीका दिनु पर्नेछ।

(९) यस दफामा उल्लिखित म्याद भित्र पुनरावलोकन गर्ने अधिकारीले पुनरावलोकनको लागि परेको निवेदनमा निर्णय दिन नसकेमा मर्का पर्ने व्यक्तिले त्यसरी म्याद नाघेको तीस दिनभित्र कार्यालय प्रमुखले निर्णय नगरेको हकमा उपमहानिर्देशक समक्ष र उपमहानिर्देशकले निर्णय नगरेको हकमा महानिर्शक समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(१०) उपदफा (९) बमोजिम पर्न आएका निवेदनमा निवेदन प्राप्त गर्ने अधिकारीले यथाशीघ्र निर्णय गरी जानकारी दिन आदेश दिनेछ।

१४२. पुनरावेदनः (१) महानिर्देशकले दफा ६० बमोजिम गरेको वर्गीकरणको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी प्राप्त भएको मितिले पैतीस दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने छ।

(२) महानिर्देशक वा भन्सार परीक्षकले यस ऐनको परिच्छेद १८ बमोजिम गरेको महसुल निर्धारण वा जरिबाना गर्ने गरी गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी प्राप्त भएको मितिले पैतीस दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने छ।

(२) उपमहानिर्देशकले यस ऐनको दफा १४१ बमोजिम गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी प्राप्त भएको मितिले पैतीस दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने छ।

(३) भन्सार कार्यालयको प्रमुखले यस ऐन बमोजिम चोरी निकासी वा चोरी पैठारीको कसूर मानिने मुद्दा र सो सँग सम्बन्धित विषयमा गरेका काम कारवाई, आदेश वा निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी प्राप्त भएको मितिले पैतीस दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने छ।

(४) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले जुन निर्णय वा आदेशका विरुद्ध पुनरावेदन गर्ने हो त्यस्तो निर्णय वा आदेश बमोजिम लागेको महसुल र दण्ड जरिबानाको रकम सम्बन्धित भन्सार कार्यालय वा जाँचपास परीक्षण कार्यालयमा बुझाएको वा धरौटी राखेको हुनुपर्ने छ ।

तर, त्यस्तो महसुल र दण्ड जरिबानाको रकम बुझाउन नसकी थुनामा रहेको व्यक्तिले पुनरावलोकनको लागि निवेदन दिन चाहेमा धरौटी नराखी निवेदन दिन सक्नेछ ।

(५) पुनरावेदकले यस दफा बमोजिम पुनरावेदन गरेको सात दिनभित्र सो पुनरावेदनको प्रतिलिपि सम्बन्धित भन्सार कार्यालय वा जाँचपास परीक्षण कार्यालयमा अनिवार्य रूपमा दिनु पर्नेछ ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा प्रशासकीय पुनरावलोकन गर्ने व्यवस्था भएकोमा पुनरावलोकनका लागि निवेदन दिई त्यस्तो निवेदनउपर निर्णय भएपछि मात्र यस दफा बमोजिम पुनरावेदन गर्न सकिनेछ ।

(७) यस दफा बमोजिम पुनरावेदन गरेको सात दिनभित्र सो पुनरावेदनको प्रतिलिपि सम्बन्धित भन्सार कार्यालय वा जाँचपास परीक्षण कार्यालयमा अनिवार्य रूपमा दिनु पर्नेछ।

## परिच्छेद -१७

## भन्सार एजेन्ट सम्बन्धी व्यवस्था

१४३. भन्सार एजेन्टको इजाजतपत्र सम्बन्धी व्यवस्थाः (१) निकासी वा पैठारी हुने मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा भन्सार कार्यालयसँग सम्बन्धित कामको लागि निकासी वा पैठारीकर्ताको भन्सार एजेन्ट वा प्रतिनिधिको रुपमा काम गर्न चाहने व्यक्तिले विभाग वा भन्सार कार्यालयबाट भन्सार एजेन्टको इजाजतपत्र लिनु पर्नेछ

(२) भन्सार एजेन्टको इजाजतपत्र सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१४४. भन्सार एजेन्ट नियुक्त गर्न सक्नेः कुनै निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तु आफैले नछुटाई भन्सार एजेन्ट मार्फत छुटाउन चाहेमा वा भन्सार कार्यालयसँग सम्बन्धित कुनै कार्य आफैले नगरी भन्सार एजेन्ट मार्फत गराउन चाहेमा निजले तोकिए बमोजिम भन्सार एजेन्ट नियुक्त गर्न सक्नेछ ।

१४५. भन्सार एजेन्ट मालवस्तुको धनी मानिने: कुनै मालवस्तुको धनीले सो मालवस्तु भन्सार कार्यालयबाट छुटाउनको लागि वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको अन्य कार्य गर्नको लागि कुनै भन्सार एजेन्टलाई नियुक्ति गरेमा त्यस्तो भन्सार एजेन्ट सो प्रयोजनको लागि सो मालवस्तुको धनी सरह मानिनेछ ।

१४६. भन्सार एजेन्टको कर्तव्यः (१) मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा भन्सार कार्यालयसँग सम्बन्धित अन्य कार्य गर्नको लागि यस ऐन बमोजिम नियुक्त भन्सार एजेन्टको कर्तव्य देहायबमोजिम हुनेछः

(क) भन्सार सम्बन्धी कानूनको पूर्ण परिपालना गर्ने,

(ख) भन्सार जाँचपास प्रक्रियालाई सरलीकरण गर्न भन्सार कार्यालयलाई आवश्यक सहयोग पुऱ्याउने,

(ग) महसुल असुल गर्ने कार्यमा भन्सार कार्यालयलाई आवश्यक सहयोग गर्ने,

(घ) भन्सार कार्यालयको कामकारवाहीमा बाधा अवरोध पुग्ने किसिमका कुनै पनि कार्य नगर्ने,

(ङ) निजलाई नियुक्त गर्ने निकासीकर्ता वा पैठारीकर्तालाई आफूसमक्ष उपस्थित गराउन भन्सार अधिकृतले लिखित सूचना दिएमा त्यस्तो सूचना सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई बुझाउने।

१४७. भन्सार एजेन्ट जिम्मेवार हुनेः दफा १४४ बमोजिम नियुक्त भएको भन्सार एजेन्टले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम गरी मालवस्तुको धनीलाई हानि नोक्सानी पुऱ्याएमा निजले सो नोक्सानी बराबरको रकम तोकिए बमोजिम त्यस्तो मालवस्तुको धनीलाई तिर्नु पर्नेछ।

१४८. इजाजतपत्र निलम्बन र रद्द हुन सक्नेः (१) दफा १२० बमोजिम जरिबाना भएको वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीतको कुनै काम गर्ने वा आफ्नो कर्तव्य पूरा नगर्ने भन्सार एजेन्टलाई भन्सार अधिकृतले एक महिनादेखि छ महिनासम्म निलम्बन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निलम्बन गर्नुअघि सम्बन्धित भन्सार अधिकृतले त्यस्तो भन्सार एजेन्टलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(३) भन्सार एजेन्टले उपदफा (१) बमोजिमको काम तेस्रो पटक पनि गरेमा वा नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य झुट्टा कागजात वा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको देखिएमा भन्सार अधिकृतले निजको इजाजत पत्र रद्द गर्नको लागि उपमहानिर्देशक समक्ष लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लेखिआएमा ईजाजतपत्र रद्द गर्नु अघि उपमहानिर्देशकले त्यस्तो भन्सार एजेन्टलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(५) उपदफा (१) वा (६) बमोजिम निलम्बन भएकोमा त्यस्तो निलम्बन अवधिभर निजले भन्सार सम्बन्धी कुनै काम गर्न पाउने छैन र उपदफा (४) बमोजिम इजाजतपत्र रद्द गरिएको वा उपदफा (७) बमोजिम इजाजतपत्र रद्द भएको भन्सार एजन्टले पुनः भन्सार एजेन्टको इजाजतपत्र प्राप्त गर्न सक्ने छैन।

(६) प्रचलित कानून बमोजिम भन्सार एजेन्टउपर फौज्दारी कसूरको अभियोगमा अदालतमा मुद्दा दायर भएमा मुद्दा दायर भएका मितिदेखि निज स्वतः निलम्वन हुनेछ।

(७) फौज्दारी अभियोगमा अदालतबाट कुनै भन्सार एजेन्ट दोषी प्रमाणित भएमा वा निजको मृत्यु भएमा वा मानसिक सन्तुलन गुमाएमा निजको इजाजतपत्र स्वतः रद्द हुनेछ।

१४९. निवेदन दिन सक्नेः उपमहानिर्देशकले दफा १४८ बमोजिम भन्सार एजेन्टको इजाजतपत्र रद्द गर्ने निर्णय गरकोमा सो निर्णयउपर चित्त नबुझ्ने भन्सार एजेन्टले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ। भन्सार अधिकृतले दफा १४८ बमोजिम भन्सार एजेन्टको इजाजतपत्र निलम्बन गर्ने वा निजलाई जरिबाना गर्ने गरी निर्णय गरकोमा सो निर्णयउपर चित्त नबुझ्ने भन्सार एजेन्टले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र

उपमहानिर्देशक समक्ष निवेदन दिन सक्नेछ । त्यस्तो निवदेनउपर सामान्यतया तीस दिनभित्र निर्णय दिनु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-१८

## जाँचपास पछिको परीक्षण एवं पुनरावलोकन

१५०. जाँचपासपछि परीक्षण गर्न सकिनेः भन्सार कार्यालयबाट जाँचपास भएका मालवस्तु घोषणाकर्ताले घोषणा गरे बमोजिमको मालवस्तु हो वा होइन वा घोषणाकर्ताले गरेको घोषणा अनुरुप भए वा नभएको यकिन गर्न महानिर्देशक वा भन्सार परीक्षकले कुनै घोषणाकर्ताको मालवस्तु खरिद वा बिक्री, निकासी वा पैठारी सम्बन्धी खाता, स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, बैङ्क अभिलेख, कम्प्यूटर प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परीक्षण गर्न सक्नेछ ।

१५१. महसुल निर्धारण गरी घटी भएको महसुल र जरिवाना असुल गर्ने: (१) दफा १५० बमोजिम परीक्षण गर्दा निकासी वा पैठारी गरेका मालवस्तु घोषणाकर्ताले घोषणा गरेकोभन्दा भिन्न मालवस्तु पाईएमा वा निजले गरेको घोषणा अनुरुप नभएको देखिएमा वा कारोबार मूल्य वा मालवस्तुको परिमाण घटी घोषणा गरेको देखिएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा भन्सार परीक्षकले महसुल निर्धारण गरी त्यसरी घटी भएको मूल्य वा परिमाणमा निकासी वा पैठारी हुँदाका बखत लाग्ने महसुल रकम, घटी परिमाण घोषणा गरेबापत घोषणाकर्तालाई यस ऐन बमोजिम हुने जरिवाना रकम र कारोबार मूल्य घटी घोषणा गरेकोमा लाग्ने महसुलको शतप्रतिशत जरिबाना रकम समेत घोषणाकर्ताबाट असुल गर्नेछ ।

(२) यस परिच्छेद बमोजिम परीक्षण गर्दा उपदफा (१) वा दफा १५२ मा उल्लेख भए बाहेकका अन्य कुनै कारणबाट घटी महसुल असुल भएको पुष्टि भएमा यसरी घटी असुल भएको महसुल रकम र सो बराबर जरिवाना रकम समेत घोषणाकर्ताबाट असुल गर्नेछ ।

१५२. जाँचपास पछिको परीक्षण गर्दा गलत वर्गीकरण भएको देखिएमा जरिवाना गर्ने. दफा १५० बमोजिम परीक्षण गर्दा मालवस्तुको वर्गीकरणको उपशीर्षक फरक परेको कारणले कम महसुल असुल भएको देखिएमा त्यस्तो कम महसुल रकम र सो बराबरको जरिबाना रकम भन्सार परीक्षकले घोषणाकर्ताबाट असुल गर्नेछ।

१५३. सम्बन्धित व्यक्तिलाई झिकाउन, बयान गराउन एवं प्रमाण बुझ्न सक्ने. (१) महानिर्देशक वा भन्सार परीक्षकले दफा १५० बमोजिम परीक्षण गर्दा यस ऐन बमोजिम मालवस्तुको सम्बन्धमा खुलाउनु पर्ने कुराहरु खुलाई स्पष्ट घोषणा नभएको देखेमा सम्बन्धित व्यक्तिलाई झिकाउन, बयान गराउन, प्रमाण बुझ्न, लिखत पेश गर्न लगाउन, सूचना वा म्याद जारी गर्न वा निजबाट यस ऐन बमोजिम लाग्ने थप रकम वा जरिबाना असुल गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा जारी गरिएको म्यादमा उपस्थित नहुने वा माग गरिएबमोजिम लिखत प्रमाण वा कागजात पेश नगर्ने घोषणाकर्तालाई महानिर्देशक वा भन्सार परीक्षकले पटकैपिच्छे दश हजार रुपैयाँ जरिबाना गरी निजको निकासी वा पैठारी सम्बन्धी कारोबार रोक्का गरी उपलव्ध भएसम्मका लिखत प्रमाण वा कागजातका आधारमा परीक्षण गर्न सक्नेछ ।

तर यस उपदफा बमोजिम परीक्षण गरिसकेपछि सो घोषणाकर्ताका सम्बन्धमा पछि थप प्रमाण कागजात प्राप्त भएमा त्यस्ता प्रमाण कागजातका आधारमा यस दफाबमोजिम पुनः परीक्षण गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

१५४. थप महसुल वा जरिवाना असुल गर्ने आदेश दिनु पूर्व सफाइ पेश गर्ने मौका दिनु पर्ने: यस परिच्छेद बमोजिम जरिबाना वा थप रकम असुल गर्ने आदेश दिनु पूर्व सम्बन्धित व्यक्तिलाई पन्ध्र दिनको म्याद दिई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

१५५. महसुल वा जरिवाना बुझाउनु पर्ने: (१) यस परिच्छेद बमोजिम निर्धारण भएको महसुल तथा जरिबाना वापतको रकम दाखिला गर्ने आदेश प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो आदेश प्राप्त गर्ने व्यक्तिले सोही आदेशमा तोकिए

बमोजिमको रकम दाखिला गर्नु पर्नेछ ।उक्त अवधिभित्र दाखिला नगरेमा त्यस्तो महसुल तथा जरिबाना दाखिल गर्ने आदेश भएको मितिदेखि वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज समेत गणना गरी असुलउपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम तिर्नु बुझाउनु पर्ने रकम नबुझाउने घोषणाकर्ताको  निकासी वा पैठारी सम्बन्धी कारोवार, बैंक खाता तथा चलअचल सम्पत्ति रोक्का गरी भन्सार परीक्षकले सोही सम्पत्तिबाट त्यस्तो रकम असुल उपर गर्नेछ।

(३) उपदफा (२) बमोजिम निकासी वा पैठारी सम्बन्धी कारोवार, बैंक खाता तथा चलअचल सम्पत्ति रोक्का गर्न लेखिआएमा सम्बन्धित निकायले लेखिआएबमोजिम रोक्का गरी तुरुन्त जानकारी दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम रकम असुल हुन नसकेमा त्यस्तो रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ

१५६. माग गरेको विवरण दिनु पर्ने: महानिर्देशक वा भन्सार परीक्षकले यस परिच्छेदको  प्रयोजनका लागि आवश्यक देखेमा बैंक, वित्तीय संस्था एवं घोषणाकर्ताको कारोबारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित घोषणाकर्ता, निजको कारोबार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैंक खाता, नाफा नोक्सानको हिसाव, कर विवरण, बीजक र यस्तै अन्य कागजात माग गर्न सक्नेछ। यसरी माग गरिएका हिसाव, कर विवरण, बीजक तथा कागजात उपलव्ध गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

१५७. परीक्षण गर्न सकिने अवधि: यस परिच्छेद बमोजिम जाँचपास पछिको परीक्षण मालवस्तु जाँचपास भएको मितिले चार वर्षसम्म गर्न सकिनेछ।

तर कुनै घोषणाकर्ताले झुट्ठा लिखत वा कागजात तयार गरी लाग्ने भन्दा कम महसुल दालिखा गरेको प्रमाणित भएमा भन्सार परीक्षकले महानिर्देशकको अनुमति लिई चार वर्षपछि समेत परीक्षण गर्न सक्नेछ।

१५८. पुनरावलोकन गर्न सक्ने: (१) भन्सार कार्यालयबाट जाँचपास भएका मालवस्तुको प्रज्ञापनपत्र लगायतका निकासी वा पैठारीसँग सम्बन्धित कागजात तथा जुनसुकै स्वरुपका अभिलेखहरु मालवस्तु जाँचपास भएको मितिले पाँच वर्षभित्र महानिर्देशक वा भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले पुनरावलोकन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावलोकन गर्दा असुल गर्नु पर्ने महसुल असूल गर्न छुट भएको देखिएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको घोषणाकर्ताबाट त्यसरी छुट भएको महसुल तोकिए बमोजिम असुल गर्नेछ

(३) उपदफा (१) बमोजिम पुनरावलोकन गर्दा घोषणाकर्ताले नक्कली बिल, बीजक वा कागजात पेश गरेको कारणले महसुलमा फरक पर्न गएको देखिएमा भन्सार अधिकृतले निजलाई सो मालवस्तुको पैठरीको अवस्थामा कायम भएको भन्सार मूल्यको तीन सय प्रतिशत जरिबाना गर्न सक्नेछ।

## परिच्छेद-१९

## महसुल फिर्ता सम्बन्धी व्यवस्था

**१५९.** भन्सार कार्यालयबाटै समदरमा महसुल फिर्ता दिने: दफा ९८ बमोजिम बण्डेड वेयरहाउसको सुविधा वा दफा ७४ बमोजिम नगद धरौटीको सुविधा नलिएका उद्योगहरूले आफूले निकासी गर्ने मालवस्तु उत्पादनको लागि आवश्यक पर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ र नेपालमा उत्पादन नहुने प्याकिङ्ग गर्ने पदार्थ समेत पैठारी गरी सोबाट उत्पादित तयारी मालवस्तु तोकिएको अवधिभित्र तोकिएको प्रक्रिया अनुसार निकासी गरेमा त्यस्तो पदार्थ पैठारी गर्दा भन्सार बिन्दुमा लागेको  महसुल नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिए बमोजिमका मालवस्तुमा तोकिए बमोजिमको मितिदेखि तोकिए बमोजिमको समदरमा भन्सार कार्यालयबाटै फिर्ता दिइनेछ।

**१६०.** पैठारी गरेको मालवस्तु पुनः निकासी गर्दा भन्सार महसुल फिर्ता दिने: नेपालको अन्य राष्ट्रहरूसँग भएका द्विपक्षीय तथा बहुपक्षीय सम्झौता वा सन्धिको प्रतिकूल नहुने गरी नेपालमा पैठारी भएका मालवस्तुहरू देहायबमोजिम पुनः अर्को मुलुकमा निकासी गरेमा पैठारी गर्दा राखेको धरौटी रकमबाट दश प्रतिशत भन्सार महसुलबापत असुल गरी बाँकी रकम फिर्ता दिइनेछ।

(क) पदफा (१) बमोजिम निकासी गर्ने भएमा पैठारीकर्ताले मालवस्तु पैठारीको अवस्थामै सो व्यहोरा उल्लेख गरी भन्सार अधिकृतलाई लिखित अनुरोध गर्नु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम अनुरोध प्राप्त भएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुमा दरबन्दी अनुसार लाग्ने भन्सार महसुल धरौटीमा राखी पैठारी गर्न दिनु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम पैठारी गरेको मालवस्तु छ महिनाभित्र पैठारी गर्दाको अवस्थामा भुक्तानी गरेको विदेशी मुद्रामा नघट्ने गरी विदेशी मुद्रा आर्जन हुने गरी निकासी गर्नु पर्नेछ।

(घ) खण्ड (ग) बमोजिम निकासी गरेपछि विदेशी मुद्रा आर्जन गरेको प्रमाण र निकासी भएको प्रमाण पेश गरेको एक महिनाभित्र भन्सार अधिकृतले उपदफा (१) बमोजिम भन्सार महसुल फिर्ता दिनेछ ।

१६१. भन्सार महसुल वा जरिबाना फिर्ता दिनेः (१) कुनै व्यक्तिले निकासी वा पैठारी गर्दा कानून बमोजिम लाग्नेभन्दा बढी भन्सार महसुल बुझाएको रहेछ वा दफा २६ को उपदफा (११) बमोजिम घोषणा गर्दा भन्सार महसुल बुझाएको र पछि त्यस्तो घोषणा रद्द भएको रहेछ भने सम्बन्धित भन्सार अधिकृतले निजलाई त्यस्तो भन्सार महसुल तोकिए बमोजिम फिर्ता दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा भन्सार महसुल फिर्ता हुने छैनः-

(क) मालवस्तु छुटाएको तीस दिनभित्र त्यस्तो महसुल फिर्ता लिन सम्बन्धित भन्सार कार्यालयमा निवेदन नदिएमा, वा

(ख) फिर्ताको लागि दाबी गरिएको अङ्क एक हजार रुपैयाँभन्दा कम भएमा ।

(३) भन्सार अधिकृतले महसुल वा जरिबाना असुल गर्न गरेको निर्णयउपर यस ऐन बमोजिम परेको पुनरावेदनमाथि निर्णय हुदाँ त्यसरी असूल भएको सबै वा केही महसुल वा जरिबाना नलाग्ने गरी निर्णय भएमा र सो निर्णयउपर समेत पुनरावेदन लाग्ने व्यवस्था भएकोमा भन्सार अधिकृतले पुनरावेदन गरी सोको अन्तिम निर्णय भएपछि वा पुनरावेदनका लागि अनुमति माग गर्नुपर्ने अवस्थामा त्यस्तो पुनरावेदनको अनुमति प्राप्त नभएमा वा अनुमति प्राप्त भएमा सो पुनरावेदनको अन्तिम किनारा भएपछि मात्र भन्सार अधिकृतले सो निर्णय बमोजिम फिर्ता दिनु पर्ने भनी उल्लेख भएको रकम मात्र सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।

## परिच्छेद -२०

## विविध

१६२. बौद्धिक सम्पत्ति उपरको अधिकार उल्लङ्घन हुने गरी उत्पादन गरिएका मालवस्तु निकासी वा पैठारी गर्न नहुनेः (१) प्रचलित कानून बमोजिम कुनै व्यक्तिले प्राप्त गरेको पेटेण्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्ति उपरको अधिकार उल्लङ्घन हुनेगरी उत्पादन गरिएका मालवस्तु निकासी वा पैठारी गर्न पाइने छैन ।

(२) कसैले उपदफा (१) बमोजिमका कुनै मालवस्तु पैठारी वा निकासी गर्न लागेमा सरोकारवाला व्यक्तिले त्यस्तो निकासी वा पैठारी रोक्का गर्न प्रमाण सहित भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु भन्सार कार्यालयमा रोक्का राखी सो सम्बन्धमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखिआएमा त्यस्तो निकाय वा अधिकारीले सो सम्बन्धमा प्रचलित कानून बमोजिम कारबाही टुङ्गो लगाई भन्सार कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निकाय वा अधिकारीले प्रचलित कानून बमोजिम कारबाही गर्दा त्यस्तो मालवस्तु जफत हुने ठहर गरेमा भन्सार अधिकृतले सो मालवस्तु घोषणाकर्ताकै खर्चमा तोकिए बमोजिम नष्ट गर्न सक्नेछ।

(६) कसैले कुनै मालवस्तुको उत्पादक कम्पनी, ब्राण्ड, मोडल, डिजाइन, बनावट, लोगो वा यस्तै कुराको नक्कल गरी तयार पारिएको जाली वा नक्कली (काउण्टरफीट) मालवस्तु पैठारी गरेको वा गर्ने प्रयत्न गरेको कुरामा भन्सार अधिकृतलाई शंका लागेमा निजले सो मालवस्तु नक्कली वा जाली नभएको तथ्यलाई पुष्टि गर्ने प्रमाण पैठारीकर्तासँग माग गर्न, सो मालवस्तुको प्राविधिक परीक्षणका लागि विभाग वा अन्य सरकारी निकायको प्रयोगशालामा पठाई परीक्षण प्रतिवेदन लिन वा जुन उत्पादकको नक्कल गरिएको हो सो उत्पादकसँग सो सम्बन्धमा आवश्यक जानकारी माग गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम पैठारीकर्तासँग प्रमाण माग गरिएकोमा निजले पन्ध्र दिनभित्र त्यस्तो प्रमाण पेश गर्नुपर्नेछ।

(८) उपदफा (६) र (७) बमोजिम पेश गरिएको प्रमाण वा परीक्षण प्रतिवेदन वा उत्पादकबाट प्राप्त जानकारीका आधारमा सो मालवस्तु नक्कली भएको पाइएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी तोकिए बमोजिम नष्ट गर्नेछ।

(९) अन्य प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम नक्कली मानिएको मालवस्तु निकासी वा पैठारी गर्ने वा गर्न प्रयत्न गर्ने कार्यलाई यस दफा वमोजिम कसूर गरेको मानी त्यसो गर्ने व्यक्तिलाई भन्सार अधिकृतले एक लाख देखि पाँच लाख रुपैयासम्म जरिवाना गर्न सक्नेछ।

१६३. निकासी पैठारी संकेत नम्वर लिनुपर्नेः (१) निकासी वा पैठारी गर्ने व्यक्तिले निकासी वा पैठारी गर्ने प्रयोजनका लागि विभाग वा भन्सार कार्यालयबाट तोकिए बमोजिम निकासी वा पैठारी संकेत नम्वर लिनुपर्नेछ। यस्तो संकेत नम्बर नलिई तोकिए बमोजिम बाहेक निकासी वा पैठारी गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम लिएको निकासी वा पैठारी संकेत नम्वर तोकिए बमोजिमको दस्तुर बुझाई तोकिए बमोजिम नविकरण गर्नुपर्नेछ। यसरी समयभित्र नवीकरण नगरेमा त्यस्तो निकासी पैठारी संकेत नम्वर स्वतः रद्द हुनेछ।

(३) निकासी पैठारी संकेत नम्वर नविकरण नभएसम्म निकासी वा पैठारी सम्बन्धी कारोवार गर्न पाइने छैन।

(४) यो ऐन प्रारम्भ हुँदा लिएको निकासी पैठारी संकेत नम्बर यसै ऐन बमोजिम लिएको मानिनेछ।

(५) निकासी पैठारी संकेत नम्वर नलिई वा लिएको भए पनि नविकरण नगरी निकासी वा पैठारी गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।

(६) निकासी वा पैठारी संकेत नम्बर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६४. अभिलेख राख्नु पर्नेः (१) मालवस्तुका धनीले कुनै पनि मालवस्तुको निकासी वा पैठारीसँग सम्बन्धित तोकिए बमोजिमका कागजातहरु एवं सो सम्बन्धी अभिलेख मालवस्तु निकासी वा पैठारी भए गरेको मितिले कम्तिमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम तोकिए बमोजिमका कागजातहरु एवं सो सम्बन्धी अभिलेख कम्तिमा पाँच वर्षको अवधिसम्म सुरक्षित नराखेमा त्यस्तो मालवस्तु धनीले यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।

१६५. चोरी निकासी वा चोरी पैठारीको मालवस्तु पक्राउ गर्ने वा सुराक दिने व्यक्तिलाई पुरस्कार दिनेः (१) कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गर्न लागेको वा गरेको कुराको सुराक दिने वा त्यस्तो मालवस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिला गर्ने कर्मचारी वा व्यक्तिलाई त्यस्तो कार्य प्रमाणित हुन आएमा तोकिए बमोजिम पुरस्कार दिइनेछ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार सम्बन्धित भन्सार कार्यालयले त्यस्तो चोरी निकासी वा चोरी पैठारी भएको मालवस्तु लिलाम बिक्री गरी प्राप्त हुन आएको रकमबाट दिइनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि चोरी निकासी वा चोरी पैठारीको सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा विभागद्वारा तोकिए बमोजिम महानिर्देशकले तत्काल दश हजार रुपैयाँसम्म सुराकी खर्च दिन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अर्थमन्त्रालयले त्यस्तो मालवस्तु कुनै सरकारी निकायलाई प्रयोग गर्न दिने निर्णय गरेमा सो निकायले तोकिएको समितिबाट सो मालवस्तुको मूल्य निर्धारण गराई सो मूल्यको आधारमा उपदफा (१) बमोजिमको पुरस्कारको रकम सम्बन्धित भन्सार कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ र भन्सार कार्यालयले सो रकम सुराकी र पक्राउ गर्ने सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनेछ।

(५) भन्सार कार्यालयले उपदफा (१) बमोजिम चोरी निकासी वा पैठारीको सुराक दिने सुराकीको नाम, थर र विवरण गोप्य राख्नु पर्नेछ।

(६) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको सुराकीको नाम, थर र विवरण कानून बमोजिम अनुसन्धान गर्ने निकायले अनुसन्धानको सिलसिलामा वा अदालतबाट माग भएकोमा बाहेक कुनै व्यक्ति वा निकायलाई उपलब्ध गराउन भन्सार अधिकृत बाध्य हुने छैन र सुराकी दिएको कारणले मात्र निजलाई कुनै अदालत, निकाय वा कार्यालयमा उपस्थित हुन बाध्य गरिने छैन।

(७) सुराकी प्रतिवेदन लिने तथा पुरस्कार वितरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६६. विलम्ब शुल्क लाग्नेः (१) भन्सार कार्यालयले सञ्चालन गरको भन्सार वेयरहाउसमा रहेका मालवस्तुहरु त्यस्तो मालवस्तुको धनीले तीन दिनभित्र जाँचपास गराई नलगेमा तोकिए बमोजिमको विलम्ब शुल्क (डेमरेज) लाग्नेछ।

तर, मालवस्तुको मूल्याङ्कन वा वर्गीकरण गर्न द्विविधा भई वा अन्य कुनै कारणले भन्सार अधिकृतकै कारणबाट जाँचपास हुन नसकेको अवधिको विलम्ब शुल्क लाग्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मालवस्तुमा लागेको विलम्ब शुल्क कुनै खास परिस्थिति वा अवस्था सिर्जना भएका कारणले मिनाहा दिनु पर्ने मनासिब कारण भएमा तोकिएको अधिकारीले तोकिए बमोजिम आंशिक वा पूर्णरुपले मिनाहा दिन सक्नेछ।

१६७. अस्थायी पैठारीः (१) देहाय बमोजिमको शर्त एवं प्रक्रियाको अधीनमा रही पूर्ण वा आंशिक भन्सार महसुल छुट दिई तोकिए बमोजिम नेपालमा मालवस्तु अस्थायी पैठारी गर्न दिइनेछः

(क) अस्थायी पैठारी गर्न खोजिएको मालवस्तु नेपालभित्र निकासी वा पैठारीको लागि मनाही वा प्रतिबन्धित भएको हुनु हुदैन।

(ख) मालवस्तु अस्थायी पैठारीको लागि घोषणा गर्दा मालवस्तुको मूल्य लगायत मालवस्तुसँग सम्बन्धित सम्पूर्ण विवरण खुलाउनु पर्नेछ।

(ग) उपदफा (१) बमोजिम अस्थायी पैठारी हुने मालवस्तुमा लाग्न सक्ने महसुल अस्थायी रुपमा निर्धारण गरिनेछ।

(घ) खण्ड (ग) बमोजिम निर्धारण भएको महसुल त्यस्तो मालवस्तु निकासी नभएसम्मको लागि धरौटी लिइनेछ।

(२) कुनै मालवस्तु पैठारी हुँदा सो मालवस्तुको उपयोग र परिवहनका लागि त्यस्तो मालवस्तुसँगै आपूर्ति हुने, बारम्बार प्रयोगमा आउने र मालवस्तुको प्रयोग गर्दासम्म खाली गर्न नसकिने किसिमका ग्यासका सिलिण्डर वा फलफूल वा तरकारी राख्ने क्रेट जस्ता मालवस्तुहरु पछि निकासी गर्ने शर्तमा लाग्ने महसुल धरौटी लिई तोकिए बमोजिम महसुल छुटमा अस्थायी पैठारी गर्न दिइनेछ।

(३) नेपालमा लाग्ने मेला वा प्रदर्शनीमा बिक्री वितरण वा प्रदर्शनका निमित्त पैठारी हुने मालवस्तुमा लाग्ने महसुल धरौटी लिई तोकिए बमोजिम अस्थायी पैठारी गर्न दिइनेछ।

(४) उपदफा (३) बमोजिम लाग्ने मेला प्रदर्शनी सम्बधित देशले आयोजना गरेको वा सम्बधित देशको स्वीकृति लिई आयोजना गरिएको र निश्चित स्थान एवं अवधि तोकिएको हुनुपर्नेछ।

(५) हवाई सेवा सञ्चालन गर्ने गरी दर्ता भएको हवाई कम्पनीले हवाईजहाज वा हेलिकोप्टरको इन्जिन मर्मत गर्नु पर्ने भई त्यस्तो इन्जिन मर्मत गर्न लाग्ने अवधिको लागि विदेशबाट भाडामा इन्जिन पैठारी गर्नु परेमा लाग्ने भन्सार महसुल बराबरको बैङ्क जमानत भन्सार कार्यालयमा राखी बढीमा छ महिनासम्मको लागि तोकिए बमोजिम अस्थायी पैठारी गर्न सक्नेछन् । सो अवधिभित्र त्यस्ता इन्जिनहरु फिर्ता लगेमा बैङ्क जमानत फुकुवा गरिनेछ र सो अवधिभित्र फिर्ता नलगेमा नियमित पैठारी गरेसरह महसुल असुल गरिनेछ ।

(६) कुनै मालवस्तु मर्मत गर्नका लागि विदेशबाट नेपालमा ल्याँउदा लाग्ने महसुल धरौटी लिई तोकिए बमोजिम अस्थायी पैठारी गर्न दिइने छ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा देहाय बमोजिम हुनेछ:

(क) प्रचलित आर्थिक ऐनमा प्रतिदिन महसुल लाग्ने गरी अस्थायी पैठारी गर्न दिने व्यवस्था भएका सवारी साधन तथा अन्य मालवस्तुका सम्बन्धमा सोही बमोजिम हुनेछ।

(ख) नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको सार्वजनिक संस्था वा कूटनीतिक नियोगको सिफारिशमा अस्थायी पैठारी हुने मालवस्तु भन्सार अधिकृतले धरौटी नलिई छाड्न सक्नेछ।

(ग) नेपालसँग भएको दुई पक्षीय वा क्षेत्रीय सन्धि वा सम्झौतामा सवारी साधनको अस्थायी पैठारी सम्बन्धमा उल्लेख भएको विषयमा सोही बमोजिम हुनेछ।

स्पष्टीकरणः "अस्थायी पैठारी" भन्नाले नेपालमा उपभोग वा खपत नगर्ने र तोकिएको शर्तको अधिनमा रही पुनः निकासी गर्ने गरी पैठारी हुने मालवस्तुलाई सम्झनु पर्दछ ।

१६८. **अस्थायी निकासी:** (१) देहाय वमोजिमको उद्देश्यको लागि तोकिए बमोजिमका शर्त एवं प्रक्रियाको अधीनमा रही कुनै मालवस्तु पछि फिर्ता ल्याउने शर्तमा महसुल छुटमा अस्थायी निकासी गर्न दिइनेछः

(क) कुनै मालवस्तुको कच्चापदार्थ प्रशोधन वा निर्माणको लागि विदेश लगी सोबाट निर्मित वा उत्पादित तयारी मालवस्तु पैठारी गर्दा सो मालवस्तुको उत्पादन वा निर्माण गर्दा भएको मूल्य अभिबृद्धि र नेपालबाट उक्त कच्चापदार्थ उत्पादन वा निर्माण स्थलसम्म लैजादा र तयारी मालवस्तु भन्सार कार्यालयसम्म फिर्ता ल्याउदा लागेको वा लाग्न सक्ने लागतको मूल्यमा मात्र महसुल लाग्नेछ।

(ख) कुनै मालवस्तु पैठारी वा निकासी हुँदा सो मालवस्तुको उपयोग र परिवहनका लागि त्यस्तो मालवस्तुसँगै आपूर्ति हुने, बारम्बार प्रयोगमा आउने र मालवस्तुको प्रयोग गर्दासम्म खालि गर्न नसकिने किसिमका ग्यासका सिलिण्डर वा फलफूल वा तरकारी राख्ने क्रेटहरु जस्ता मालवस्तुहरु पछि पैठारी गर्ने हुने शर्तमा तोकिए बमोजिम महसुल छुटमा अस्थायी रुपमा निकासी गर्न दिइनेछ।

(ग) कुनै व्यक्तिले आफूले पैठारी गरेको वा नेपालभित्र खरिद गरेको बस वा ट्रकको चेसिस तोकिएको अवधिभित्र बस वा ट्रक बनाउनको लागि निकासी गर्न चाहेमा महसुल छुटमा स्थायी निकासी गर्न दिइनेछ। यसरी निकासी भएको बस वा ट्रकको चेसिसमा तोकिएको अवधिभित्र बस वा ट्रक बनाई पुनः पैठारी गर्दा सो बस वा ट्रक तयार गरी ल्याउँदा लागेको मूल्यमामात्र लाग्ने महसुल असुल गरिनेछ।

**(घ)** विदेशमा कार्य गर्ने गरी ठेक्का प्राप्त गरेका नेपाली व्यक्तिले उक्त कार्यको लागि आवश्यक पर्ने सवारी तथा ढुवानीका साधानहरु, यन्त्र, उपकरणहरु तथा तिनका पार्टपुर्जाहरु बिना महसुल निकासी गर्न दिइनेछ। यसरी निकासी भएमा निकासी भएका मालवस्तु कार्य सम्पन्न भएपछि फिर्ता ल्याउँदा महसुल लाग्ने छैन ।

**(ङ)** नेपालमा उत्पादित मालवस्तु गुणस्तर परीक्षण गराउन निकासी गर्नु परेमा त्यस्तामालवस्तु तोकिएको अबधिभित्र फिर्ता ल्याउने गरी महसुल छुटमा निकासी गर्न दिइने

(च) कुनै मालवस्तु मर्मत गरी फिर्ता ल्याउने शर्तमा महसुल छुटमा तोकिए बमोजिम अस्थायी निकासी गर्न दिइनेछ। यसरी मर्मत गर्न लगेको मालवस्तु तोकिएको अवधिभित्र मर्मत गरी फिर्ता ल्याउदा मर्मतमा लागेको लागतमामात्र महसुल लाग्नेछ।

(छ) विदेशी मुलुकमा लाग्ने मेला वा प्रदर्शनीमा बिक्री वितरण वा प्रदर्शनका निमित्त निकासी गर्ने मालवस्तु तोकिए बमोजिम महसुल छुटमा निकासी गर्न दिइनेछ।

(ज) खण्ड (छ) बमोजिम लाग्ने मेला प्रदर्शनी सम्बधित देशले आयोजना गरेको वा सम्बधित देशको स्वीकृति लिई आयोजना गरिएको र निश्चित स्थान एवं अवधि तोकिएको हुनुपर्नेछ।

(झ) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको सार्वजनिक संस्था वा कूटनीतिक नियोगको सिफारिशमा निकासी गरिने मालवस्तु भन्सार अधिकृतले अभिलेख धरौटी नलिई छाड्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मालवस्तु अस्थायी निकासी गर्ने अनुमति दिंदा भन्सार अधिकृतले सुरक्षणको लागि तोकिए बमोजिमको नगद धरौटी वा बैङ्क जमानत लिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुरामा देहाय बमोजिम हुनेछ:-

(क) परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक नियोगले कुनै मालवस्तु मर्मत गर्न निकासी गर्दा र मर्मत गरी पैठारी गर्दा धरौटी वा बैङ्क जमानत लिइने छैन।

(ख) हवाईजहाज वा हेलिकोप्टरका इन्जिन सम्बन्धित वायुसेवा कम्पनीको जमानीमा तोकिएको अवधिभित्र मर्मत गरी फिर्ता ल्याउने शर्तमा निकासी गर्दा धरौटी वा बैङ्क जमानत लिइने छैन।

स्पष्टीकरणः "अस्थायी निकासी" भन्नाले विदेशमा उपभोग वा खपत नगर्ने र तोकिएको शर्तको अधिनमा रही पुनः पैठारी गर्ने गरी निकासी गर्ने मालवस्तुलाई सम्झनु पर्दछ ।

१६९. मालधनीले खर्च व्यहोर्नु पर्नेः मालवस्तुहरु बोक्ने, जाँच्न र खोल्नको लागि उचित ठाउमा पुऱ्याउने, यन्त्रमा राख्ने र झिक्ने, खोल्ने, छुट्याउने र मालवस्तुको वा सो मालवस्तु रहेको कन्टेनर, बाकस, झोला, प्याकेट, बोरा वा यस्तै अन्य प्याकिङ्ग सामग्रीमा चिन्ह लगाउने आदि काम मालवस्तुधनीले आफ्नै खर्चमा गर्नु पर्नेछ ।

१७०. गोपनीयता सम्वन्धी व्यवस्थाः (१) प्रचलित अन्य कानूनमा जुनसुकै कुरा उल्लेख भए तापनि घोषणाकर्ताले भन्सार कार्यालयमा पेश गरेका गोपनीयता कायम राख्नु पर्ने प्रकृतिका भन्सार मूल्याङ्कन सम्बन्धी सूचनाहरु, मालवस्तु जाँचपाससँग सम्बन्धित कागजातहरु र अन्य व्यक्तिगत व्यावसायिक सूचनाहरु गोप्य राखिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मालवस्तुका सम्वन्धमा प्रचलित कानून बमोजिम अनुसन्धानको लागि तोकिएको अधिकार प्राप्त अधिकारीबाट त्यस्तो अनुसन्धान वा लेखा परीक्षणको प्रयोजनका लागि वा अदालतवाट न्यायिक कारवाहीको प्रयोजनका लागि माग भएको अवस्थामा भन्सार अधिकृतले त्यस्तो कागजात एवं सूचनाहरु उपलब्ध गराउन सक्नेछ।

(३) मालवस्तुधनी वा निजले नियुक्त गरेको भन्सार एजेन्टले माग गरेमा भन्सार अधिकृतले भन्सार कार्यालयमा रहेको आफ्नो मालवस्तु जाँचपाससँग सम्बन्धित प्रज्ञापनपत्र, वीजक वा अन्य कागजातको प्रमाणित प्रतिलिपि तोकिए बमोजिमको दस्तुर लिई तोकिए बमोजिम दिन सक्नेछ।

१७१. समाह्वान वा पक्राउ पूर्जी **जारी गर्ने:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएतापनि यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दामा उजुरीसाथ उपस्थित नभएका अभियुक्तलाई उपस्थित गराउन भन्सार अधिकृतले सम्बन्धित अभियुक्तका नाममा पन्ध्रदिनको म्याद दिई तोकिए बमोजिम समाह्वान जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको समाह्वानको म्याद थमाउन पाइने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि अभियुक्त भागी पक्राउ हुन नसक्ने सम्भावना छ भन्ने विश्वास गर्नु पर्ने मनासिव कारण भएमा वा समाह्वानमा तोकिएको म्यादमा अभियुक्त भन्सार कार्यालयमा उपस्थित नभएमा त्यस्तो अभियुक्तको हकमा भन्सार अधिकृतले तोकिए बमोजिम पक्राउ पूर्जी जारी गर्न सक्नेछ।

१७२. सूचना जारी गर्ने तरिकाः यस ऐन र यस अन्तर्गत बनेको नियममा छुट्टै व्यवस्था भएकोमाबाहेक भन्सार कार्यालयको काम कारबाहीसँग सरोकार भएको वा हुनसक्ने व्यक्तिको नाममा सो कार्यालयले व्यक्तिगत वा सार्वजनिक सूचना जारी गर्दा पन्ध्र दिनको अवधि दिई तोकिए बमोजिम सूचना जारी गर्नु पर्नेछ।

१७३. अधिकार प्रत्यायोजन गर्न सक्नेः (१) नेपाल सरकारले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले पाएको सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी महानिर्देशक वा सो सूचनामा तोकिएको अरु कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७४. अर्थ मन्त्रालयले अधिकारी तोकी अधिकार सुम्पन सक्नेः यस ऐन अन्तर्गत भन्सार अधिकृत वा भन्सार परीक्षकलाई भएको सबै वा केही अधिकार अर्थ मन्त्रालयले कुनै अधिकारीलाई सुम्पन सक्नेछ।

१७५. अर्थ मन्त्रालयले कुनै अधिकारीलाई तोक्न सक्नेः (१) भन्सार अधिकृत वा अन्य कर्मचारी समेत मिली यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गर्न लागेको वा गरिरहेको वा गरेको छ भन्ने उजूरी परेमा अर्थ मन्त्रालयले सो काम सम्बन्धी कारबाही गर्न अर्को भन्सार अधिकृत वा अन्य अधिकारीलाई तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अधिकारीले त्यस्तो कारबाही यस ऐन बमोजिम गर्नु पर्नेछ।

१७६. अदालतलाई भए सरहको अधिकार हुनेः यस ऐनको प्रयोजनका लागि भन्सार अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने र मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम शुरु अदालतलाई भए सरहको अधिकार हुनेछ।

१७७. सहयोग गर्नुपर्नेः (१) भन्सार अधिकृत वा भन्सार कार्यालयका अन्य कर्मचारीले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफ्नो कर्तव्य पालन र अधिकार प्रयोग गर्दा कुनै सरकारी कर्मचारी, प्रहरी वा वित्तीय संस्थासँग कुनै प्रकारको सहयोग, सूचना वा मद्दत माग गरेमा त्यस्तो सहयोग, सूचना वा मद्दत दिनु त्यस्तो वित्तीय संस्था, प्रहरी वा कर्मचारीको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम भन्सार अधिकृत वा भन्सार कार्यालयका अन्य कर्मचारीले आफ्नो कर्तव्य वा अधिकारको प्रयोग गर्दा माग गरे बमोजिमको सहयोग वा मद्दत नगर्ने वा माग गरे बमोजिमको सूचना उपलव्ध नगराउने सरकारी कर्मचारी वा प्रहरी वा वित्तीय संस्थाको जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम कसूर गरेको मानिने छ।

१७८. अन्य निकायले हस्तक्षेप गर्न नहुनेः (१) निकासी वा पैठारीको लागि भन्सार कार्यालयको क्षेत्र वा परिसर वा भन्सार वेयरहाउसमा रहेको मालवस्तु सो कार्यालयबाट जाँचपास भई भन्सार क्षेत्रबाट नहटाइएसम्म सो मालवस्तुका सम्बन्धमा कुनै अधिकारी वा निकायले कुनै प्रकारको हस्तक्षेप गर्न हुदैन।

(२) कुनै मालवस्तुका सम्बन्धमा अनुसन्धान वा छानबिन गर्न प्रचलित कानून बमोजिम खटिएको अधिकारी वा निकायले भन्सार अधिकृतको स्वीकृति लिई मालवस्तु हेर्ने वा नमूना सङ्कलन गर्ने कार्य बाहेक अन्य कुनै अधिकारी वा निकायले हस्तक्षेप गरेमा वा गर्ने प्रयत्न गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।

१७९. आदेश जारी गर्न सक्नेः (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ हटाउनको लागि अर्थ मन्त्रालयले यस ऐनको प्रतिकूल नहुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) भन्सार मूल्य निर्धारण वा मालवस्तु जाँचपास वा भन्सार प्रक्रिया सम्बन्धी अन्य कुनै कुरामा भन्सार अधिकृतलाई द्विविधा भएमा वा यस प्रकारका कार्य सम्पादनमा कुनै बाधा अड्काउ परेमा महानिर्देशकले त्यस्तो द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन भन्सार अधिकृतलाई यस ऐनको प्रतिकूल नहुने गरी उपयुक्त आदेश दिन सक्नेछ ।

१८०. कारबाही गर्ने अधिकारः (१) भन्सार क्षेत्र बाहेक अन्यत्रबाट महसुल छली ल्याएका मालवस्तु कसैले पक्राउ गरी यस ऐन बमोजिम कारबाहीको लागि पेश गरेकोमा त्यस्तो मालवस्तु सम्बन्धमा कारबाही गर्ने अधिकार महानिर्देशकले तोकेको कुनै भन्सार अधिकृतलाई र त्यस्तो अधिकृत नतोकिएकोमा जुन भन्सार कार्यालयमा पेश गरिएको छ सो भन्सार कार्यालयको भन्सार अधिकृतलाई हुनेछ ।

१८१. नियम बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले निकासी वा पैठारी हुने मालवस्तुका सम्बन्धमा उत्पत्तिको नियम बनाउन सक्नेछ ।

१८२. निर्देशिका तथा कार्यविधि बनाउन सक्नेः विभागले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही देहायका विषयमा निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ:-

(क) मालवस्तुको भन्सार मूल्याङ्कन सम्बन्धी;

(ख) जाँचपासपछिको परीक्षण सम्बन्धी;

(ग) राहत सामग्री जाँचपास सम्बन्धी;

(घ) विद्युतीय घोषणा, जाँचपास एवं राजस्व भुक्तानी सम्बन्धी;

(ङ) भन्सारको कार्यसम्पादनसँग सम्बन्धित अन्य विषय सम्बन्धी ।

१८३. खारेजी तथा बचाउः (१) भन्सार ऐन, २०६४ खारेज गरिएको छ ।

(२) भन्सार ऐन, २०६४ बमोजिम स्थापना भएको भन्सार विभाग, तोकिएको भन्सार क्षेत्र तथा भन्सार कार्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछन् ।

(३) भन्सार ऐन, २०६४ अन्तर्गत भएका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेका मानिनेछन्।